आधारभूत तह, कक्षा १ का लागि

# एकीकृत पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन

## २०७६

## नेपाली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN :

© सर्वाधिकार प्रकाशकमा

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यसामग्री सम्बन्धमा सुझाव भए्मा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ ।

पहिलो संस्करण : वि. सं. २०७६

मूल्य : रु.

मुद्रक :

वितरक :

तपाईंले किनेको पाठ्यसामग्रीमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा वितरक अथवा स्थानीय विक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुने छ ।

- मुद्रक तथा वितरक

# हाम्रो भनाइ

शिक्षण सिकाइको सफलताका लागि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन आवश्यक छ । पाठ्यक्रम निर्माता, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सम्बद्ध सरोकारवालाको रचनात्मक सक्रियताबाट पाठ्यक्रमको कार्यान्वयन हुन्छ । पाठ्यक्रमका उद्देश्यलाई सिकाइ क्रियाकलापका माध्यमले कक्षाकोठामा रूपान्तरण गर्नु र विद्यार्थीमा अपेक्षित सक्षमता प्राप्तिसहित पाठ्यक्रम परिमार्जन योजनाका लागि पृष्ठपोषण प्राप्त गर्नु पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया हो । पाठ्यक्रम निर्माणपछि सिकाइ सहजीकरणको योजना निर्माण, सिकाइ सहजीकरण विधि र प्रक्रिया छनोट, विद्यार्थी सक्रियताका लागि क्रियाकलाप, विषयगत शिक्षण विधि, सिकाइ सामग्रीको व्यवस्थापन तथा सिकाइ उपलब्धिको प्रायोगिक आकलन जस्ता पक्ष पाठ्यक्रम कार्यान्वयनका सूचक हुन् । यस पक्षलाई दृष्टिगत गर्दै आधारभूत तहको कक्षा १-३ का लागि विकास गरिएको एकीकृत पाठ्यक्रमका बहुविषयगत थिमहरूबिच विद्यार्थीको सिकाइ र सक्रियतालाई अन्तरसम्बन्धित गर्दै सिकाइ सहजीकरण गरी पाठ्यक्रमको सफल कार्यान्वयन गर्न यो एकीकृत पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७६ विकास गरिएको छ ।

नेपाली भाषा विषयको कक्षा १ को पाठ्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि विकास गरिएको यस मार्गदर्शनको विकास सुरुमा श्री शेखर अर्याल, श्री पुरुषोत्तम घिमिरे र श्री इन्दु खनालबाट भएको हो । परीक्षणबाट प्राप्त पृष्ठपोषणसमेतमा आधारित भई यस पुस्तकको परिमार्जन तथा सम्पादन गर्ने कार्य लेखक समूहसहित डा. रामप्रसाद ज्ञवाली, डा. देवी नेपाल, श्री हरिहर तिमल्सिना, श्री गणेशप्रसाद भट्टराई, श्री टुकराज अधिकारी र श्री चिनाकुमारी निरौलाबाट भएको हो । मार्गदर्शनलाई यस स्वरूपमा ल्याउने कार्यमा डा. लेखनाथ पौडेल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. जानुका नेपाल, डा. गीता खरेल, श्री नारायणजङ्ग थापा, श्री विष्णुप्रसाद अधिकारी र श्री ध्रुव ढुङ्गानाको विशेषण योगदान रहेको छ । यस मार्गदर्शनको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनको प्राथमिक कारकका रूपमा लिइन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनका लागि सहजीकरण गर्दा शिक्षकले विषयवस्तुको प्रकृति र कक्षा वातावरणअनुसार आगमन, भूमिका निर्वाह/अभिनय, निर्माणात्मक कक्षा, सहयोगात्मक कक्षा, छलफल र प्रश्नोत्तर, अन्वेषण, अनुसन्धान तथा खोज, प्रविधियुक्त कक्षा, कथाकथन एवम् सिर्जनात्मक कार्य, समस्या समाधान, खेल, प्रयोग, भ्रमण, प्रदर्शन, स्वाध्ययन, अन्तर्क्रियाजस्ता विधिको समुचित प्रयोग गर्नुपर्छ । विद्यार्थीको सिकाइ सुनिश्चित गर्न कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी, लिखित तथा मौखिक प्रश्नोत्तर, कक्षा सहभागिता, छोटा परीक्षा, कार्य प्रदर्शन, घटनावृत्त अभिलेख आदिको प्रयोग गर्नुपर्छ । यसरी सिकाइ उपलब्धिको मूल्याङ्कन गरी सरोकारवालाहरूसँग सिकाइ सूचनाको आदानप्रदान गरेर विद्यार्थीलाई न्यूनतम सिकाइ क्षमता प्रदर्शन गर्न सक्ने बनाउनु पाठ्यक्रमको मूल ध्येय हो । यसलाई अझ परिष्कृत पार्नका लागि प्रयोगकर्ता शिक्षकलगायत सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.स. २०७६

**पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तहगत सक्षमता | २ |
| ३. | कक्षागत सिकाइ उपलब्धि (कक्षा १) | ३ |
| ४. | कक्षा एकको नेपालीभाषा शिक्षणका लागि निर्धारित विषयगत क्षेत्रहरू | ४ |
| | विषयक्षेत्र १ : म र मेरो परिवार | ४ |
| | विषयक्षेत्र २ : मेरो दैनिक जीवन | १३ |
| | विषयक्षेत्र ३ : हाम्रो समुदाय | २१ |
| | विषयक्षेत्र ४ : हाम्रो विद्यालय | २८ |
| | विषयक्षेत्र ५ : हाम्रो वातावरण | ३५ |
| | विषयक्षेत्र ६ : मेरो सिर्जना | ४२ |
| | विषयक्षेत्र ७ : रुचि र बानी | ५२ |
| | विषयक्षेत्र ८ : हाम्रो संस्कृति | ५९ |
| | विषयक्षेत्र ९ : सञ्चार, प्रविधि र बजार | ६७ |
| | विषयक्षेत्र १० : हाम्रो क्रियाकलाप | ७६ |
| | विषयक्षेत्र ११ : हाम्रो वरपरको संसार | ८७ |
| ५. | सिकाइ सहजीकरण प्रक्रिया | ९४ |
| ६. | नेपाली विषयमा प्रयोग हुने केही शैक्षणिक सामग्रीहरूको सूची | ९६ |
| ७. | शिक्षणका लागि समय विभाजन (साप्ताहिक) | ९८ |

# १. परिचय

कक्षा १ मा नेपाली भाषाका लागि म र मेरो परिवार, मेरो दैनिक जीवन, हाम्रो समुदाय, हाम्रो विद्यालय, हाम्रो वातावरण, मेरो सिर्जना, रुचि र बानी, हाम्रो संस्कृति, सञ्चार, प्रविधि र बजार, हाम्रो क्रियाकलाप एवम् हाम्रो वरपरको संसार गरी ११ विषयक्षेत्रमा विषयवस्तुहरू संयोजन गरिएको छ । उक्त आधारमा विषयवस्तुको संयोजन गर्दा वर्ण पठन तथा लेखनपूर्वको चरण, स्वर वर्णको पहिचान एवम् प्रयोग र मात्रा पहिचान, व्यञ्जन वर्ण र मात्राको पहिचान तथा प्रयोग, शब्दमा प्रयुक्त ध्वनि पहिचान र उच्चारण एवम् हलन्त वर्णको पहिचान र प्रयोगलाई सिकाइ क्षेत्रका रूपमा उपयोग गर्दै यसको क्रमागत स्तरीकरण गरिएको छ । अतः सिकाइ क्षेत्र र यसको क्रमागत स्तरीकरणका आधारमा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तकबिच अन्तरसम्बन्ध स्थापना गरी प्रभावकारी एवम् गुणस्तरीय सिकाइ सहजीकरणका लागि उपयोगी हुने गरी यो पाठ्यक्रम कार्यान्वयन निर्देशिका विकास गरिएको छ । यसले सिकाइ क्षेत्रका विषयवस्तुअनुसारको सान्दर्भिक सिकाइ क्रियाकलापको नमुना छनोट र प्रयोग गर्न सहयोग गर्छ ।

पाठ्यक्रममा निर्धारित विषयवस्तुका आधारमा एकीकृत शिक्षण योजना तयारी, विद्यार्थी परीक्षण र मूल्याङ्नका उचित तौरतरिका पहिचान तथा प्रयोगका लागि यो निर्देशिका विकास गरिएको हो । अतः यस मार्गनिर्देशन पुस्तिकामा प्रत्येक विषयक्षेत्र वा एकाइमा एकाइ वा विषयक्षेत्रको परिचय, सिकाइ उपलब्धिको विस्तृतीकरण, एकाइ वा विषयक्षेत्रको मुख्य विषयवस्तु /दृष्टिकोण, सिकाइ वा खोजको मार्ग, सिकाइ उपलब्धि प्राप्तिका लागि सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलापका नमुना तथा नमुना मूल्याङ्कन साधन समावेश गरिएको छ । अर्थात् विषयक्षेत्रगत सिकाइ उपलब्धि तथा व्यवहारकुशल सिपको अध्ययन, पाठ्यक्रम, शिक्षक निर्देशिका र कार्यपुस्तकबिच उचित तालमेल कायम गरी क्रियाकलाप सञ्चालन, विषयवस्तुको क्रम, सिकाइ श्रृङ्खला तथा भिन्न भिन्न विषय वा सिकाइ क्षेत्रका पाठहरूको एकीकरण गरी एकीकृत क्रियाकलाप योजना तयारी, निर्देशिकामा भएबाहेकका अन्य सान्दर्भिक क्रियाकलाप विकास र प्रयोग योजना निर्माण जस्ता क्रियाकलापका लागि यो निर्देशिका उपयोगी हुने देखिन्छ ।

यस सामग्रीमा परिचय, नेपाली विषयको तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, कक्षा एकको नेपाली भाषा शिक्षण योजना निर्माणका लागि विषयक्षेत्रगत योजनाका नमुनाहरू, सिकाइ सहजीकरण प्रक्रिया, नेपाली विषय शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरूको सूची र शिक्षण सिकाइका लागि समय विभाजन उल्लेख गरिएको छ । यसमा बहुविषयगत विषयक्षेत्र रहेका छन् । बहुविषयगत विषयक्षेत्रमा विद्यार्थीको सिकाइलाई विभिन्न विषयमा कसरी अन्तरसम्बन्धित गर्न सकिन्छ भन्ने कुरासमेत विचार गरेर शिक्षकहरूले समूहमा शिक्षण सिकाइ योजना निर्माण गर्नु उपयुक्त हुन्छ । यसबाट विभिन्न विषयक्षेत्रका विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न र सिकाइलाई सान्दर्भिक बनाउन सहयोग पुग्दछ । त्यस्ता क्रियाकलापहरू छनोट तथा कार्यान्वयन गर्दा स्थानीय सन्दर्भअनुसार समान स्तर र सन्दर्भ भएका विषयवस्तु परिवर्तन गर्न, क्रम परिवर्तन गर्न, थप्न वा घटाउन गर्न सकिन्छ । विद्यार्थीहरूमा ज्ञान मात्र भन्दा सिप, व्यवहार तथा आचरण विकासमा हुने गरी क्रियाकलापहरूको प्रस्तुति र सुधार गर्नुपर्छ । सिकाइ सहजीकरण क्रियाकलापमा शिक्षक सहभागिताको तुलनामा विद्यार्थी सहभागिताको समय निकै धेरै हुनुपर्छ । शिक्षकले सहजकर्ता, उत्प्रेरक, सिकाइको योजनाकार तथा सहयोगीका रूपमा भूमिका खेल्नुपर्छ । व्यक्तिगत सिकाइ गति, विविधता तथा तौरतरिकाअनुकूल हुने गरी सिकाइ क्रियाकलाप व्यवस्थापन गर्नुपर्छ ।

# २.  तहगत सक्षमता

यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित समक्षता हासिल हुने छन् :

१. कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा दोहोरो सञ्चार
२. चित्र, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र अभिव्यक्ति
३. शब्दमा ध्वनि र अक्षरको शुद्ध उच्चारण
४. वर्ण, मात्रा र शब्दको सङ्केतन र विसङ्केतन गरी शुद्ध बोलाइ र लेखाइ
५. प्रवाहपूर्ण पठन, उपयुक्त बोध र अभिव्यक्ति
६. श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको बोधसहितको भाषिक कार्य
७. मौखिक र लिखित अभिव्यक्तिमा सिर्जनात्मक तथा समालोचनात्मक शिल्पको प्रयोग

# ३. कक्षागत सिकाइ उपलब्धि (कक्षा १)

यस कक्षाको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने छन् :

१. कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न

२. पारिवारिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न

३. सङ्केतक जोडी विभिन्न आकृति र चित्र निर्माण गर्न

४. स्वर वर्ण पहिचान गरी उच्चारण गर्न

५. व्यञ्जन वर्ण पहिचान गरी उच्चारण र वर्ण विभेदीकरण गर्न

६. पाठमा प्रयुक्त दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्द पढ्न

७. पढेका वर्ण तथा मात्राको सङ्केतन र विसङ्केतन गरी लेखन ढाँचाको अनुकरण गर्न

८. हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न

९. विभिन्न शीर्षक, चित्र, परिवेश र सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर गर्न

१०. शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गरी प्रश्नोत्तर गर्न

११. शब्दका अक्षर छुट्याउन, जोड्न, थप्न, हटाउन र परिवर्तन गर्न

१२. विसङ्केतक शब्दका सुरु र अन्त्यका ध्वनि पहिचान र उच्चारण गर्न

१३. पाठगत परिवेश, पात्र र सन्दर्भको पहिचान, छलफल, प्रश्नोत्तर एवम् तुलना गर्न

१४. पाठ्यसामग्री पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न

१५. शब्दमा प्रयोग भएका संयुक्त व्यञ्जन वर्ण पहिचान र उच्चारण गर्न

१६. क्रियाका काल, पदसङ्गति र चिह्नको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति दिन

# ४. कक्षा एकको नेपालीभाषा शिक्षणका लागि निर्धारित विषयगत क्षेत्रहरू

## विषयक्षेत्र : म र मेरो परिवार

**विषयगत क्षेत्र : वर्ण पठन तथा लेखनपूर्वको चरण** पाठ्यघण्टा : १५

### १. एकाइ परिचय

हरेक विद्यार्थीले विद्यालय जान सुरु गर्दाका चरणमा आफू र आफ्नो परिवारसँग सम्बन्धित भई भाषिक सञ्चार गरिरहेको हुन्छ । अतः यस चरणमा कक्षाकोठामा पनि स्वअनुभव र पूर्वज्ञानसँग अन्तरसम्बन्धित गर्नु सान्दर्भिक मानिन्छ । यस क्रममा सिकारुसँग भएको शब्दभण्डारको उपयोग गर्दै सिकाइ गर्ने, आफ्नो नाम, थर, उमेर र ठेगाना भन्ने तथा अरूको सोध्ने, परिवारका सदस्य, सङ्ख्या र नाताबोधक शब्द पहिचान र उच्चारण गर्दै सन्दर्भगत प्रयोग गरी भन्ने, शरीरका अङ्ग चिनी त्यसका नाम बताउने, विभिन्न खानेकुराहरूका बारेमा (नाम, स्वादलगायत) सोध्ने र भन्ने, घरपरिवारका सदस्यहरूले लगाउने लुगाका नाम भन्ने, परिवार सदस्यको पेसा तथा दैनिकी बताउने र घरमा भएका सरसामग्री एवम् घरका विभिन्न स्थान (तला, भुइँ, भान्साकोठा, सुत्नेकोठालगायत) का बारेमा मौखिक वर्णन गर्ने क्रियाकलापमा आधारित भई कुराकानी, छलफल र प्रश्नोत्तर गर्ने, घरपालुवा जनावरका आवाज नक्कल गर्ने, पारिवारिक सन्दर्भमा प्रयोग निर्देशन सुनेर पालना गर्ने, घरपरिवारका सदस्यसँग गरिने कुराकानीमा शिष्टाचारबोधक शब्द वा पदसङ्गति मिलाई संवाद गर्ने, चित्र तथा दृश्यवस्तुका आधारमा नाम र विषयवस्तुको बोध गर्ने, शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान गर्ने, नमुना प्रस्तुति हेरी पठन सचेतता सम्बद्ध धारणा निर्माण गर्ने, थोप्ला जोडी आकृति वा चित्र निर्माण गर्ने, चित्र वा आकृतिमा रङ भर्नेलगायतका कार्य गर्ने छन् ।

### २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

#### ध्वनि सचेतीकरण

- पारिवारिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी उच्चारण गर्न
- घरपालुवा जनावरका आवाज पहिचान र नक्कल गर्न
- कुराकानी, सोधपुछ र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न
- शिष्टाचारयुक्त शब्दको पहिचान र प्रयोग गर्न

#### श्रव्य/दृश्यबोध

- दृश्य वस्तुको नाम उच्चारण गर्न
- प्रचलित आकृति, रङ र सङ्केत चिह्नको पहिचान गर्न
- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न

### लेख्यवर्ण सचेतीकरण

- समान र असमान चित्रको पहिचान गरी सङ्केतन तथा विसङ्केतन गर्न
- शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्द पहिचान गर्न
- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट विभिन्न आकृति र चित्र निर्माण गर्न

### शब्दभण्डार

- वस्तु वा चित्रको नाम उच्चारण गर्न
- सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
- दैनिक प्रयोगमा आउने शब्दहरूको प्रयोग गर्न

### पठन प्रवाह

- बायाँबाट सुरु गरी दायाँतिर र माथिबाट सुरु गरी तलतिर मुद्रित सामग्री पढ्न

### पठन बोध

- सङ्केत र चित्रका आधारमा शब्द तथा सन्दर्भ पहिचान गर्न
- शीर्षक तथा चित्र हेरेर पूर्वानुमान वा अनुमान गर्न
- पूर्वानुमान वा अनुमान मिले नमिलेको छलफल गर्न

### लेखाइ

- दिइएका सङ्केतका आधारमा छड्के, सीधा र गोलो रेखा कोर्न
- चित्रमा रङ भर्न

### कार्यमूलक व्याकरण

- लिङ्ग, वचन, पुरुष र आदरको ख्याल गरी मौखिक अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

घरपरिवारसँग सम्बन्धित शब्दको उच्चारण र प्रयोग, कथ्य भाषा र विद्यार्थीसँग भएका शब्दभण्डारको उपयोग गरी घरायसी परिवेश तथा सन्दर्भको प्रस्तुति, नातासम्बन्धी शब्दबोध र आदर (पदसङ्गति) सहितको प्रयोग, संवाद, शुद्ध भाषाको प्रयोग गरी दोहोरो सञ्चार सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

- सबैलाई नमस्कार
- ऐनामा म
- कता हराए
- चम्चा र थाल
- नाम र अभिवादन
- अङ्ग
- खानेकुरा
- सामग्री

| | |
|---|---|
| • मेरो कोठा | कोठा |
| • म पो के बनूँ | पेसा |
| • मोबाइलका साथी | प्रविधि |
| • राम्रो विनय | लुगा |

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- सिकाइ सिप (S1.2)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द |
|---|---|---|---|
| घर<br>परिवार | १. ध्वनि पहिचान र उच्चारण (अभिवादन, नाता र शरीरका अङ्ग) | सबैलाई नमस्कार : म (नाम र अभिवादन) | आफू, परिवारका सदस्य, शिक्षक र साथीका नाम (कम्तीमा पाँचओटा) |
| | | ऐनामा म : अङ्ग | नाक, कान, हात, आँखा, औँला, पेट, खुट्टा... हजुरबुबा, हजुरआमा, बुबा, आमा, दिदी, बहिनी, दाजु, भाइ ...<br>नमस्ते, नमस्कार, राम राम, सेवारो, फ्याफुल्ला .... (स्थानीय परिवेशमा मातृभाषाका स्वागतका शब्द प्रयोग गरी अभ्यास गराउन सकिने) |
| | २. ध्वनि पहिचान र उच्चारण (खानेकुरा र प्रयोगका सामग्री) | कता हराए : खानेकुरा | अन्नका नाम : धान, मकै, गहुँ ...<br>तरकारीका नाम : साग, आलु, काउली ...<br>फलफूलका नाम : केरा, स्याउ, सुन्तला ...<br>खानाका परिकार : दाल, भात, ढिँडो, रोटी ... |
| | | चम्चा र थाल : सामग्री | थाल, कचौरा, झोला, रेडियो, मोबाइल, कराइ, कुकर ....... |
| | | मेरो कोठा : कोठा | तला, भुइँ, भान्साकोठा, सुत्नेकोठा, झ्याल, ढोका, छानो, कौसी ... |

| | | | |
|---|---|---|---|
| | ३. ध्वनि पहिचान र उच्चारण (पेसा, प्रविधि र लुगा) | म पो के बनूँ : पेसा | शिक्षक, किसान, डाक्टर, नर्स, चालक, ..... |
| | | मोबाइलका साथी : प्रविधि | रेडियो, मोबाइल, टेलिभिजन, कम्प्युटर, क्याल्कुलेटर |
| | | राम्रो विनय : लुगा | पाइन्ट, सर्ट, फ्रक, साडी धोती, दौरा सुरुवाल, टोपी, चोली, ज्याकेट, स्वेटर, कुर्ता सलवार, धोतीकुर्ता, बख्खु, मोजा, रुमाल ... (स्थानीय रूपमा प्रचलनमा रहेका मात्र) |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) विषयवस्तुसँग सान्दर्भिक हुने स्थानीय लोकलयमा आधारित बालगीत वा बाल कविता सङ्कलन गरी हाउभाउ, गति, यति र तालीका साथ लय हालेर गाउने र विद्यार्थीलाई सुन्न अभिप्रेरित गर्ने । एक वा दुई पटक आफूले नमुना प्रस्तुत गरेपछि हाउभाउ र तालीका साथ गति, यति र लय हालेर विद्यार्थीलाई सँगसँगै गाउन लगाउने । यस्ता गीत वा कविता मोबाइल, ल्यापटप, क्यासेट वा टेप रेकर्डरमा आफैँले वा अरू कसैको सहयोग लिई रेकर्ड गर्ने र कक्षामा सुनाउने । यस्ता रेडियो वा अन्यत्र गीत वा कविता रेकर्ड भइसकेका भए तिनीहरूलाई सङ्कलन तथा उपयोग गर्ने, जस्तै :

आमाबाबा आउनुभो
अनार केरा ल्याउनुभो ।

म त सानी छोरी रे
कोही भन्छन् गोरी रे ।

आमा कति मायालु
बाबा अति दयालु ।

दादा एउटा ज्ञानी छन्
माया गर्छन् उनी झन् ।

सानो हाम्रो परिवार
मिली बस्छौँ हामी चार ।

(आ) गीत वा कविता हाउभाउसहित लयबद्ध रूपमा वाचन गर्दा अंश अंशको वाचन गर्दै पूर्ण गीत वा कविता वाचन गर्ने र आवश्यकताअनुसार लयबद्ध वाचन दोहोऱ्याउने । वाचनका क्रममा विद्यार्थी अगि वा पछि भएमा सँगै गाउन उत्प्रेरित गर्ने । अनुवाचन सम्बद्ध अभ्यास गराउँदा पहिला समूह, त्यसपछि जोडी र पछि एक्लाएक्लै गराउने ।

(इ) बालबालिकाको भाषिक तथा पारिवारिक पृष्ठभूमि बुझी उपयुक्त सम्बोधन र अभिवादन गर्ने । अभिवादनका क्रममा शिष्टाचारका शब्दको प्रयोगमा ध्यान दिने । आफ्नो मातृभाषा तथा सांस्कृतिक परिवेशमा प्रयोग हुने भिन्न शब्द भए टिपोट गरी सन्दर्भअनुसार प्रयोग गर्ने । भाषिक समस्या भएका विद्यार्थीलाई घरपालुवा जनावरका आवाज नक्कल गराउँदै सञ्चारको लागि हाउभाउ र सङ्केतको प्रयोग सङ्केत प्रयोगप्रति आकर्षित गर्ने ।

(ई) बालबालिकाहरूलाई चित्रपत्ती देखाई नामकरण गर्न लगाउने । चित्रपत्तीमा घर, रुख, पोखरी, खरायो, हात्ती, कुकुर, बिरालो, गाई, बाख्रा, भैँसी, भेडा जस्ता परिचित पात्र, स्थान वा सन्दर्भको उपयोग गर्ने । यस क्रममा सबैलाई पालो दिने र हरेक विद्यार्थीले प्रयोग गरेको भाषा वा शब्दलाई ध्यानपूर्वक टिपोट गर्ने । यसलाई बारम्बार दोहोऱ्याउने । हरेक पटक शब्द प्रयोगमा भिन्नता आएका आधारमा पहिलो भाषी र दोस्रो भाषीका रूपमा बालबालिकाको भाषिक अवस्था पहिचान गर्ने र त्यहीअनुसार भाषिक व्यवहार गर्ने तथा उनीहरूलाई मानक भाषा प्रयोग गर्न उत्प्रेरित गर्ने जस्तै :

- पड्छु पढ्छु
- आर्को अर्को
- आ'का आएका
- गर्चन् गर्छन्

म कक्षा १ मा पड्छु । हाम्रो गाउँमै स्कुल छ । यहाँ आर्को गाउँका साथी पनि पढ्न आउँछन् । आज दुई जना साथी कक्षामा आ'का छैनन् । भोलि तिनले गृहकार्य गर्न सक्दैनन् । उनीहरू घरको काम भने गर्चन् ।

(उ) आफ्नो परिचयसहित सोहीअनुसार प्रत्येक विद्यार्थीलाई परिचयका लागि उत्प्रेरित गर्ने र क्रमशः सबै विद्यार्थीको परिचय लिने, जस्तै : नाम, थर, उमेर, ठेगानालगायत ।

(ऊ) भाषिक विविधताका कारण नेपाली माध्यम भाषा नभएका विद्यार्थीलाई मातृभाषाको प्रयोग वा सहपाठी सहयोगले परिचयका लागि उपयुक्त वातावरण बनाउने ।

(ऋ) प्रत्येक विद्यार्थीको परिचयपश्चात् युगल समूहमा परिचय लिन र दिन लगाउने । यस क्रियाकलापमा शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्ने । यस क्रममा सँगै बसेको साथीको परिचय सुनी साथीको परिचय बताउन पनि लगाउने ।

(ए) हजुरबुबा, हजुरआमा, बुबा, आमा, दिदी, बहिनी, दाजु, भाइ जस्ता नाताबोधक शब्द, नाक, कान, हात, आँखा, औँला, पेट, खुट्टा जस्ता मानव अङ्गका नामबोधक शब्द जस्तै गरी खानेकुरा, लुगा, पेसा, सामग्री र स्थान जनाउने शब्दहरूको उच्चारण अभ्यास गर्न लगाउने । उच्चारण अभ्यास गर्दा प्रयोग विधि र कथाकथन/गीत विधिलाई सम्भावित विधिका रूपमा उपयोग गर्ने ।

(ऐ) विद्यार्थीलाई पारिवारिक परिवेशमा प्रयोग हुने निर्देशनात्मक शब्द प्रयोग गरी साथीको समूहमा कुराकानी, छलफल र प्रश्नोत्तर गर्न उत्प्रेरित गर्ने । विद्यार्थीलाई सहयोग चाहिएको वा नचाहिएको अवलोकन गरी कुराकानी, छलफल र प्रश्नोत्तर निरन्तर बनाउन सहयोगी भूमिका खेल्ने । यस क्रममा बालबोली वा कथ्य प्रयोगमा रहेका नाताबोधक शब्दका बारेमा छलफल गर्न गराउने, जस्तै : मामु, बाबा, दादा, नानु, बाबु, लाका ..... ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) चित्र देखाउँदै निम्नानुसारको प्रश्न सोध्ने :

- यो केको चित्र हो भन्नुहोस् त ? (नाक, मुख, काउली, थाल, कराही आदि ।)
- चित्र देखाउँदै शिक्षक आफैँले चित्रको नामकरण गर्ने र विद्यार्थीलाई सुनाउने ।
- चित्र देखाउँदै शिक्षकले चित्रको नाम भन्ने र विद्यार्थीलाई पनि भन्न लगाउने ।
- शिक्षकले चित्र देखाउने र विद्यार्थीलाई भन्न लगाउने ।

(आ) सूचनाप्रविधिका साधन (मोबाइल, कम्प्युटर, टिभी वा कुनै एक साधन) मा रेकर्डिङ गरिएको वा प्रत्यक्ष प्रसारण गरेका लुगासँग सम्बन्धित श्रव्यदृश्य सामग्री प्रदर्शन गरी रङ पहिचान गर्न लगाउने, जस्तै : रातो, निलो, कालो ..... वा फलफूल देखाई रङ पहिचान गर्न लगाउने, जस्तै : सेतो काउली, रातो आलु, हरियो साग, ..... ।

(इ) फलफूलको बगैँचा, भान्साकोठा वा अन्य कुनै सान्दर्भिक स्थानको चित्र प्रदर्शन गरी त्यसका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गरी भन्न लगाउने ।

(ई) आफूले जानेका नयाँ सूचनाको सुनाइ र प्रतिक्रिया व्यक्त गर्ने, आफ्नो अनुभव बताउने, घर परिवारका कार्य वा पेसा बताउने, विद्युतीय सञ्चारका साधनबाट प्रसारित सूचना तथा सन्देश सुन्ने र आफ्नै शब्दमा भन्ने तथा एकअर्कासँग प्रश्न गर्ने अभ्यास गराउने

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) तलका जस्तै चित्र प्रदर्शन गरी नमिल्ने चित्र पहिचान गर्न लगाउने,

(आ) नाक, कान, मुखलगायतका शरीरका अङ्ग जनाउने चित्रपत्ती प्रदर्शन गरी ती चित्र जनाउने शब्द र वाक्य भन्न लगाउने, जस्तै :

(क्रमिक सिकाइ रणनीतिअनुसार नमुना प्रस्तुति गर्ने)

मेरा दुई ओटा नाक छन् ।

(इ) ठाडो, तर्सो र छड्के रेखा, अर्धवृत्त, वृत्त तथा अन्य आकृतिमा थोप्ला जाड्ने अभ्यास पटक पटक गराउने, जस्तै :

## (घ) शब्दभण्डार

(अ) शरीरका अङ्ग र तिनीहरूले गर्ने कामका चित्रहरूबिच जोडा मिलाउन लगाउने, जस्तै :

| | |
|---|---|
| • नाक | सुँघेको |
| • आँखा | हेरेको |
| • मुख | खाएको वा बोलेको |
| • खुट्टा | हिँडेको |
| • हात | लेखेको |

(आ) तलका शब्दलाई अन्न, फलफूल, खानेकुरा, तरकारीका समूह बनाई भन्न लगाउने, जस्तै :

- अन्न : धान ...
- तरकारी : साग ..
- खानेकुरा : भात ...
- फलफूल : स्याउ ...

धान, मकै, गहुँ, साग, आलु, काउली, केरा, स्याउ, सुन्तला, दाल, भात, ढिँडो, रोटी

(इ) दैनिक व्यवहारमा परिवारका सदस्यलाई बोलाउँदा प्रयोग गरिने आदर सम्बद्ध वाक्यको क्रमिक सिकाइ रणनीतिअनुसार 'म गर्छु, हामी गर्छौं र तिमी गर' अभ्यास गर्न लगाउने, जस्तै :

- आमा आउनुभयो । बुबा जानुभयो ।
- तिमी आयौ । तिमीहरू गयौ ।
- म आएँ । हामीहरू गयौँ ।

(ई) तलका जस्तै एकाइमा दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने

किसान, शिक्षक, डाक्टर, नर्स, जागिर

जस्तै : किसानले खेत जोत्यो ।

## (ङ) पठन प्रवाह

(अ) वाक्यपत्ती, बालगीत चार्ट, ठुलो किताब जस्ता सामग्री प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा शब्द शब्दका बिचमा हुने रिक्तता, भाषाअनुसार बायाँबाट दायाँ, माथिबाट तलतिर हुने सङ्केत गर्दै मुद्रण सचेतना गराउने । यस्तो अभ्यास पटक पटक गराउने ।

(आ) मुद्रित सन्दर्भ सामग्री देखाई शीर्षक, चित्र, विषयवस्तु वा अन्य पक्षका बारेमा बताइदिने र विद्यार्थीको प्रतिक्रिया लिन बिचबिचमा छोटा छोटा प्रश्न गर्ने तथा विद्यार्थीलाई सिकाइप्रति आकर्षित गरी सक्रिय बनाइरहने

(इ) यदि कुनै विद्यार्थी साक्षर पाइएमा जान्ने र नजान्ने विद्यार्थीमो समूह बनाई सँगै पढ्ने/सहपठन गर्ने अभ्यास गराउने र शिक्षकले अवलोकन गरी निरक्षर विद्यार्थीको सिकाइमा ध्यान केन्द्रित गर्ने

## (च) पठन बोध

(अ) विद्यार्थीलाई चित्रकथा देखाई पात्र, परिवेश र सन्दर्भ वर्णन गराई अनुमान सम्बद्ध क्रियाकलाप पनि गराउने, जस्तै :



(आ) चित्रमा देखाइएको समस्याभन्दा भिन्न परिवेशको अनुमान जस्ता क्रियाकलाप गराई परिचित शब्द, वाक्य र सन्दर्भ वर्णनको अभ्यास गराउने ।

(इ) पूर्वानुमान वा अनुमान मिले/नमिलेकामा छलफल गराई विद्यार्थीको सिकाइ स्तर जाँच्ने । नमिले पनि विद्यार्थी सहभागिताका धन्यवाद दिँदै थप अनुमान, प्रश्नोत्तर र छलफलका लागि उत्प्रेरित गर्ने ।

(ई) तलको अनुच्छेद पढी सुनाउने र प्रश्न सोधी उत्तर भन्न लगाउने :

हामी नाकले सास फेर्छौं । कानले सुन्छौं । मुखले बोल्छौं । हामी मुखले खाना खान्छौं । हामी दिनमा पटकपटक खाने गर्छौं । खानाले हामीलाई शक्ति प्राप्त हुन्छ । शक्तिले हामी काम गर्न सक्छौं । हिँड्न र डुल्न पनि हामीलाई शक्ति चाहिन्छ । हामीसँग तागत भयो भने हामी धेरै काम गर्न सक्छौं । स्वच्छ र सफा खानेकुरा खानुपर्छ । त्यस्ता खानाले हामी स्वस्थ रहन्छौं । हामीलाई रोग लाग्दैन ।

१. तपाईं केले सास फेर्नुहुन्छ ?

२. कस्तो खानेकुरा खानुपर्छ ?

३. खाना नखाए के हुन्छ होला ?

(उ) तलका जस्तै सन्दर्भ सुनाई बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गर्ने


सोनामले परिवारको सङ्ख्या गने । हजुरबुबा एक जना, हजुरआमाले दुई जना, बुबाले तीन जना, आमाले चार जना, दिदीले पाँच जना । हिसाब पुगेन । हाम्रो परिवारमा त छ जना हुनुपर्ने ! सोनामले फेरि गने । दोस्रो पटक गणना गर्दा पनि पाँच जना मात्र भए । तेस्रो पटक गणना गर्दा पनि पाँच जना भए । चौथो पटक आमासँग बसेर गने । आमाले हाँस्दै भन्नुभयो, "तिमीले आफूलाई चाहिँ गन्न किन बिर्सिएको त ?" आफैँले आफैँलाई गन्न भुलेको कुरा सोनामले बल्ल बुझे ।

(ऊ) शिष्टाचारका शब्द प्रयोग गरी आपसी सञ्चार गर्ने अभ्यास गराउने, जस्तै :


- तपाईंको घरमा पाहुना आउँदा तपाईं के गर्छौ ? भन्ने प्रश्न सोध्ने र व्यक्तिगत रूपमा उत्तर भन्न अभिप्रेरित गर्ने ।
- विद्यार्थीहरूबाट आएका उत्तरलाई समेट्दै निम्नानुसारको शब्दहरू प्रयोग गरिने कुराहरू बताइदिने, जस्तै : नमस्ते, नमस्कार, राम राम, सेवारो, फ्याफुल्ला .... आदि ।
- नमस्कार गरिरहेको, खुट्टामा ढोगी रहेको, अँगालो मारिरहेको आदि चित्र देखाउँदै यीमध्ये तपाईंको घरमा के गरिन्छ, भन भन्ने तथा शिष्टाचारको शब्द प्रयोग गरी बोल्न तथा भूमिका अभिनय गर्न लगाउने, जस्तै : कुनै विद्यार्थीलाई मामा, कुनैलाई भान्जा वा भान्जीको अभिनय गर्न लगाउने वा हजुरबुबाको र कसैलाई नाति वा नातिनीको भूमिका अभिनय गर्न लगाउने ।

## (छ) लेखाइ

(अ) तलका जस्तै सान्दर्भिक चित्रमा रङ भर्न लगाउने



(आ) वर्णपूर्वको स्वतन्त्र लेखन अभ्यासको थालनी गर्ने :




(इ) विद्यार्थी आआफ्ना घरमा हुने सामानको समूहगत सूची युगल समूहमा भन्न लगाई एकअर्काले सामान मिलाई एउटै सूची भनी थोप्ला जोडी चित्र बनाउन लगाउने, जस्तै :

पहिरन (कुन कुन लगाउने लुगाहरू छन् ?)

भाँडाकुँडा (थाल, कचौरा, गिलास जस्तै कुन कुन भाँडाकुँडा छन् ?)

फर्निचर (खाट, दराज जस्तै काठका सामान के के छन् ?)

(ई) सीधा रेखा, वृत्त र अर्धवृत्तको प्रयोगसहितको अभ्याससहितको लेखन क्रियाकलाप गराउने, जस्तै :



## ८. मूल्याङ्कन

- मौखिक प्रश्नोत्तर (तपाईंको नाम के हो ?, तपाइँ कति वर्षको हुनुभयो ? ...)
- छलफल (युगल, सामूहिक) मा सहभागिता
- समूह कार्यमा सक्रियता
- निर्दिष्ट सूचीको प्रस्तुति (मौखिक)
- अवलोकन

# विषयक्षेत्र : मेरो दैनिक जीवन

**विषयगत क्षेत्र : स्वर वर्ण र मात्रा पहिचान (अ, आ, इ, ई, ा, ि, ी)** पाठ्यघण्टा : ११

## १. एकाइ परिचय

विद्यार्थीले आफ्ना गतिविधिको प्रस्तुति गर्दागर्दै सङ्गठित वा संरचित भाषिक प्रस्तुति गर्न थाल्छन् । विद्यार्थीलाई बिहानदेखि बेलुकीसम्म गरिने क्रियाकलापको वर्णन गर्न लगाउँदा घटनाक्रमको सिलसिला स्थापना, विशेष घटना वा विषयवस्तुको बोध, सबै क्षेत्रमा प्रयोग हुने शब्द पहिचान तथा प्रयोग जस्ता कार्यहरूमा उनीहरू सहज देखिन्छन् । बिहानदेखि बेलुकीसम्म चाहिने साबुन, पानी, कुचो, किताब, कापी, झोला, ब्रस, मन्जनलगायतको मौखिक अवधारणा र तोकिएका वर्ण तथा मात्राको पठनबिच तालमेल स्थापनाका आधारमा विद्यार्थीलाई उत्प्रेरित गर्दै शब्दको छनोट तथा उपयोग गर्न लगाउनु सान्दर्भिक मानिन्छ । यस क्रममा सिकारुसँग भएको शब्दभण्डारको उपयोग गर्दै सिकाइ गर्ने, अखबार तथा पाठ्यसामग्री पढाइ (चित्र तथा सन्दर्भ बोध), खाना, पारिवारिक काममा सहयोग (कुराकानी, छलफल र प्रश्नोत्तर) र मनोरञ्जन (श्रव्यदृश्यबोध वा कुराकानी, छलफल) जस्ता कार्य सम्पादन गर्दा उपयुक्त भाषाको प्रयोग गर्ने क्रियाकलापले विशेष प्राथमिकता पाउँछन् । यस एकाइमा विद्यार्थीले अ, आ, इ, ई वर्णको पहिचान र प्रयोग, अ, आ र इ वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, पठित वर्णसँग मात्राको सम्बन्ध स्थापना, हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति, चित्र तथा दृश्यवस्तुका आधारमा नाम र विषयवस्तुको बोध, शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- अ, आ, इ वर्ण पहिचान गरी उच्चारण गर्न
- वाक्यमा शब्द पहिचान र शब्द गणना गर्न
- कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा शब्दको सही उच्चारणसहित प्रयोग गर्न

### श्रव्य/दृश्यबोध

- श्रव्य र दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- प्रचलित आकृति, रङ र सङ्केत चिह्नको पहिचान गर्न
- हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- अ वर्ण र आ, इ, ई वर्ण तथा मात्राको सङ्केतन एवम् विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न

### शब्दभण्डार

- परिचित वस्तु र चित्रको नाम उच्चारण गर्न
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्द उच्चारण गर्न
- पाठका अनुच्छेद सुनी नयाँ शब्द पहिचान गर्न

### पठन प्रवाह

- वर्ण तथा विसङ्केतक शब्द पढ्न

### पठन बोध

- शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान गर्न
- आफ्नो अनुभवसँग पाठका सन्दर्भ मिले नमिलेको दाँज्न
- स्थानीय परिवेश र पाठको सन्दर्भबारे छलफल र प्रश्नोत्तर गर्न

### लेखाइ

- दिइएका सङ्केतका आधारमा छड्के, सीधा र गोलो रेखा कोर्न
- अ, आ, इ, ई वर्णको अनुलेखन गर्न
- विसङ्केतन शब्द तथा लब्ध शब्दको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक अभिव्यक्ति दिन
- भूत र वर्तमान कालका वाक्यको प्रयोग गरी विषयवस्तु वा सन्दर्भको वर्णन गर्न

## ३. मुख्य विषयवस्तु/दृष्टिकोण

दैनिक प्रयोगमा आउने तथा शीर्ष शब्द एवम् कथ्य भाषाको प्रयोग गरी आफ्नो दैनिक कार्यको प्रस्तुति, शब्दको सुरु र अन्तका स्वरवर्ण (अ, आ, इ, ई) का वर्णगत ध्वनि पहिचान र उच्चारण, प्रयुक्त वाक्यमा शब्द पहिचान र गणना, आदर (पदसङ्गति) र क्रियाका काल (सामान्य भूत र वर्तमान) सहितको अभिव्यक्ति, आपसी संवाद, शुद्ध भाषाको प्रयोग गरी दोहोरो सञ्चारको प्रयोगसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

- स्वरवर्ण : अ, आ, इ, ई
- आहा ! कपडा (अ र आ वर्ण)
- सरसफाइ (अ वर्ण)
- आत्था ! जिब्रो पोल्यो (आ वर्ण)
- इला गइन् इलाम (इ र ई वर्ण)

- आकाशमा इन्द्रेनी (इ वर्ण)
- आमाबुबा नै ईश्वर (ई वर्ण)

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- स्वव्यवस्थापन सिप (S2.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राविक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्के-तक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| मेरो दैनिक जीवन | ४. अ र आ | आहा ! कपडा | अगाडि, अब, अखबार, अचार, अमिलो, अनार, अङ्गुर, अङ्ग्रेजी, अम्रिसो, अङ्क, अक्षर, अन्न, अक्षता, असार,आधा, आमा, आगो, आलु, आलुबखडा, आठ, आकाश, आफू, आउनभयो, आज, आहा, आई, आत्था, आफ्नो, आकार, आवाज, आदर, आरती, आराम, आनन्द ... | - | आफ्नो नाम |
| | | सरसफाइ | अमर, अनिसा, असल, अबेला, अक्षर, अङ्क, अक्षता, अमला, अमिलो, अनिल, अनुहार, अनार ... | - | |
| | | आत्था ! जिब्रो पोल्यो | आत्था, आधा, आज, आइतबार, आशा, आलु, आकाश, आरु, आमा, आगो, आँगन, आगो, आफू, आनन्द ... | - | |
| | ५. इ र ई | इला गइन् इलाम | इला, इलाम, इन्द्रेनी, इनार, इमरान, इद, इन्कार, गाई, भाइ, पाइन्, इस्लाम, इनाम, इमान, इसारा, ईशान, ईश्वर, ईश, ईर्ष्या, ईशा, ईश्वरी... | - | |
| | | आकाशमा इन्द्रेनी | इमली, इनार, इन्द्रेनी, इला, इसारा, इलाम, इतिहास, इलाका, इकार, इन्दिरा, इमली ... | - | |
| | | आमाबुबा नै ईश्वर | ईशान, ईश्वर, ईश, ईर्ष्या, ईशा, ईश्वरी .... | आई | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) पारिवारिक सन्दर्भमा झल्किने कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया लिने । हरेक विद्यार्थीले प्रतिक्रिया लिन र दिन देखाएको सक्रियतामा आधारमा विद्यार्थीको सिकाइ स्तर पहिचान गर्ने ।

(आ) दुई वर्ण प्रयोग भएका शब्दहरू सङ्कलन गर्ने, जस्तै : अब, अझ, अलि आदि । त्यसका आधारमा /अ//ब/, /अ//झ/, /अ//लि/ शब्दहरूको उच्चारण गर्ने र विद्यार्थीहरूलाई अनुवाचन गर्न लगाउने । त्यसपछि सुरुको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : अब /अ/, अझ /अ/, अलि /अ/ । यस्तो अभ्यासलाई पटक पटक दोहोऱ्याउने । त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि सुरुमा आउने शब्दहरूको सूची बनाउने । सूचीका आधारमा शब्दपत्ती निर्माण गरी ती शब्दहरू उच्चारण गर्दा सुरुमा कुन ध्वनि आयो, भनिदिने, जस्तै : अनार /अ/, अमला /अ/, असल /अ/ ।

(इ) आफूले उच्चारण गरेको ध्वनि बालबालिकालाई ध्यानपूर्वक सुन्न भन्ने । उनीहरूलाई शब्दको पहिलो ध्वनि पहिचान गर्ने थप क्रियाकलाप निम्नानुसार गराउने :

१. बालबालिकालाई पनि अनुवाचन गर्न लगाउने, जस्तै : अचार /अ/, अनार /अ/

२. सङ्कलन गरिएका शब्दसूचीका शब्द सुनाउने, जस्तै : अमला, अनार, अचार, असल, अचल ।

३. शब्दसूचीका शब्द उच्चारण गर्दै सुरुमा /अ/ ध्वनि आउने शब्द उच्चारण गर्दा बुढीऔँला माथि गर्ने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने तथा शब्दको सुरुमा अन्य ध्वनि आउने शब्दमा बुढीऔँला तल गर्ने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने अभ्यास गराउने, जस्तै :

- अमला : बुढीऔँला माथि गर्ने वा ठिक बेठिक भन्ने ।
- अमिलो : बुढीऔँला माथि गर्ने वा ठिक बेठिक भन्ने ।
- अचार : बुढीऔँला माथि गर्ने वा ठिक बेठिक भन्ने ।
- उल्लिखित अभ्यास अन्य वर्ण पहिचानमा पनि उपयोग गर्ने ।

(ई) विद्यार्थीलाई छलफल तथा प्रश्नोत्तर गरी धेरैभन्दा धेरै बोल्ने अवसर प्रदान गर्ने । दोहोरो सञ्चारका क्रममा पूर्ण वाक्य भन्न उत्प्रेरित गर्ने । नङ र काट शब्दका शब्दचित्रपत्ती क्रमशः देखाउँदै 'नङ काट' वाक्य भन्न लगाउने र 'नङ काट' वाक्यपत्ती र नङ काट्दै गरेको चित्र पनि देखाउने । पूर्ण वाक्यभन्दा सबैभन्दा पहिले दुई शब्दले बन्ने वाक्य, त्यसपछि तीन, चार हुँदै पाँच शब्दसम्मका वाक्य प्रयोग गर्न प्रोत्साहित गर्ने, जस्तै :

१. नङ काट ।

२. बाँदरले मकै खायो ।

३. कुकुर सुन्तलाको बोटमुनि छ ।

४. श्यामले भात र तरकारी खायो ।

(उ) सान्दर्भिक बालकथा, गीत वा कविता सुनाई देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन लगाउने, यस्ता प्रसङ्ग वा सन्दर्भ सुनाउँदा तोकिएका शब्द र वर्ण प्रयोगमा ध्यानकेन्द्रित गरी तिनीहरू बढीभन्दा बढी अभ्यास गर्ने अवसर प्रदान गर्ने ।

(ऊ) कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न उत्प्रेरित गर्ने र यस क्रममा आएका हलन्त तथा संयुक्त वर्ण एवम् अनुनासिकता भएको शब्दको उच्चारण गर्न पनि सिकाउने । यस्ता शब्दहरूलाई विशेष जोड भने नदिने ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित सूचना तथा सन्देश सुन्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक सञ्चार वा अभिव्यक्ति दिने, अरूको अभिव्यक्तिलाई प्रोत्साहन गर्ने, दोहोरो सञ्चार गर्ने सिप विकासमा ध्यान दिने ।

(आ) कुनै स्थानको भ्रमण वा दृश्यवस्तुको अवलोकनका लागि ससाना समूहको निर्माण गरी समूहकार्य गराउने । यस्ता कार्य गर्दा वैयक्तिक र सामूहिक भूमिका निर्वाह गर्ने, समूहमा सुमधुर सम्बन्ध कायम गर्ने, भाषिक सञ्चार गर्ने सिप हासिल गर्न विद्यार्थीलाई उत्प्रेरित गर्ने ।


(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) चित्र देखाउँदै प्रश्न सोध्ने : चित्रमा अ बाट नाम आउने कुन फल छ ? र विद्यार्थीलाई पालैपालो भन्ने अवसर प्रदान गर्ने ई भन्दा बालबालिकाले टेबलमा गई ईश्वरको चित्र छानेर ल्याउन लगाई ईश्वर शब्द उच्चारण गर्न लगाउने । यस्ता क्रियाकलाप गर्दा पहिला शिक्षकले नमुना प्रदर्शन गर्ने, त्यसपछि शिक्षक तथा कुनै एक विद्यार्थीले सँगसँगै गर्ने र अनि स्वतन्त्र रूपमा अभिव्यक्ति गर्ने अवसर दिने)

(आ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने

**पढ र लेख :**




## (घ) शब्दभण्डार

(अ) शब्दसूची निर्माण र कक्षामा प्रदर्शन गरी उच्चारण अभ्यास गराउने । यस क्रममा शब्द प्रयोगको आधारमा दिइएका शब्दलाई उपयोग गर्ने ।

(आ) शब्द र चित्रको जोडा मिलाउन लगाई अर्थबोध गर्न लगाउने, जस्तै : अचार, अनार, आगो, इनार, ईशा, ईश्वर ।

(इ) शब्द प्रयोगका आधारमा दिइएका शब्द दिई वाक्य भन्न लगाई शब्दगत प्रयोगको अभ्यास गराउने, (अगाडि, अखबार, अक्षर, अङ्क, अङ्ग्रेजी : जस्तै म सबैभन्दा अगाडि हिँड्छु ।)

(ई) शिक्षकबाट सुनेर वाक्य भन्न लगाउने, जस्तै :

| | |
|---|---|
| आज | पोल । |
| आलु | ताप । |
| आरु | आऊ । |
| आगो | खाऊ । |

शब्द र वाक्यांशको मिलाई वाक्य भन्न लगाउने, जस्तै :

| | |
|---|---|
| आज | पोलेर खानुपर्छ । |
| आलु | आइतबार हो । |
| आरु | पोल्छ । |
| आगोले | गुलियो हुन्छ । |

## (ङ) पठन प्रवाह

(अ) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णको ध्वनिविभेद पनि गर्न लगाउने

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द बन्न भए त्यसलाई वर्ण वर्ण तहमा नभई शब्द तहमा पढ्ने अभ्यास गराउने ।

(इ) स्थानीय लोकलयमा आधारित बालगीत वा कविता सङ्कलन गरी शिक्षकले ताली बजाउँदै गति, यति र लय हालेर गाउन र विद्यार्थीलाई सुन्न अभिप्रेरित गर्ने । दोस्रो अभ्यासमा विद्यार्थीलाई ताली बजाउन सिकाउने । तेस्रो अभ्यासमा ताली बजाउँदै आफूले पनि गाउने र विद्यार्थीलाई सँगसँगै गाउन लगाउने ।

(इ) अभ्यासका क्रममा आवश्यक पर्ने विद्यार्थीलाई लयात्मक वाचनमा सहयोग गर्ने र सिकिसकेका विद्यार्थीका लागि मिल्दाजुल्दा लयमा आधारित भई अतिरिक्त अभ्यास पनि गराउने । यस क्रममा बालगीत वा कविता छनोट गर्दा सकेसम्म अनुप्रास मिलेका परिचित शब्द प्रयोग भएका गीत वा कविता छनोटमा विशेष ध्यान दिने, जस्तै :

- कर, भर, गर, घर
- अनार, इनार, सुनार
- असल, पसल, फसल, मसल
- काम, खाम, घाम, जाम
- करुवा, भरुवा, तरुवा

## (च) पठन बोध

(अ) विद्यार्थीलाई आफ्नो दैनिकीसँग सम्बद्ध विभिन्न चित्र देखाई पात्र, परिवेश र सन्दर्भ वर्णन गराई अनुमान सम्बद्ध क्रियाकलाप पनि गराउने । यस क्रममा निम्नानुसारका जस्तै सन्दर्भ सुनाउने, जस्तै :

> आमाले ओछ्यान मिलाउनुभयो । कुचोले कोठा बढार्नुभयो । पूजाकोठा सफा गर्नुभयो । बुबाले भान्साकोठा सफा गर्नुभयो । धारा र चर्पी वरिपरि सफा गर्नुभयो । आँगन चोकको झार उखेल्नुभयो । आमाबुबाले घरको सरसफाइ गरेको सोनामले हेरिरहेका थिए । सोनामको कोठामा च्यातिएका कागज थियो । सोनामले कागज टिपेर फोहोर कुहिने खाडलमा राखे । फलामका टुक्रा र चक्लेटका खोल फोहोर नकुहिने खाडलमा राखे । आमाबुबाले सोनामलाई "स्याबास" भन्नुभयो ।

(आ) विद्यार्थीलाई ससाना समूहमा राखी शब्दविहिन चित्रकथा वितरण गर्ने र त्यस चित्रकथाका बारेमा छलफल गर्न लगाउने । त्यसपछि शब्दविहीन चित्रकथाका घटनाक्रमको बोध गर्न लगाउने र शब्दविहीन चित्रकथालाई सिलसिला मिलाई भन्न लगाउने (पहिला शिक्षकले भनीदिने, त्यसपछि शिक्षक विद्यार्थी दुवैले भन्ने र अनि स्वतन्त्र रूपमा भन्ने अवसर दिने) । यस्ता अभ्यास गर्दा सामान्य भूत र वर्तमान कालका वाक्यको प्रयोग विषयवस्तु वा सन्दर्भको वर्णन गर्ने अभ्यास गराउने ।

शब्दविहीन चित्रकथाको विषयवस्तु निम्नानुसार जस्तै हुन सक्ने छ :

> छिरिङ र राधाले कक्षाको कागज टिपे । मधुले कक्षाको प्लास्टिक टिपे । लखन र सिमाले कक्षा बढारे । विनोद र अन्जुले आँगनको फोहोर टिपे । "कुहिने फोहोर मलाई" लेखिएको ड्रममा कुहिने फोहोर राखे । "नकुहिने फोहार मलाई लेखिएको" ड्रममा नकुहिने फोहोर राखे । सबै जनाले पालैसँग धारामा गई हात धोए । सबै जना सफा भए कक्षा पनि सफा भयो ।

(इ) स्थानीय परिवेश र पाठको परिवेश सन्दर्भका बारेमा छलफल गराई विद्यार्थीको धारणा र अनुभव बुझ्ने र त्यसका आधारमा थप अनुमान, प्रश्नोत्तर र छलफलका लागि उत्प्रेरित गर्ने । छलफलमा लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक अभिव्यक्तिमा विद्यार्थीलाई उत्प्रेरित गर्ने ।

(ई) तलको अनुच्छेद पढी सुनाउने र प्रश्न सोधी उत्तर भन्न लगाउने :

> आलु
>
> आज आइतबार हो । आशालाई आलु खान मन लाग्यो । आशा आलु खन्न बारीमा गइन् । आलुबारीमा आरु पाकेको रहेछ । आशाले आलु र आरु जम्मा पारिन् । त्यही बेला आकाशबाट पानी पर्‍यो । आशा पानीमा भिज्दै घर गइन् । आशालाई चिसो भयो । आमाले आगो बाल्नुभएको रहेछ । आशाले आगो तापिन् । आगोमा आलु पनि पोलेर खाइन् ।

१. आशालाई के खान मन लाग्यो ?

२. आशालाई किन चिसो भयो ?

३. आशाले आलु कसरी खाइन् ?

### (छ) लेखाइ

(अ) निर्धारित वर्ण, मात्रा र शब्दको लेखन अभ्यास गराउने (अ, आ, इ र ई तथा ा, ि र ी), जस्तै :

| | | | | |
|---|---|---|---|---|
| **अ** | .............. | .............. | ................ | ................ |
| **आ** | .............. | .............. | ................ | ................ |
| **ा** | .............. | .............. | .............. | ................ |

(आ) विसङ्केतन शब्द (आई) तथा लब्ध शब्द (आफ्नो नाम) को अनुलेखन गराउने

| | | | |
|---|---|---|---|
| **आई** | .... | .... | .... |
| ....(आफ्नो नाम).... | | ..... | .... |

## ८. मूल्याङ्कन

- मौखिक प्रश्नोत्तर
- छलफल (युगल, सामूहिक) मा सहभागिता
- समूह कार्यमा सक्रियता
- निर्दिष्ट सूचीको प्रस्तुति (मौखिक)
- अवलोकन
- लिखित अभ्यास

# विषयक्षेत्र : हाम्रो समुदाय

**विषयगत क्षेत्र : स्वर वर्ण  र मात्रा पहिचान (उ, ऊ, ऋ, ए, ु, ू, ृ, े )** पाठ्यघण्टा : १२

## १. एकाइ परिचय

विद्यार्थीले समुदायमा परिवारपछि स्वतन्त्र रूपमा भाषिक अभ्यास गर्छ । अतः भाषिक अभ्यासका क्रममा समुदायमा घुलमिल, सेवा, सुविधाको तथा भौतिक अवस्थाको जानकारीपरक विषयवस्तु परिचित सन्दर्भका रूपमा प्रयोग हुने गर्छन् । प्रारम्भिक कक्षामा परिचित सन्दर्भ सिकाइका लागि सान्दर्भिक र उपयुक्त मानिने भएकाले यस क्रममा सिकारुसँग भएको शब्दभण्डारको उपयोग गर्दै सिकाइ गर्ने, स्वास्थ्यचौकी (कार्यबोध), चालचलन (शब्द बोध र वाक्यमा प्रयोग), चौतारो, साथीभाइ र छिमेकी (कुराकानी, छलफल र प्रश्नोत्तर) र बाटोघाटो, समूह एवम् मेलमिलाप (श्रव्यदृश्यबोध वा कुराकानी, छलफल) जस्ता कार्य सम्पादन गर्दा उपयुक्त भाषाको प्रयोग गर्ने क्रियाकलापले विशेष प्राथमिकता पाउँछन् । यस एकाइमा विद्यार्थीले उ, ऊ, ऋ र ए वर्णको पहिचान तथा प्रयोग; अ, आ र इ वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, पठित वर्णसँग मात्राको सम्बन्ध स्थापना, हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति, चित्र तथा दृश्यवस्तुका आधारमा नाम र विषयवस्तुको बोध, शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- उ, ए वर्ण पहिचान गरी उच्चारण गर्न
- अ, आ, इ, उ, ए वर्ण पहिचान गरी उच्चारण गर्न

### श्रव्य/दृश्यबोध

- श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुतिको नक्कल गर्न
- आश्चर्य, उत्सुकता, घृणा, चिन्ता, हर्ष जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट उ, ऊ, ऋ, ए, ऐ वर्णको ढाँचा निर्माण गर्न
- पढेका स्वरवर्ण तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न

### शब्दभण्डार

- परिचित वस्तु र चित्रहरूको नाम भन्न
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण र अर्थबोध गर्न
- पाठ सुनी नयाँ शब्द पहिचान र उच्चारण गर्न

### पठन प्रवाह

- स्वरवर्ण तथा विसङ्केतक शब्द पढ्न

### पठन बोध

- स्थानीय परिवेश र पाठगत सन्दर्भ बुझेर छलफल गर्न
- विभिन्न शीर्षक, चित्र, परिवेश र सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- पाठका आधारमा पात्र पहिचान गरी तिनका कार्यको वर्णन गर्न

### लेखाइ

- विभिन्न आकृति/सङ्केतको अनुलेखन गर्न
- थोप्ला जोडी विभिन्न आकृति बनाउन
- पढेका वर्णको अनुलेखन तथा श्रुतिलेखन गर्न
- विसङ्केतक शब्द तथा लब्ध शब्दको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्नको प्रयोग गरी मौखिक अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द र लब्ध शब्द प्रयोग गरी आफ्नो समुदाय सम्बद्ध विषयवस्तु पहिचान र वर्णन, शब्दको सुरु तथा अन्तका स्वरवर्ण (उ, ऊ, ऋ, ए) का वर्णगत ध्वनि पहिचान र उच्चारण, लेख्यचिह्न (पूर्णविराम, अल्पविराम र प्रश्नवावाचक चिह्न) को प्रयोगका सचेततासहितको अभिव्यक्ति तथा सञ्चार सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

स्वरवर्ण : उ, ऊ, ऋ, ए

- ऊर्मि हाँस्न थालिन् (उ र ऊ वर्ण)
- उल्लु (उ वर्ण)
- चौतारीमा उत्सव (ऊ वर्ण)
- मिठो गीत गाएछ (ऋ र ए वर्ण)
- ऋषभ र ऋचा (ऋ वर्ण)
- ऋषिको एकतारे (ऋ र ए वर्ण)
- मिलिजुली खाए (ए वर्ण)

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- सिकाइ सिप (S1.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| हाम्रो समुदाय | ६. उ र ऊ | ऊर्मि हाँस्न थालिन् | उषा, उमा, उनी, उजेली, उदय, उनी, उपचार, उखु, उपहार, उडुस, उकालो, उनऊकार, ऊर्जा, ऊष्मा, ऊरु, ऊर्मि, ऊष्म, गाऊ, आऊ... | | नाम वा साथीको नाम |
| | | उल्लु | उमा, उठ्नुहोस्, उमेर, उदय, उखान, उड्नु, उत्तर, उत्सव, उज्यालो, उड, उठ, उता, उछिन, उल्लु ... | उ, (उ, गाई आयो ।) | |
| | | चौतारीमा उत्सव | उत्सव, ऊकार, ऊर्जा, ऊष्मा, ऊरु, ऊर्मि, ऊष्मा ... | ऊ (सर्वनाम), आऊ | |
| | ७. ऋ र ए | मिठो गीत गाएछ | ऋषि, ऋतु, ऋण, ऋचा, ऋषभ, ऋद्धि, एक, एउटा, बजाए, एकलव्य, गाए, एकतारे, एकादशी, एघार, एकाइ, एकता ... | - | |
| | | ऋषभ र ऋचा | ऋषि, ऋतु, ऋण, ऋचा, ऋषभ, ऋद्धि, ऋणी ... | | |
| | | ऋषिको एकतारे | एक, एउटा, एकतारे, बजाए, एकान्त, एकादशी, एघार, एकाइ, एकता .... | आए | |
| | | मिलिजुलीखाए | एउटा, बनाए, आए, ल्याए, खाए, गरेर, एकता, एकादेश, एक, एघार, एक्काइस, एकतिस, एकचालिस एकतारे ... | | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) सामुदायिक सन्दर्भका विषयवस्तु छनोट गरी तिनका आधारमा छलफल, प्रस्तुति, प्रश्नोत्तर आदि क्रियाकलाप गराउने । क्रियाकलापका क्रममा निर्धारित वर्णका शब्द प्रयोगमा विद्यार्थीलाई उत्प्रेरित गर्ने ।

(आ) अ, आ र इ वर्णको जस्तै गरी उ र ए वर्णका ध्वनि उच्चारण अभ्यास गराउने । ऊ र ऋ वर्ण पहिचान मात्र गराउने । यस क्रममा पठित द्विस्वरको उच्चारण अभ्यासलाई जोड दिने ।

(इ) शब्द प्रयोगका आधारमा दिइएका नमुना शब्द र तिनमा रहेका सुरुका वर्णगत ध्वनि पहिचान उच्चारण गर्न लगाउने । यस क्रममा पूर्वपठित वर्ण र वर्णगत ध्वनिको पहिचान तथा उच्चारणलाई पुनरावृत्ति गर्ने ।

(ई) सान्दर्भिक बालकथा, गीत वा कविता सुनाई देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन लगाउने, यस्ता प्रसङ्ग वा सन्दर्भ सुनाउँदा तोकिएका शब्द र वर्ण प्रयोगमा ध्यानकेन्द्रित गरी तिनीहरू बढीभन्दा बढी अभ्यास गर्ने अवसर प्रदान गर्ने ।

(ऊ) अरूका कुरा सुन्ने र आफ्ना कुरा स्पष्टसँग राख्ने तथा आत्मविश्वासका साथ आफ्ना कुराको प्रस्तुति गर्ने र यस क्रममा आएका हलन्त तथा संयुक्त वर्ण एवम् अनुनासिकता भएको शब्दको उच्चारण गर्न पनि सिकाउने । यस्ता शब्दहरूलाई विशेष जोड भने नदिने ।

### (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित सूचना तथा सन्देश सुन्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्ने ।

(आ) कुनै स्थानको भ्रमण वा दृश्यवस्तुको अवलोकनका लागि ससाना समूहको निर्माण गरी समूह कार्य गराउने । समूह कार्य गर्दा स्वाभाविक रूपमा प्रयोगमा आउने आश्चर्य (आहा, ओहो, ए हो र, के भयो ?..), उत्साह (हुर्रे ...)लगायतका संवेगात्मक प्रस्तुति समावेश गरी त्यसको शैली जानकारी अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

### (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने ।

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने ।

(इ) ऋ भन्दा बालबालिकाले टेबलमा गई ऋषिको चित्र छानेर ल्याउन लगाई ऋषि शब्द उच्चारण गर्न लगाउने । यस्ता क्रियाकलाप गर्दा पहिला शिक्षकले नमुना प्रदर्शन गर्ने, त्यसपछि शिक्षक तथा कुनै एक विद्यार्थीले सँगसँगै गर्ने र अनि स्वतन्त्र रूपमा गर्ने अवसर दिने ।

(ई) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने ।

## (घ) शब्दभण्डार

(अ) परिचित वस्तुहरूलाई समूहमा सूचीकृत गर्न लगाउने, जस्तै :

शब्दहरूलाई वस्तु र चित्रका माध्यमबाट उच्चारण गर्दै समूहमा सूचीकृत गर्न लगाएर शब्दभण्डारको विकास गराउने । समूहभित्र पर्ने शब्दहरू, जस्तै : सुन्तला, दाल, फलफूल, मिठाई, गाईभैंसी, तरकारी, हात्ती, पाठो, स्याउ, अनार, केरा

खानेकुराका नाम : दाल, ..........................

जनावरका नाम : गाई, ........................................

फलफूलका नाम : स्याउ, .........................

(आ) चित्रहरूलाई समूह समूहमा छुट्याउन लगाउने, जस्तै :

विभिन्न वस्तुका चित्रहरू छ्यासमिस पारेर दिने र विद्यार्थीहरूलाई गोलो घेरामा राख्ने । चित्रलाई विभिन्न समूहमा सूचीकृत गर्न लगाउने, जस्तै : गिलास, चम्चा, कचौरा, थाल, ज्याकेट, सर्ट, मोजा, पाइन्ट, किताब, कलम, झोला, पेन्सिलको चित्र

भान्सामा प्रयोग हुने सामान :

लगाउने कपडा :

पढाइमा प्रयोग हुने सामान :

(इ) विभिन्न सान्दर्भिक सन्दर्भ सामग्री पढेर सुनाउने र विद्यार्थीले सुनेका नयाँ शब्द भए भन्न लगाउने । विद्यार्थी नयाँ शब्द पहिचान गरेमा त्यसका आधारमा ती शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने ।

(ई) शब्द र चित्र, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी शब्दको जोडा मिलाई वाक्य भन्न लगाउने, जस्तै :

| | | |
|---|---|---|
| उखु |  | ओरालो |
| एकतारे | | |
| उकालो | | एक प्रकारको बाजा |

## (ङ) पठन प्रवाह

(अ) निर्धारित वर्ण (उ, ऊ, ऋ र ए) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णको ध्वनिविभेद पनि गर्न लगाउने

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द बन्न भए त्यसलाई द्विस्वर पढ्ने अभ्यास गराउने ।

(इ) प्रश्न वा खोजका बाटोमा समावेश भएका शब्द समेटी पाठ तयार पारी सुनाई छलफल र प्रश्नोत्तर गराउने, जस्तै :

ऊष्मा र ऊर्जा उखुबारीमा गए । उखुबारीमा इनार थियो । इनार छेउमा ऋषि पनि रहेछन् । ऋषिले एकतारे बजाए । एकतारेको आवाज सुनेर ऊष्मा र ऊर्जा रमाए ।

(इ) स्थानीय लोकलयमा आधारित बालगीत वा कविता सङ्कलन गरी शिक्षकले ताली बजाउँदै गति, यति र लय हालेर गाउन र विद्यार्थीलाई सुन्न अभिप्रेरित गर्ने । दोस्रो अभ्यासमा विद्यार्थीलाई ताली बजाउन सिकाउने । तेस्रो अभ्यासमा ताली बजाउँदै आफूले पनि गाउने र विद्यार्थीलाई सँगसँगै गाउन लगाउने, जस्तै :

कति राम्रो हाम्रो गाउँ
चौतारीमा खेल्ने ठाउँ ।
बिहानीमा लागे घाम
हिँड साथी खेल्न जाम ।

हाम्रा धेरै छन् साथी
मिली खेल्दा झन् जाती ।
हिजो खेल्दा विजेता
आज बन्छु म नेता

(ई) अभ्यासका क्रममा आवश्यक पर्ने विद्यार्थीलाई लयात्मक वाचनमा सहयोग गर्ने र सिकिसकेका विद्यार्थीका लागि मिल्दाजुल्दा लयमा आधारित भई अतिरिक्त अभ्यास पनि गराउने । यस क्रममा बालगीत वा कविता छनोट गर्दा सकेसम्म अनुप्रास मिलेका परिचित शब्द प्रयोग भएका गीत वा कविता छनोटमा विशेष ध्यान दिने, जस्तै :

कात, खात, जात, मात, भात, पात

सानी, नानी, पानी, खानी, मानी, रानी, छानी, ठानी, दानी

.....

## (च) पठन बोध

(अ) पठन प्रवाहमा नै उपयोग गरिएकै वा त्यस्तै अन्य पाठ सुनाई स्थानीय परिवेश र पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने, जस्तै :

ऊष्मा र ऊर्जा उखुबारीमा गए । उखुबारीमा इनार थियो । इनार छेउमा ऋषि पनि रहेछन् । ऋषिले एकतारे बजाए । एकतारेको आवाज सुनेर ऊष्मा र ऊर्जा रमाए ।

पाठगत सन्दर्भ र स्थानीय परिवेश नमिलेमा सान्दर्भिक अन्य प्रसङ्ग, विषयवस्तु र चित्र प्रस्तुत गरी विद्यार्थीको बुझाइलाई पुनर्बल प्रदान गर्ने ।

(आ) विद्यार्थीलाई ससाना समूहमा राखी शब्दचित्रकथा वितरण गर्ने र त्यस कथाका बारेमा छलफल गर्न लगाउने, जस्तै सिंह र खरायोको कथा । त्यसपछि शब्दचित्रकथाका घटनाक्रमको बोध गर्न लगाउने र शब्दचित्रकथालाई सिलसिला मिलाई मौलिक वाक्यमा भन्न लगाउने (पहिला शिक्षकले भनीदिने, त्यसपछि शिक्षक विद्यार्थी दुवैले भन्ने र अनि स्वतन्त्र रूपमा भन्ने अवसर दिने) । यस्ता अभ्यास गर्दा पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्न) को पहिचान र प्रयोगको अवस्थाका उदाहरण प्रशस्त उदाहरण दिई अभ्यास गराउने ।

(इ) कथामा सिंहले के के गऱ्यो ? खरायोले के के गऱ्यो ? भनी पात्र पहिचान र तिनका कार्यलाई छोटकरीमा वर्णन गर्न लगाउने ।

### (छ) लेखाइ

(अ) निर्धारित वर्ण र मात्राको लेखन अभ्यास गराउने (अ देखि ए सम्म) ।

| | | | |
|---|---|---|---|
| अ | .... | .... | .... |
| आ | .... | .... | .... |
| इ | .... | .... | .... |
| ई | .... | .... | .... |
| उ | .... | .... | .... |
| ऊ | .... | .... | .... |
| ऋ | .... | .... | .... |
| ए | .... | .... | .... |

(आ) विसङ्केतन शब्द (आई) तथा लब्ध शब्द (आफ्नो नाम)को अनुलेखन गराउने

| | | | |
|---|---|---|---|
| आई | .... | .... | .... |
| आऊ | .... | .... | .... |
| आए | .... | .... | .... |
| ....(साथीको नाम) | .... | .... | .... |

## ८. मूल्याङ्कन

- उपयुक्त भाषिक प्रयोग गरे नगरेको भनी हेर्ने
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई व्यवहारमा उतारेको वा नउतारेको हेर्ने
- भाषिक सञ्चारका क्रममा आत्मविश्वास बढ्दै गएको वा नगएको अवलोकन गर्ने
- लिखित अभ्यास

# विषयक्षेत्र : हाम्रो विद्यालय

**विषयगत क्षेत्र : स्वर वर्ण  र मात्रा पहिचान (ऐ, ओ, औ, अं, अः, ै, ो, ौ, ं, ः)** पाठ्यघण्टा : १२

## १. एकाइ परिचय

विद्यार्थीको दोस्रो घरका रूपमा विद्यालयलाई लिने गरिन्छ । विद्यालयको परिवेशमा बगैंचा, खेलसामग्री, खेलमैदान, चमेना गृह, कक्षाकोठा, कौसी, पुस्तकालय, शौचालय जस्ता क्षेत्र पर्न सक्छन् । यस्ता सन्दर्भमा विद्यार्थीको भाषिक प्रयोगको आधार तथा क्षेत्र पृथक् रहन सक्छ । उक्त पृथक् क्षेत्रमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले ऐ, ओ, औ, अं र अः वर्णको पहिचान र प्रयोग, ओ वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, पठित वर्णसँग मात्राको सम्बन्ध स्थापना, हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति, आश्चर्य, उत्सुकता र उमङ्ग जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया, शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान, पाठगत पात्र, कार्य वा घटना पहिचान र वर्णन, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- ओ  वर्ण पहिचान गरी उच्चारण गर्न
- अ, आ, इ, उ, ए, ओ वर्ण पहिचान गरी उच्चारण गर्न

### श्रव्य/दृश्यबोध

- श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति गर्न
- आश्चर्य, उत्सुकता, घृणा, चिन्ता, हर्ष जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट ओ, औ, अं, अः वर्णको ढाँचा निर्माण गर्न
- चन्द्रबिन्दु ( ँ), शिरबिन्दु ( ं) र विसर्ग ( ः ) को प्रयोग गर्न
- पढेका स्वरवर्ण तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न

### शब्दभण्डार

- परिचित वस्तु र चित्रहरूको समूह बनाउन
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण र अर्थबोध गर्न
- पाठका अनुच्छेद सुनेर नयाँ शब्द पहिचान र उच्चारण गर्न

### पठन प्रवाह

- स्वरवर्ण, विसङ्केतक र लब्ध शब्द पढ्न

### पठन बोध

- स्थानीय परिवेश, पाठको परिवेश र आफ्नो अनुभवबारे छलफल गर्न
- शीर्षक, चित्र, परिवेश र सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- पाठका आधारमा पात्र र घटना पहिचान गरी वर्णन गर्न

### लेखाइ

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- पढेका वर्णको अनुलेखन र श्रुतिलेखन गर्न
- विसङ्केतक शब्द तथा लब्ध शब्दको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग अवस्था ख्याल गरी अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो विद्यालय सम्बद्ध विषयवस्तु पहिचान र वर्णन, शब्दको सुरु तथा अन्तका स्वरवर्ण (ऐ, ओ, औ, अं, अः) का वर्णगत ध्वनि पहिचान र उच्चारण, पदसङ्गति र लेख्यचिह्न (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्न) को प्रयोगका सचेततासहितको अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

- ऐना देखिन् रे (ऐ र ओ वर्ण)
- मैना (ऐ वर्ण)
- ओठमा ओखती (ओ वर्ण)
- औजारले समाऊ (औ र अं वर्ण)
- ओदानको खुट्टो (औ वर्ण)
- अंशु र अंशुमा (अं वर्ण)

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- सूचना साक्षरता सिप S 4.4
- प्रयोग सिप S 1.1
- सहकार्य सिप S 3.2
- दृश्य साक्षरता सिप S 4.3

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्रासङ्गिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| हाम्रो विद्यालय | ८. ऐ र ओ | ऐना देखिन् रे | ऐरावत, ऐकार, ऐंजेरु, ऐंसेलु, ऐया, ऐर, ऐना, ऐश, ऐरो, ओखती, ओडार, ओरालो, ओस, ओदान, ओखर, ओखल, ओलन ... | | विद्यालयको नाम |
| | | मैना | ऐया, ऐर, ऐरावत, ऐन, ऐकार, ऐना, ऐरो ... | | |
| | | ओठमा ओखती | ओठ, ओदान, ओखती, ओखर, ओडार, ओस, ओरालो, ओझ्न, ओलन, ओखल, ओभानो ... | आओ | |
| | ९. औ, अं, अः | औजारले समाऊ | औधी, औजार, औषधी, अंशुमा, औंला, औंसा, औला, औसत ... | | |
| | | ओदानको खुट्टो | औंला, औधी, औजार, औसत, औषधी, औतारी, औलो ... | | |
| | | अंशु र अंशुमा | अंश, अंशु, अंशुमा, अंशुमाला, अंशुवर्मा, अंसियार, अःकार ... | | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) विद्यालयको सेरोफेरोमा उपलब्ध हुने विषयवस्तु छनोट गरी तिनका आधारमा छलफल, प्रस्तुति, प्रश्नोत्तर आदि क्रियाकलाप गराउने । क्रियाकलापका क्रममा निर्धारित वर्णका शब्द प्रयोगमा विद्यार्थीलाई उत्प्रेरित गर्ने ।

(आ) पठित वर्णको जस्तै गरी ओ वर्णको ध्वनि उच्चारण अभ्यास गराउने । ऐ, औ, अं र अः वर्णहरूको पहिचान मात्र गराउने । यस क्रममा पठित द्विस्वर (आई, आऊ, आए, आओ) को उच्चारण अभ्यासलाई जोड दिने ।

(इ) शब्द प्रयोगको आधारमा दिइएका नमुना शब्द र तिनमा रहेका सुरुका वर्णगत ध्वनि पहिचान उच्चारण गर्न लगाउने । यस क्रममा पूर्वपठित वर्ण र वर्णगत ध्वनिको पहिचान तथा उच्चारणलाई पुनरावृत्ति गर्ने ।

(ई) सान्दर्भिक बालकथा, गीत वा कविता सुनाई देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन लगाउने, यस्ता प्रसङ्ग वा सन्दर्भ सुनाउँदा तोकिएका शब्द र वर्ण प्रयोगमा ध्यान केन्द्रित गरी तिनीहरू बढीभन्दा बढी अभ्यास गर्ने अवसर प्रदान गर्ने ।

(ऊ) विद्यालय परिवेशको वर्णन गर्दा नयाँ धारणा र विचारको प्रयोग गर्ने (धेरै साथी हुने, साथीले सहयोग गर्ने, साथीका काम र कुरा सुनी नयाँ धारणा तथा विचार निर्माण गर्ने), जस्तै : साथी खेल्न गयो । उ दौडँदै गयो । त्यसैले उ लड्यो । अब म दौडँदै जान्नँ ।

(ऋ) सूचनाका बारेमा छलफल गरी निष्कर्ष निकाल्ने, जस्तै : आज मिसले खाजा समयमा बोलाउनुभएको छ । मलाई दिदीले पनि बोलाउनुभएको छ । म कतातिर जाऔँ ? यस्ता सन्दर्भमा आफ्ना कुरा स्पष्टसँग राख्ने तथा आत्मविश्वासका साथ आफ्ना कुराको प्रस्तुति गर्ने र यस क्रममा आएका हलन्त तथा संयुक्त वर्ण एवम् अनुनासिकता भएको शब्दको उच्चारण गर्न पनि सिकाउने । यस्ता शब्दहरूलाई विशेष जोड भने नदिने ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित घर तथा विद्यालयका बारेमा प्रकाशित वा प्रसारित सूचना तथा सन्देश सुन्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्ने

(आ) कुनै स्थानको भ्रमण वा दृश्यवस्तुको अवलोकनका लागि ससाना समूहको निर्माण गरी समूह कार्य गराउने । समूह कार्य गर्दा स्वाभाविक रूपमा प्रयोगमा आउने आश्चर्य (ओहो, ए हो र, के भयो ?..), उत्साह (हुर्रे ...) लगायतका संवेगात्मक प्रस्तुति समावेश गरी त्यसको शैली जानकारी अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने ।

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने ।

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने ।

## (घ) शब्दभण्डार

(अ) परिचित वस्तुहरूलाई समूहमा सूचीकृत गर्न लगाउने, जस्तै :

शब्दहरूलाई वस्तु र चित्रका माध्यमबाट उच्चारण गर्दै समूहमा सूचीकृत गर्न लगाएर शब्दभण्डारको विकास गराउने । समूहभित्र पर्ने शब्दहरू, जस्तै : किताब, कापी, सिसाकलम, झोला, इरेजर, भकुन्डो

पढ्दा प्रयोग हुने सामग्रीका नाम : किताब, ..........................

लेख्दा प्रयोग हुने सामग्री नाम : कापी, ........................................

खेलसामग्रीका नाम : फुटबल, .........................

(आ) पाठगत सन्दर्भसँग मिल्ने गरी आफूले तयार पारेर ल्याएका वाक्यपत्ती प्रदर्शन गर्ने र त्यसमा छलफल गराउने । विद्यार्थी यसमा समर्थ देखिएमा नयाँ शब्द दिएर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने । यसरी अभ्यास गराउँदा पाठ्यसामग्री प्रयोग भएका, विद्यार्थीको सन्दर्भ र परिवेशअनुसारका शब्द छनोट गर्ने ।

(इ) विभिन्न बालकथाहरू सुनाई ती कथामा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ छलफल गराउने र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने ।

(ई) विभिन्न सान्दर्भिक सन्दर्भ सामग्री पढेर सुनाउने र विद्यार्थीले सुनेका नयाँ शब्द भए भन्न लगाउने । विद्यार्थी नयाँ शब्द पहिचान गरेमा त्यसका आधारमा ती शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने ।

(उ) शब्द र चित्र, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी शब्दको जोडा मिलाई वाक्य भन्न लगाउने ।

## (ङ) पठन प्रवाह

(अ) निर्धारित वर्ण (ऐ, ओ, औ, अं र अः) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णगत ध्वनि भएका वर्णको ध्वनिविभेद पनि गर्न लगाउने ।

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द बन्ने भए त्यसलाई द्विस्वर पढ्ने अभ्यास गराउने ।

(इ) उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले नमुना शब्दसूची तयार पारी त्यसका आधारमा शब्द उच्चारण गरी ध्यानपूर्वक सुन्न लगाउने । शब्दहरूको उच्चारणका क्रममा शब्दपत्ती वा शब्दचित्रपत्ती देखाउने । त्यसपछि सूचीमा रहेका शब्दमध्ये तपाईं आफैँले कुनै शब्द भन्ने, जस्तै : आऊ । यसैगरी शब्दपत्ती देखाउँदै पूरै कक्षाका विद्यार्थी, युगल वा ससाना समूह शब्द पठन गर्न लगाउने ।

उल्लिखित क्रियाकलापलाई विद्यार्थी गरेको अवस्थामा हातको बुढीऔँला तलमाथि गर्ने तथा ताली बजाउने जस्ता क्रियाकलाप पनि गरी विद्यार्थीलाई सक्रिय बनाउने ।

## (च) पठन बोध

(अ) कुनै सान्दर्भिक पाठ खोजी कक्षामा सुनाउने पाठ सुनाई स्थानीय परिवेश र पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने जस्तै :

> अंशु ऐरावत चढे । अंशु ऐरावतबाट लढे । उनलाई चोट लाग्यो । अंशु अस्पताल गए । चोटमा ओखती लगाए । अंशु खुसी भए ।

पाठगत सन्दर्भ र स्थानीय परिवेश नमिलेमा सान्दर्भिक अन्य प्रसङ्ग, विषयवस्तु र चित्र प्रस्तुत गरी विद्यार्थीको बुझाइलाई पुनर्बल प्रदान गर्ने

(आ) विद्यार्थीलाई ससाना समूहमा राखी शब्दचित्रकथा वितरण गर्ने र त्यस कथाका बारेमा छलफल गर्न लगाउने, जस्तै चरो र कमिलाको कथा । त्यसपछि शब्दचित्रकथाका घटनाक्रमको बोध

गर्न लगाउने र शब्दचित्रकथालाई सिलसिला मिलाई मौलिक वाक्यमा भन्न लगाउने (पहिला शिक्षकले भनीदिने, त्यसपछि शिक्षक विद्यार्थी दुवैले भन्ने र अनि स्वतन्त्र रूपमा भन्ने अवसर दिने) । यस्ता अभ्यास गर्दा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्न) को पहिचान र प्रयोगको अवस्थाका उदाहरण प्रशस्त उदाहरण दिई अभ्यास गराउने ।

(इ) कथामा चराले कमिलोलाई कसरी बचायो ? कमिललाई किन खोलाले बगायो ? भनी पात्र पात्र, कार्य वा घटना पहिचान र वर्णन गर्न लगाउने ।

(ई) चरो र कमिलो कथाको जस्तै कुनै घटना देखेका, सुनेको वा अनुभव गरेको भए सो भन्न र पाठको घटनासँग दाँज्न लगाउने ।

(उ) निम्नानुसारका जस्तै कविता सिर्जना वा सङ्कलन गरी विद्यार्थीलाई पाठगत विविधतामा अभ्यास गराउने :





आहा ! हाम्रो विद्यालय कति राम्रो छ ।
हरिया बोट बिरुवा बगैंचा नि छ ।
डोरी पिङ, चाकाचुली, चिप्लेटी नि छ ।
पालैपालो खेल्न साथी कति मज्जा छ ।

साथी साथी स्कुलमा जान्छौं मिलेर
पढ्छौं लेख्छौं सधैं हामी ज्ञानी बनेर
सफा सुग्घर गरी बस्छौं कक्षाकोठामा
रमाई रमाई खेल्छौं हामी बेला बेलामा ।

## (छ) लेखाइ

(अ) निर्धारित वर्ण र मात्राको लेखन अभ्यास गराउने (अ देखि अः सम्म) ।

(आ) विसङ्केतन शब्द (आई) तथा लब्ध शब्द (आफ्नो नाम) को अनुलेखन गराउने

| | | | |
|---|---|---|---|
| आओ | .... | .... | .... |
| आए | .... | .... | .... |
| ....(आफ्नो नाम) | .... | .... | .... |
| ....(साथीको नाम) | .... | .... | .... |
| ....(विद्यालयको नाम) | .... | .... | .... |

## ८. मूल्याङ्कन

- उपयुक्त भाषिक प्रयोग गरे नगरेको भनी हेर्ने
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई व्यवहारमा उतारेको वा नउतारेको हेर्ने
- भाषिक सञ्चारका क्रममा आत्मविश्वास बढ्दै गएको वा नगएको अवलोकन गर्ने
- लिखित अभ्यास

# विषयक्षेत्र : हाम्रो वातावरण

## विषयगत क्षेत्र : व्यञ्जन वर्ण पहिचान र मात्रा प्रयोग (क-कः)

पाठ्यघण्टा : २०

## १. एकाइ परिचय

हरेक विद्यार्थी आफ्नो वरपरका परिवेश, गतिविधि र वातावरणका बारेमा जानकार हुन्छ । यस्ता विषयक्षेत्रमा करेसाबारी, जनावर, चरा, किरा, झरी, कुवा वा पोखरी, चिसो, तातो जस्ता क्षेत्र पर्न सक्छन् । यस्ता सन्दर्भमा विद्यार्थीको भाषिक प्रयोगको आधार तथा क्षेत्र व्यापक एवम् व्याहारिक बन्ने देखिन्छ । अतः उक्त पृथक् क्षेत्रमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले क-कः वर्णको पहिचान र प्रयोग, वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, पठित वर्णसँग मात्राको सम्बन्ध स्थापना, अनुमान र समस्या पहिचानसहित मौखिक प्रस्तुति, आश्चर्य, उत्सुकता र उमङ्ग जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया, शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान, पाठगत पात्र, कार्य वा घटना पहिचान र वर्णन, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- मात्रासहितका क वर्णको पहिचान गरी उच्चारण र वर्ण विभेदीकरण गर्न
- विसङ्केतक शब्दका सुरु र अन्त्यका ध्वनि पहिचान तथा उच्चारण गर्न

### श्रव्य/दृश्यबोध

- आश्चर्य, उत्सुकता, घृणा, चिन्ता, हर्ष जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न
- अनुमान र समस्या पहिचानसहित मौखिक वर्णन गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- पढेका वर्ण (स्वर र व्यञ्जन) तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न

### शब्दभण्डार

- पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको दाँज्न
- पाठका अनुच्छेदका आधारमा नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न

### पठन प्रवाह

- हाउभाउ, गति र शुद्धतासहित विसङ्केतक (वर्ण, शब्द र सरल वाक्य) पढ्न

### पठन बोध

- स्थानीय परिवेश, पाठको परिवेश र आफ्नो अनुभवबारे छलफल गर्न
- शीर्षक, चित्र, परिवेश र सन्दर्भका बारेमा छलफल र प्रश्नोत्तर गर्न
- पाठमा आधारित भई पात्र, कार्य, घटना र चरित्र पहिचान तथा वर्णन गर्न

### लेखाइ

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- वर्ण तथा शब्दको अनुलेखन र श्रुतिलेखन गर्न
- पढेका शब्द प्रयोग भएका वाक्यको आकारप्रकार मिलाई उपयुक्त ढाँचामा अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति दिन
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी विषयवस्तु वा सन्दर्भको वर्णन गर्न

## ३. मुख्य विषयवस्तु/दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द, लब्ध र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो वातावरण सम्बद्ध विषयवस्तु पहिचान र वर्णन, शब्दको सुरु अन्तका मात्रारहित तथा मात्रासहितका व्यञ्जन वर्ण क, का, कि, की, कु, कू, के) का वर्णगत ध्वनि पहिचान र उच्चारण, पदसङ्गति र क्रियाका कालको प्रयोगको सचेततासहितको भाषिक अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

व्यञ्जन वर्ण : क, का, कि, की, कु, कू, कृ, के

| | |
|---|---|
| • करेसामा कविता | क वर्ण |
| • कछुवा जिल्ल पऱ्यो | क वर्ण |
| • पाक्यो काफल | का, कि, की वर्ण |
| • काकाको कोट | का, कि, की वर्ण |
| • सानो केटो | कु, कू, कृ, के |
| • कुखुरालाई कनिका | कु, कू, कृ, के |
| • कैलालीका कैलाश | कै, को, कौ, कं |
| • कोसेली | कै, को, कौ, कं |

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- रचनात्मक सोच सिप (S1.3)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)
- सूचना साक्षरता सिप (S4.4)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| हाम्रो वातावरण | १०. क वर्ण | करेसामा कविता | करेसा, कविता, काकी, काउली, कप, कल, कटहर, कटुस, कमल, कमिला, कता, करुवा, कलकली, कति, कलश, कस, कम, कचकच, करेला, कन, कर .... | एक | छ/छैन |
| | | कछुवा जिल्ल पऱ्यो | कछुवा, कमिला, कविता, कला, कलह, कद, कफ, करङ, कपाल ... | | |
| | ११. का, कि, की | पाक्यो काफल | कवि, कलम, कविता, करेसा, किरा, कमिला, काकाकाकी, कता, काग, कागज, कालिज, काफल, काम, काउली, कालो, कान, काट, कार, कसले, काइँयो, कोऱ्यो, कोइली ... | काई, काका, काकी | |
| | | काकाको कोट | काका, कोट, काउली, काग, काल्ला, कान, करायो, किताब, किनार, किसान, किरो, किच, किन, किलो, कीर्तन, कीर्ति, कीटाणु, कीट... | काई, काका, काकी | |
| | १२. कु, कू, कृ, के | सानो केटो | कुकुर, कुमुद, कनिका, कृष्णा, केराउ, केदार, कुलो, कुहिरो, कुवा, कुना, कुखुरो, कुम, कुट, कुद, कुश, कुटी, कूप, कृषक, केशव, केरा, केटो ... | काकु (कथ्य प्रयोग) इकु (नाम पद), केक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कुखुरालाई कनिका | कुकुर, कुलो, कुहिरो, कुवा, कुना, कुखुरो, कुम, कुट, कुद, कुश, कुटी, कूज, कूट, कूप, कूल, कृष्ण, कृषि, कृषक, कूची,केरा, केराउ, केश, केशव, केसरी, केजी, केटा, केटी, केही ... ... | | हो/ होइन/ म |
| | १३. कै, को, कौ, कं | कैलालीका कैलाश | कैलाली, कैलाश, को, कोठा, कोट, कौशल, कौवा, कौसी, कंसाकार, कैलो, कोइली, कोमल, कोटेश्वर, कौशलटार, कंसाकार | | |
| | | कोसेली | कैलो, कैदी, कैलाली, कैलाश, कैद, कैले, कोट, कोठा, कोदो, कोइली, कोदालो, कोइला, कोपरा, कोही, कोण, कोमल, कौवा, कौडी, कौसी, कौरव, कौशल, किसान, कोठेबारी, काम, कोसेली, कौशल (नाम पद), कंस, कंसाकार ... | | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) मेरो वातावरणमा रहने विषयवस्तु छनोट गरी तिनका आधारमा छलफल, प्रस्तुति, प्रश्नोत्तर आदि क्रियाकलाप गराउने । क्रियाकलापका क्रममा शब्दको सुरुमा निर्धारित वर्ण प्रयोग भएका शब्द प्रयोगमा विद्यार्थीलाई उत्प्रेरित गर्ने ।

(आ) शब्दका अन्त्यमा पठित वर्ण प्रयोग भएका शब्दहरू सङ्कलन गर्ने, जस्तै : काकी, गाई, तराई, सलाई आदि । ती शब्दहरूको शब्दपत्ती वा शब्दचित्रपत्ती पनि तयार पारी प्रदर्शन गर्ने । /का//कि/, /गा//इ/, /त//रा/ /इ/, /स//ला//इ/ शब्दहरूलाई उच्चारण गर्ने र विद्यार्थीहरूलाई अनुवाचन गर्न लगाउने । त्यसपछि अन्त्यमा रहेको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : काकी /का//कि/, गाई /इ/, तराई /इ/ । यस्तो अभ्यासलाई पटक पटक दोहोऱ्याउने । त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि अन्त्यमा आउने शब्दहरूको सूची बनाउन र ती शब्दहरू उच्चारण गर्दा अन्त्यमा कुन ध्वनि आयो, भनिदिनुहोस्, जस्तै : इकु, केक, मलाई, मिठाई ।

(इ) शब्दसूचीका शब्द उच्चारण गर्दै अन्त्यमा रहेको निर्धारित ध्वनि, जस्तै /कि/, /इ/... आउने शब्द उच्चारण गर्दा बुढीऔँला माथि गर्ने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने तथा शब्दको अन्त्यमा अन्य ध्वनि आउने शब्दमा बुढीऔँला तल गर्ने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने अभ्यास गराउने, जस्तै :

| | | |
|---|---|---|
| /कि/ ध्वनि | काकी | : बुढीऔँला माथि गर्ने |
| /इ/ ध्वनि | तराई, सलाई, मलाई मिठाई | : बुढीऔँला माथि गर्ने |
| | असल | : बुढीऔँला तल गर्ने |

(ई) बालबालिकालाई शब्दको अन्त्यमा समान ध्वनि आउने शब्द दिई पहिचान तथा उच्चारण गर्ने अभ्यास गराउने र उच्चारण तथा पहिचानमा कठिनाइ भएका बालबालिकालाई प्रशस्त मौका दिई अभ्यास गराउने ।

(उ) शब्द प्रयोगको आधारमा दिइएका नमुना शब्द र तिनमा रहेका सुरुका वर्णगत ध्वनि पहिचान उच्चारण गर्न लगाउने । यस क्रममा पूर्वपठित वर्ण र वर्णगत ध्वनिको पहिचान तथा उच्चारणलाई पुनरावृत्ति गर्ने ।

(ऊ) आफ्नो वरपरको वातावरणका बारेमा छलफल गरी निष्कर्ष निकाल्ने, जस्तै : आज म पधेँरामा गए । पधेँरामा धेरै गाग्री रहेछन् । गाग्रीमा टन्न पानी भरेँ । आमाले गाग्री बोकेर घरतिर लाग्नुभयो । म पनि आमाको पछिपछि लागेँ । यस्ता सन्दर्भमा आफ्ना कुरा स्पष्टसँग राख्ने तथा आत्मविश्वासका साथ आफ्ना कुराको प्रस्तुति गर्ने र यस क्रममा आएका हलन्त तथा संयुक्त वर्ण एवम् अनुनासिकता भएको शब्दको उच्चारण गर्न पनि सिकाउने । यस्ता शब्दहरूलाई विशेष जोड भने नदिने ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित वातावरणका बारेमा प्रकाशित वा प्रसारित सूचना तथा सन्देश सुन्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने

(आ) कुनै स्थानको भ्रमण वा दृश्यवस्तुको अवलोकनका लागि ससाना समूहको निर्माण गरी समूह कार्य गराउने । समूह कार्य गर्दा स्वाभाविक रूपमा प्रयोगमा आउने आश्चर्य (ओहो, ए हो र, के भयो ?..), उत्साह (हुर्रे ...)लगायतका संवेगात्मक प्रस्तुति समावेश गरी त्यसको शैली जानकारी अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने ।

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने ।

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने ।

## (घ) शब्दभण्डार

(अ) सान्दर्भिक शब्दहरूको समूह विस्तार गर्न लगाउने जस्तै :

कुनै एक शब्दबाट एकभन्दा बढी शब्दहरू बनाउन सकिन्छ । यसका लागि तीन अक्षर, चार अक्षर र पाँच अक्षरका शब्दमा अभ्यास गराउने, जस्तै :

| चरण | शब्द | बन्ने अरू शब्द |
|---|---|---|
| पहिलो | कपास | कस, पास, |
| दोस्रो | जनकपुर | जन, जनक, पुर, नर, कपुर, कर |
| तेस्रो | काकाकुल | काका, काकु, कुल, काल |

(आ) पाठगत सन्दर्भ (वातावरण) सँग मिल्ने गरी आफूले तयार पारेर ल्याएका वाक्यपत्ती प्रदर्शन गर्ने र त्यसमा छलफल गराउने । विद्यार्थी यसमा समर्थ देखिएमा नयाँ शब्द दिएर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने । यसरी अभ्यास गराउँदा पाठ्यसामग्री प्रयोग भएका, विद्यार्थीको सन्दर्भ र परिवेशअनुसारका शब्द छनोट गर्ने ।

(इ) विभिन्न बालकथाहरू सुनाई ती कथामा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ छलफल गराउने र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने

(ई) विभिन्न सान्दर्भिक सन्दर्भ सामग्री पढेर सुनाउने र विद्यार्थीले सुनेका नयाँ शब्द भए भन्न लगाउने । विद्यार्थी नयाँ शब्द पहिचान गरेमा त्यसका आधारमा ती शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने ।

(उ) शब्द र चित्र, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी शब्दको जोडा मिलाई वाक्य भन्न लगाउने ।

## (ङ) पठन प्रवाह

(अ) निर्धारित वर्ण (क, का, कि, की कु, कू, कृ र के) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णगत ध्वनि भएका वर्णको ध्वनिविभेद पनि गर्न लगाउने

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द (आई, आऊ, आए, आओ, काका, काकी, काई, इकु, केक) तथा लब्ध शब्द (छ, हो) प्रयोग गरी निर्माण पाठको गति, यति र शुद्धतासँग अनुपठन, सहपठन र स्वतन्त्र पठन गर्ने अभ्यास गराउने । उल्लिखित खालका पठन गर्दा सस्वर, युगल जोडी, समूह पठन तथा द्रुत पठन गर्न लगाउने

(इ) उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा पठनमा समस्या भएका विद्यार्थीलाई लक्षित गर्दा शिक्षकले नमुना शब्दसूची तयार पारी त्यसका आधारमा शब्द उच्चारण गरी ध्यानपूर्वक सुन्न लगाउने । शब्दहरूको उच्चारणका क्रममा शब्दपत्ती वा शब्दचित्रपत्ती देखाउने । त्यसपछि सूचीमा रहेका शब्दमध्ये तपाईं आफैँले कुनै शब्द भन्ने, जस्तै : काई । यसैगरी शब्दपत्ती देखाउँदै सुधार आवश्यक भएका विद्यार्थी, युगल वा ससाना समूह शब्द पठन गर्न लगाउने ।

उल्लिखित क्रियाकलापलाई विद्यार्थी गरेको अवस्थामा हातको बुढीऔँला तलमाथि गर्ने तथा ताली बजाउने जस्ता क्रियाकलाप पनि गरी विद्यार्थीलाई सक्रिय बनाउने ।

## (च) पठन बोध

(अ) कुनै सान्दर्भिक पाठ खोजी कक्षामा सुनाउने पाठ सुनाई स्थानीय परिवेश र पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने, जस्तै :

**काकाकाकी आउनुभयो । काफल किनी ल्याउनुभयो । हामीलाई कागजमा काफल दिनुभयो । काफल राखेपछि कागज कालो भयो । काका करेसाबारीमा जानुभयो । करेसाबारीमा काग आयो । नजिकका वनमा कालिज देखियो । काग करायो । कागको आवाज सुनेर कालिज भाग्यो । काकाले काउली टिपी ल्याउनुभयो । काकीले काउली काटी पकाउनुभयो ।**

पाठगत सन्दर्भ र स्थानीय परिवेश नमिलेमा सान्दर्भिक अन्य प्रसङ्ग, विषयवस्तु र चित्र प्रस्तुत गरी विद्यार्थीको बुझाइलाई पुनर्बल प्रदान गर्ने ।

(आ) विद्यार्थीलाई ससाना समूहमा राखी शब्दचित्रकथा सुनाउने, जस्तै : छट्टु स्याल । त्यसपछि शब्दचित्र कथाका मुख्य मुख्य घटना भन्न लगाउने र शब्दचित्र कथालाई सिलसिला मिलाई पुनर्कथन गर्न लगाउने (पहिला शिक्षकले भनीदिने, त्यसपछि शिक्षक विद्यार्थी दुवैले भन्ने र अनि स्वतन्त्र रूपमा भन्ने अवसर दिने) । यस्ता अभ्यास गर्दा लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहितको प्रयोग गरी  सामान्य भूत, वर्तमान र भविष्यत् कालका वाक्यको प्रयोग गरी विषयवस्तु वा सन्दर्भको वर्णन गर्न लगाउने ।

(इ) पाठका आधारमा प्रश्नोत्तर गर्न लगाउने ।

(ई) प्रश्नोत्तरकै माध्यमले छट्टु स्याल कथाको पात्र, कार्य, घटना र चरित्र पहिचान तथा वर्णन गर्न र प्राप्त ज्ञानसिपको स्वमूल्याङ्कन गर्न लगाउने, जस्तै :

- कथामा को को छन् ?
- स्यालले के के गऱ्यो ? आदि ।

यसका साथै प्रश्नोत्तर तथा छलफलका माध्यमबाट सिकेका कुराको वर्गीकरण र प्राथमिकीकरण गर्ने तथा अनुमान, परिकल्पना र स्वपरीक्षण गर्ने अभ्यास गराउने ।

### (छ) लेखाइ

(अ) विसङ्केतन शब्द, लब्ध शब्द तथा वाक्यको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- निर्धारित शब्द पहिचान, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाएर
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई मौखिक तथा लिखित प्रस्तुति गर्न लगाएर
- निर्देशित तथा स्वतन्त्र अभिव्यक्ति गर्न लगाएर
- भाषिक समस्याका बारेमा छलफल र उपयुक्त विकल्प पहिचान गर्न लगाएर
- त्रुटि पहिचान र सुधार गर्ने तथा प्राप्त भाषिक सूचना सङ्कलन तथा प्राथमिकीकरण गर्ने जस्ता अभ्यास गर्न लगाएर

# विषयक्षेत्र : मेरो सिर्जना

**विषयगत क्षेत्र : व्यञ्जन वर्ण पहिचान र मात्रा प्रयोग (ख, ग र घ)** पाठ्यघण्टा : १५

## १. एकाइ परिचय

रङको प्रयोग गर्ने, कोठालाई सफा र सुन्दर बनाउने, सफासँग लेख्ने, मिठो बोलीवचन गर्ने, चुट्किला भन्ने, सफासँग खाना तथा खाजा खाने बानीको विकास गर्ने, रोपाइँ, गोडमेल जस्ता कार्यको अवलोकन तथा स्तरअनुसारको सहयोग गर्ने, विभिन्न ठाउँको फोटो खिच्ने वा तस्बिर बनाउने जस्ता कार्य सिर्जनासँग सम्बन्धित क्रियाकलाप हुन् । यसै गरी सफासँग खाना गीत, कविता, अभिनय, नाच, नक्कल, भेला, बाजा (सङ्गीत) जस्ता विषयक्षेत्रका सिर्जनाका आधारभूत पक्ष नै हुन् । यस्ता विषक्षेत्रमा बालसाहित्यको धेरैभन्दा धेरै उपयोग गर्न सकिन्छ । बालबालिकाले गीत वा कविताका भाकामा लय हाल्दै अभिनय र नृत्य गर्न सके मनोरञ्जनात्मक सिकाइ हुन सक्छ । सबै भेला हुने, एकअर्काका आनीबानी नक्कल गर्ने, स्वतन्त्र अभिनय गर्ने कार्य बालरुचिका विषयक्षेत्र हुन् । यसले सिकाइप्रति जिज्ञासु र उत्सुक बनाउँछ । यसका लागि बालबालिका सम्बद्ध बालसाहित्यमा जानकार हुन जरुरी छ । यसका साथै चित्र निर्माण बालबालिका रुचिको प्रमुख क्षेत्र नै हो । उल्लिखित सिर्जनात्मक पक्षको अभिवृद्धिका विविध पक्षमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले मात्रासहितका ख, ग र घ वर्णको पहिचान र प्रयोग गर्ने, पठित वर्णको वर्णगत ध्वनि पहिचान गरी सङ्केतन, विसङ्केतन तथा लेखन गर्ने, अनुमान र समस्या पहिचानसहित मौखिक रूपमा भन्ने, दुःख, हर्ष र चिन्ता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया दिने, श्रव्य वा दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गरी भन्ने, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल तथा सार निर्माण गर्ने, परिवेशगत, पात्रगत वा घटनागत सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना गर्ने, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन गर्ने, थोप्ला जोडी आकृति वा चित्र निर्माण गर्नेलगायतका कार्यका आधारमा निर्धारित सक्षमता हासिल गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- मात्रा लागेका र नलागेका ख, ग, घ वर्णको पहिचान गरी उच्चारण र शब्दमा वर्ण विभेदीकरण गर्न
- विसङ्केतन शब्दका सुरु वा अन्त्यका ध्वनि पहिचान र उच्चारण गर्न

### श्रव्य/दृश्यबोध

- श्रव्य वा दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- आश्चर्य, उत्सुकता, घृणा, चिन्ता, हर्ष जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- पढेका वर्ण (स्वर र व्यञ्जन) तथा मात्राको सङ्केतन र विसङ्केतन गरी उपयुक्त ढाँचामा लेख्न

### शब्दभण्डार

- पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको दाँज्न
- शीर्ष शब्द, लब्ध शब्द तथा विसङ्केतक शब्दको अर्थबोधसहित वाक्यमा प्रयोग गर्न
- पाठका अनुच्छेद पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न

### पठन प्रवाह

- हाउभाउ, गति र शुद्धतासहित विसङ्केतक वर्ण, शब्द र सरल वाक्य पढ्न

### पठन बोध

- पाठगत सन्दर्भ र परिवेशका बारेमा छलफल र प्रश्नोत्तर गर्न
- पाठमा प्रयोग भएका शब्दको अर्थ बताउन
- आफ्नो अनुभवसँग पाठका सन्दर्भको तुलना गर्न

### लेखाइ

- वर्ण, शब्द र वाक्यको अनुलेखन र श्रुतिलेखन गर्न
- अनुच्छेद अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग अवस्था ख्याल गरी भन्न र लेख्न
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द, लब्ध र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो आफ्नो सिर्जना सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन, शब्दको सुरु र अन्तका मात्रारहित तथा मात्रासहितका व्यञ्जन वर्ण (ख, ग र घ) का वर्णगत ध्वनि पहिचान र उच्चारण, लेख्यचिह्न र क्रियाका कालको प्रयोगको सचेततासहितको अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

व्यञ्जन वर्ण : ख, ग र घ

- खरायो र खसी (ख वर्ण)
- खुमाको खाना (खा, खि, खी, खु वर्ण)
- खेतमा खेताला (खू, खृ, खे वर्ण)
- खैरो खरायो (खै, खो, खौ, खं, खः वर्ण)
- गीतको तालैमा (ग वर्ण)

- गीताको आँखामा गाजल (गा, गि, गी वर्ण)
- गुराँस र गुलाफ (गु, गू, गृ, गे वर्ण)
- गैरीखेतमा गोरु (गै, गो, गौ, गं, गः वर्ण)
- घाम लाग्यो घमाइलो (घ वर्ण)
- घनश्याम काकाको घडी (घा, घि, घी वर्ण)
- घाटुनाच (घु, घू, घृ, घे वर्ण)
- घैला (घै, घो, घौ, घं, घः वर्ण)

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- रचनात्मक सोच सिप (S1.3)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- सहयोग तथा सहानुभूति सिप (S3.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| मेरो सिर्जना | १४. ख-खः | खरायो र खसी | खर, खट, खग, खन, खप, खस, खबर, खलल, खतम, खपत, खलबल, खसखस, खनखन, खजुरी, खल, खसी, खरायो, खटिया, खकार, खरानी, खटपट, खलखली, खाएको, खोरिया... | कोख, काख | मेरो |
| | | खुमाको खाना | खुमा, खाम, खाजा, खाना, खिर, खिचडी, खाट, खाली, खुम्चाउनु, खाता, खाप, खार, खाल, खास, खाडी, खादा, खापा, दुःखी, खिया, खानु, खिसी, खन, खुसी, खुला, खुवा, खुकुरी, खुर, खुर्सानी, खेताला, खेल, खेद, खेत, खेलौना, खुत्रुके, खुकुलो, खेलाडी, खैरे, खैरो, खोकी, खोज, खोट, खोक, खौला, खौर, खोलो, खोप, खोटाङ, खैलाबैला, खुरुखुरु ... | खाकी (क्षेत्रगत प्रचलनमा रहेको शब्द), खाई, खाऊ, खाए, खाओ, खोक,खोकी, काखी, उखु | |
| | | खेतमा खेताला | खेत, खेताला, खुमा, खेलौना, खेल, खेलाडी, खुसी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १५. ग-गः | खैरे खरायो | खैरे, खरायो, खोकी, खोक्यो, खैलाबैला, खोलो | | |
| | | गीतको तालैमा | गला, गजल, गधा, गमला, गहना, गणेश, गज, गण, गन, गफ, गम, गर, गल, गगन, गजब, गरम, गयल, गडबड, गडगड, गजमज, गरिब, गिलास, गितार, गीता, गाल, गाजर, गाजल, गीत, गीता, गाए, गीर्वाण, गिरी, गाता, गाडा, गाना,गृहकार्य, गुण, गुठी, गेडी, गेरु, गुनिलो,गैरीखेत, गैँडा, गोरु, गोठ, गोलो, गोरो, गोही, गोनु, गाई... | गए, गई, काग, खाग | हामी |
| | | गीतामा आँखामा गाजल | गीता, गणेश, गाजल, गला, गहना, गमला, गोमा, गोठ, गितार, गौरी, गाजर, गाढा, गाली, गाला, गिजा, गिदी, गिलो, गायक, गुरु, गेडागुडी, गुलाफ, गुफा, गूढ, गुन, गुराँस, गुलियो, गोली, गौरी, गौतम, गौरीगाई, गौरा, गोजी, गोडा, गोल, गोपी, गोबर, गौँथली, गौरव (नाम)... | गाऊ, गाई (नाम र क्रियापद), गाए, गाओ, कागे,आगो, खागो, गाई | |
| | | गुराँस र गुलाफ | गुराँस, गुलाफ, गुफा, गेडागुडी, गुँद, गुलियो | | |
| | | गैरीखेतमा गोरु | गैरीखेत, गोरु, गोठालो, गोठ, गोरु, गोरेटो, गोपी, गौरव, गोही, गैँडा, | | |
| | १६. घ-घः | घाम लाग्यो घमाइलो | घमाइलो, घाम, घुम्न, घर, घडी, घुमी, घण्टाघर, घन, घट, घन्टी, घुम, घटाउ, घना, घत, घडेरी, घस, घटबढ, घटघट, घडा, घटी, घरी, घटना, घाम, घार,घुँडा, घुँसी,घैया, घोडा, घोरल, घैँटो, घनश्याम, घुटुघुटु, घमराज, घैला, घाँस, घोरल, घाँटी, घोराही, घनु, | अघाए, अघि, घाउ, घिउ, घोगो, घोगा, घोकी (क्रियापद) | तिमी |
| | | घनश्याम काकाको घडी | घनश्याम, घडी, घर, घाम, घोडा, घैयाबारी, घुमघाम, घरी, घाटा, घिन, घाँस, घाँटी, घान, घुन, घुर, घुम, घृणा, घेरा, घेरो, घुटुघुटु, घारघुर, घैला, घोल, घैँटो, घोट, घोचो, घोप, घुँडा, घमराज, घटना, घटाउ, घण्टा, घोक्रो | | |
| | | घाटु नाच | घाटु, घाँस, घाम, घार, घाटा, घाँटी, घनश्याम | | |
| | | घैला | घैला, घोडा, घनश्याम, घोचा, घोरल | घोगा | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) बालबालिकाले गर्ने नाच, गान, चित्र निर्माण, सरसफाइ जस्ता विषयक्षेत्रसँग सम्बन्धित सरल अनुच्छेद सुनाई विषयवस्तुको उठान गर्ने । त्यसपछि तपाईंले चित्र बनाउनुभएको छ ? तपाईंलाई चित्रमा कुन कुन रङ लगाउन मन पर्छ ? तपाईंलाई गीत गाउन आउँछ कि आउँदैन ? भन्ने जस्ता प्रश्नमा आधारित भई शब्द प्रयोगका आधारमा दिइएका शब्दको धेरैभन्दा धेरै प्रयोग गर्ने वातावरण निर्माण गर्ने । त्यसपछि हाम्रो विषयक्षेत्रमा रहने विषयवस्तु छनोट गरी तिनका आधारमा छलफल, प्रस्तुति, प्रश्नोत्तर आदि क्रियाकलाप गराउने । क्रियाकलापका क्रममा शब्दको सुरुमा निर्धारित वर्ण प्रयोग भएका शब्द प्रयोगमा विद्यार्थीलाई उत्प्रेरित गर्ने ।

वा

मेरो सिर्जना विषयक्षेत्रमा रहने विषयवस्तु छनोट गरी तिनका आधारमा छलफल, प्रस्तुति, प्रश्नोत्तर आदि क्रियाकलाप गराउने । क्रियाकलापका क्रममा शब्दको सुरुमा निर्धारित वर्ण प्रयोग भएका शब्द प्रयोगमा विद्यार्थीलाई उत्प्रेरित गर्ने, जस्तै :

गणेशले गधाको चित्र बनाए । गगनले गमलाको चित्र बनाए । चित्रमा गडबड भएछ । गणेश र गगनले गफ गरे । गणेश र गगन कक्षामा गए ।

(आ) निम्नानुसारको जस्तै चित्र देखाई त्यसको मौखिक वर्णन गर्न लगाउने



(इ) शब्दका अन्त्यमा पठित वर्ण प्रयोग भएका शब्दहरू सङ्कलन गर्ने, जस्तै : काखी, खोकी, खाई, खाओ आदि । ती शब्दहरूको शब्दपत्ती वा शब्दचित्रपत्ती पनि तयार पारी प्रदर्शन गर्ने । /खा//कि/, /खो//कि/, /खा//इ/, /खा//ओ/ शब्दहरूलाई उच्चारण गर्ने र विद्यार्थीहरूलाई अनुवाचन गर्न लगाउने । त्यसपछि अन्त्यमा रहेको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : काखी /का//खि/, खोकी /कि/, खाई /इ/ । यस्तो अभ्यासलाई पटक पटक दोहोऱ्याउने । त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि अन्त्यमा आउने शब्दहरूको सूची बनाउन र ती शब्दहरू उच्चारण गर्दा अन्त्यमा कुन ध्वनि आयो, भनिदिने, जस्तै : काख, खोक, उखु ।

(ई) शब्दसूचीका शब्द उच्चारण गर्दै अन्त्यमा रहेको विभिन्न ध्वनि आउने शब्द उच्चारण गर्दा बुढीऔंला माथि गर्ने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने तथा शब्दको अन्त्यमा अन्य ध्वनि आउने शब्दमा बुढीऔंला तल गर्ने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने अभ्यास गराउने, जस्तै :

| | | |
|---|---|---|
| /कि/ ध्वनि | खोकी | : बुढीऔँला माथि गर्ने |
| /ए/ ध्वनि | खाए | : बुढीऔँला माथि गर्ने |
| | खाट | : बुढीऔँला तल गर्ने |

(उ) शब्द प्रयोगको आधारमा दिइएका नमुना शब्द र तिनमा रहेका सुरुका वर्णगत ध्वनि पहिचान उच्चारण गर्न लगाउने । यस क्रममा पूर्वपठित वर्ण र वर्णगत ध्वनिको पहिचान तथा उच्चारणलाई पुनरावृत्ति गर्ने । बालबालिकालाई शब्दको अन्त्यमा असमान ध्वनि आउने शब्द दिई पहिचान तथा उच्चारण गर्ने अभ्यास गराउने र उच्चारण तथा पहिचानमा कठिनाइ भएका बालबालिकालाई प्रशस्त मौका दिई अभ्यास गराउने ।

(ऊ) शब्द प्रयोगको आधारमा दिइएका नमुना शब्द र तिनमा रहेका सुरुका वर्णगत ध्वनि पहिचान उच्चारण गर्न लगाउने । यस क्रममा पूर्वपठित वर्ण र वर्णगत ध्वनिको पहिचान तथा उच्चारणलाई पुनरावृत्ति गर्ने ।

(ऋ) सूचनाका बारेमा छलफल गरी निष्कर्ष निकाल्ने, जस्तै : आज मलाई खेल्न जान मन छैन, पढ्न पनि मन छैन । अब के गरौं होला ? भनी साथी वा सानो समूहमा प्रश्न सोधी उत्तर खोज्न लगाउने । उत्तर दिँदा आफ्ना कुरा स्पष्टसँग राख्ने तथा आत्मविश्वासका साथ आफ्ना कुराको प्रस्तुति गर्ने र यस क्रममा आएका हलन्त तथा संयुक्त वर्ण एवम् अनुनासिकता भएको शब्दको उच्चारण गर्न पनि सिकाउने । यस्ता शब्दहरूलाई विशेष जोड भने नदिने ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित सन्देशमूलक भिडियो, बालनृत्य, बालगीत सुन्ने वा हेर्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने ।

(आ) प्रसारित श्रव्यदृश्य सामग्री वा पोस्टर, पत्रपत्रिकाका आधारमा दुःख, हर्ष र चिन्तालगायतका संवेगात्मक प्रस्तुति जनाउने विषयवस्तु कक्षामा प्रदर्शन गर्ने । त्यसको प्रस्तुतीकरण शैली जानकारी तथा अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने

## (घ) शब्दभण्डार

(अ) सान्दर्भिक शब्दहरूको समूह विस्तार गर्न लगाउने, जस्तै :

कुनै एक शब्दबाट एकभन्दा बढी शब्दहरू बनाउन सकिन्छ । यसका लागि तीन अक्षर, चार अक्षर र पाँच अक्षरका शब्दमा अभ्यास गराउने, जस्तै :

| चरण | शब्द | बन्ने अरू शब्द |
|---|---|---|
| पहिलो | खकार | खर, कार |
| दोस्रो | उपचार | चार, पर |
| तेस्रो | चोटपटक | चोट, टप, पटक, चोक, चोप |

(आ) पाठगत सन्दर्भ (सिर्जना) सँग मिल्ने गरी आफूले तयार पारेर ल्याएका वाक्यपत्ती प्रदर्शन गर्ने र त्यसमा छलफल गराउने । विद्यार्थी यसमा समर्थ देखिएमा नयाँ शब्द दिएर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने । यसरी अभ्यास गराउँदा पाठ्यसामग्री प्रयोग भएका, विद्यार्थीको सन्दर्भ र परिवेशअनुसारका शब्द छनोट गर्ने ।

(इ) विभिन्न बालगीत तथा कविताहरू सुनाई ती पाठमा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ छलफल गराउने र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने ।

(ई) विभिन्न सान्दर्भिक सन्दर्भ सामग्री पढेर सुनाउने र विद्यार्थीले सुनेका नयाँ शब्द भए भन्न लगाउने । विद्यार्थी नयाँ शब्द पहिचान गरेमा त्यसका आधारमा ती शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने ।

(उ) शब्द र चित्र, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी शब्दको जोडा मिलाई वाक्य भन्न लगाउने ।

(ऊ) शब्द प्रयोगका आधारमा दिइएका वर्णका उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउने ।

(ऋ) निम्नानुसारका जस्तै खेल खेलाई शब्द पहिचान वा निर्माण गरी त्यसको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने :

- **शब्द फेला पार्ने खेल**

विद्यार्थीहरूलाई समूहमा राख्ने । हरेक समूहमा एक एक ओटा सग्ला अक्षरले बनेको शब्दचार्ट र पढिसकेका वर्णका गोटी वितरण गर्ने । चार्टलाई बिचमा ओछ्याउने । टोकरीमा कुनै तीन ओटा फरक फरक अक्षर भएका गोटीहरू राखी हल्लाएर पल्टाउने र त्यसलाई जोड्ने । गोटी पल्टाएर जुन शब्द बन्यो, त्यो गोटीको समूह त्यही अक्षरमाथि राख्न लगाउने । यसरी फेला परेको शब्द कापीमा पनि टिपोट गर्न लगाउने ।

- **गोटीहरू जोडेर शब्द जाल बनाउने खेल**

विद्यार्थीहरूलाई समूहमा राख्ने । हरेक समूहलाई गोटीहरू पर्याप्त सङ्ख्यामा दिने । गोटीहरूलाई ठाडो वा तेर्सो गरी भुइँमा जोडेर पहिले दुई सग्ला अक्षरको र पछि तीन ओटा सग्ला अक्षरको शब्द जाल बनाउन लगाउने । शब्दजालको ठाडो लहरमा बनेका शब्दहरू र तेर्सो लहरमा बनेका शब्दहरू कापीमा टिप्न लगाउने ।

ठाडो लहरमा बनेका शब्दहरू : ...............

तेर्सो लहरमा बनेका शब्दहरू :...............

- ### बिङ्गो खेल

शिक्षकले २५ ओटा जति शब्दको सूची प्रदर्शन गर्ने । ती शब्दहरूको शब्दपत्ती पनि बनाउने । विद्यार्थीलाई ४ वा ९ कोठाको ग्रिड कोरेर कार्डहरू दिने । विद्यार्थीलाई बोर्डमा देखाएकामध्येबाट एक एक ओटा पर्ने गरी हरेक कोठामा शब्द लेख्न लगाउने । (सुरु सुरुमा सिकारुलाई लेखिएकै कार्ड पनि दिन सकिन्छ ।) त्यसपछि चिठ्ठा जस्तै गरी कार्डबाट एक पटकमा एउटा कार्ड थुत्न लगाउने । थुत्दा जुन शब्द आयो त्यो शब्द हुनेले कोठामा क्रस गर्न लगाउने । एवम् रीतले खेल्दै जाँदा जुन विद्यार्थीले सबैभन्दा पहिले आफ्नो कार्डमा भएका सबै शब्द क्रस गर्छ, त्यही बिजेता हुन्छ ।

- ### कोठेपदमा वर्ण जोडी शब्द बनाउने खेल

बोर्डमा छुट्टाछुट्टै दुई ओटा बक्सभित्र फरक फरक सिङ्गो वर्णहरू लेख्ने । त्यसपछि बक्सभित्र भएका ती वर्णहरूलाई जोडेर शब्द बनाई लेख्ने । यसरी बनेको शब्दलाई शुद्ध उच्चारण गर्न लगाउने ।

- ### शब्द बनाउने र टिप्ने खेल

विद्यार्थीलाई समूहमा राख्ने । हरेक समूहलाई केही वर्णगोटी वा वर्णपत्तीहरू वितरण गर्ने । खेल खेल्नका लागि ५ मिनेट समय दिने । ती गोटी वा पत्तीहरू मिलाएर छिटो छिटो अर्थपूर्ण शब्द बनाउन लगाउने । यसरी बनाइएका शब्दहरू कापीमा छिटो छिटो लेख्न पनि लगाउने । तोकिएको समयभित्र कसले सबैभन्दा बढी शब्द बनाउँछ, त्यसलाई भन्न पहिलो अवसर दिने । हरेक समूहले बनाएका शब्दहरू पढ्न लगाउने ।

## (ङ) पठन प्रवाह

(अ) निर्धारित वर्ण (मात्रासहित ख, ग र घ) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णगत ध्वनि भएका वर्णको ध्वनिविभेद पनि गर्न लगाउने ।

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द (काख, कोख, काखी, खाकी, उखु, खोक, खोकी ...) तथा लब्ध शब्द (म, मेरो, यो, हामी ...) प्रयोग गरी निर्माण पाठको गति, यति र शुद्धतासँग अनुपठन, सहपठन र स्वतन्त्र पठन गर्ने अभ्यास गराउने । उल्लिखित खालका पठन गर्दा सस्वर, युगल जोडी, समूह पठन तथा द्रुत पठन गर्न लगाउने ।

(इ) उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा पठनमा समस्या भएका विद्यार्थीलाई लक्षित गर्दा शिक्षकले नमुना शब्दसूची तयार पारी त्यसका आधारमा शब्द उच्चारण गरी ध्यानपूर्वक सुन्न लगाउने । शब्दहरूको उच्चारणका क्रममा शब्दपत्ती वा शब्दचित्रपत्ती देखाउने । त्यसपछि सूचीमा रहेका शब्दमध्ये शिक्षक आफैँले कुनै शब्द भन्ने, जस्तै : खोकी । यसैगरी शब्दपत्ती देखाउँदै सुधार आवश्यक भएका विद्यार्थी, युगल वा ससाना समूह शब्द पठन गर्न लगाउने ।

उल्लिखित क्रियाकलापलाई विद्यार्थी गरेको अवस्थामा हातको बुढीऔँला तलमाथि गर्नु तथा ताली बजाउने जस्ता क्रियाकलाप पनि गरी विद्यार्थीलाई सक्रिय बनाउने ।

(ई) विसङ्केतन पाठ पठन अभ्यास गराउँदा निम्नानुसारका पक्षलाई विशेष रूपमा ध्यान दिने :

- **सस्वर पढाइ**

शिक्षकले अक्षर, शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउने । शिक्षकले पढेर सुनाउँदा आरोह, अवरोह, गति, यति र हाउभाउलाई विशेष जोड दिने । पढ्न लागेको समय टिपोट गर्ने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्ने । त्यसपछि गति बढे नबढेको कुरा बताइदिने ।

- **साझा पढाइ**

शिक्षकले विद्यार्थीहरूलाई पनि पढ्न लगाउने । यसरी पढ्न लगाउँदा क्रमशः पूरा कक्षालाई, समूहलाई र व्यक्तिगत रूपमा पढ्न लगाउने । पढ्न लागेको समय टिपोट गर्ने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्ने ।

- **स्वतन्त्र पढाइ**

स्तरअनुसारको विभिन्न किसिमका पाठहरू दिने र स्वतन्त्र रूपमा पढ्न लगाउने । विद्यार्थीहरूले आरोह, अवरोह, गति, यति र हाउभाउसहित पढे नपढेको शिक्षकले निरीक्षण गर्ने र आवश्यक ठाउँमा सहयोग गर्ने । पढेको अरूले बुझे नबुझेको सोध्ने र अरूले बुझ्ने गरी पढ्न लगाउने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्न लगाउने ।

## (च) पठन बोध

(अ) कुनै सान्दर्भिक पाठ खोजी कक्षामा सुनाउने पाठ सुनाई पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने, जस्तै :

दीपा कक्षाका साथीसँग भेला भइन् । उनीहरूले खेल खेल्न सुरु गरे । सोनाम र रुजा हजुरबुबा हजुरआमा बने । गणेश र आशा बुबाआमा बने । आयुष र सीमा दिदीभाइ बने । दीपा फुपू बनिन् । सोनाम हजुरबुबाले कुखुरालाई चारा दिनुभयो । रुजा हजुरआमाले गाईलाई घाँस दिनुभयो । गणेश र आशा आमाबुबाले खेत खन्नुभयो । आयुष र आसा गट्टा खेल्न लागे । त्यति खेरै दीपा फुपू आउनुभयो । फुपूले हजुरबुबा हजुरआमालाई नमस्कार गर्नुभयो । आयुष र सीमाले फुपूलाई नमस्कार गरे ।

(आ) विद्यार्थीलाई ससाना समूहमा राखी शब्दचित्रकथा सुनाउने, जस्तै : मुर्ख बाँदर । त्यसपछि शब्दचित्र कथाका मुख्य मुख्य घटना भन्न लगाउने र शब्दचित्र कथालाई सिलसिला मिलाई पुनर्कथन गर्न लगाउने (पहिला शिक्षकले भनीदिने, त्यसपछि शिक्षक विद्यार्थी दुवैले भन्ने र अनि स्वतन्त्र रूपमा भन्ने अवसर दिने) । यस्ता अभ्यास गर्दा लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहितको प्रयोग, सामान्य भूत, वर्तमान र भविष्यत् कालका वाक्यको प्रयोग तथा लेख्य चिह्नको प्रयोग गरी विषयवस्तु वा सन्दर्भको वर्णन गर्न लगाउने र प्रश्नोत्तर गर्न लगाउने ।

(ई) प्रश्नोत्तरकै माध्यमले मूर्ख बाँदर कथाको पात्र, कार्य, घटना र चरित्र पहिचान तथा वर्णन गर्न र प्राप्त ज्ञानसिपको स्वमूल्याङ्कन गर्न लगाउने । यसका साथै प्रश्नोत्तर तथा छलफलका माध्यमबाट सिकेका कुराको वर्गीकरण र प्राथमिकीकरण गर्ने तथा अनुमान, परिकल्पना र स्वपरीक्षण गर्ने अभ्यास गराउने ।

(उ) शिक्षकले पाठ पढी निम्नानुसारका कार्य गराउने :

- शिक्षकले पाठ्यसामग्रीबाट कुनै एउटा पाठ पढी मौखिक रूपमा प्रश्नोत्तर गर्ने गराउने
- शिक्षकले पाठ पढी त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई उत्तर भन्न लगाउने
- शिक्षकले पाठ पढी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्ने । बाल बालिकासँग सम्भावित उत्तरका बारेमा छलफल गरी छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई पढ्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई सारांश भन्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई प्रश्न सोध्न लगाउने र विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर दिने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई तथ्यतथ्याङ्कमा आधारित वा सोझै उत्तर दिन सकिने प्रश्नको उत्तर भन्न वा लेख्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक कुरा हो, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले पाठ पढी विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरू का उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।

### (छ) लेखाइ

(अ) विसङ्केतन शब्द, लब्ध शब्द तथा वाक्यको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- निर्धारित शब्द पहिचान, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाएर
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई मौखिक तथा लिखित प्रस्तुति गर्न लगाएर
- निर्देशित तथा स्वतन्त्र अभिव्यक्ति गर्न लगाएर
- भाषिक समस्याका बारेमा छलफल र उपयुक्त विकल्प पहिचान गर्न लगाएर
- त्रुटि पहिचान र सुधार गर्ने तथा प्राप्त भाषिक सूचना सङ्कलन तथा प्राथमिकीकरण गर्ने जस्ता अभ्यास गर्न लगाएर

# विषयक्षेत्र : रुचि र बानी

**विषयगत क्षेत्र : व्यञ्जन वर्ण पहिचान र मात्रा प्रयोग (वर्ण : ङ, च, छ, ज, झ, ञ)** पाठ्यघण्टा : १५

## १. एकाइ परिचय

सिकाइको प्रमुख लक्ष्य व्यवहार परिवर्तन हो । यसर्थ सिकाइका क्रममा आनीबानी, माया, मित्रता, असल व्यवहारका फाइदा, अल्छीपना, अरूको हित हुने काम, मेलमिलाप, सरसामानको जतन, सरसफाइ जस्ता असल व्यवहारका पक्षको जानकारी र व्यावहारिक अभ्यास गर्न जरुरी हुन्छ । यस्ता पक्षको विषयवस्तुगत अवधारणा र सिपपरक पक्ष सिकाउन बालकथा, गीत, कविता जस्ता विधात्मक स्वरूपलाई प्रभावकारी साधनका रूपमा लिइन्छ । अतः उल्लिखित विषयक्षेत्रगत पक्षको अभिवृद्धिका विविध पक्षमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले मात्रासहितका ङ, च, छ, ज, झ र ञ वर्णको पहिचान र प्रयोग, पठित वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, अनुमान र समस्या पहिचानसहित मौखिक प्रस्तुति, दुःख, हर्ष र चिन्ता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल, सार निर्माण, परिवेशगत, पात्रगत वा घटनागत सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- मात्रा लागेका र नलागेका ङ, च, छ, ज, झ वर्णको पहिचान गरी उच्चारण र शब्दमा वर्ण विभेदीकरण गर्न
- विसङ्केतन शब्दका सुरु वा अन्त्यका ध्वनि पहिचान र उच्चारण गर्न
- शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, छुट्याएर, झिकेर, थपेर र परिवर्तन गरेर शब्द बनाउन

### श्रव्य/दृश्यबोध

- श्रव्य वा दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- अनुमान र कल्पना गरी मौखिक वर्णन गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- पढेका वर्ण (स्वर र व्यञ्जन) तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न
- ञ वर्ण पहिचान गरी ढाँचाको अनुकरण गर्न

### शब्दभण्डार

- पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको दाँज्न
- शीर्ष शब्द, लब्ध शब्द तथा विसङ्केतक शब्दको अर्थबोधसहित वाक्यमा प्रयोग गर्न
- पाठका अनुच्छेद पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न

### पठन प्रवाह

- हाउभाउ, गति र शुद्धतासहित विसङ्केतक वर्ण, शब्द र सरल वाक्य पढ्न

### पठन बोध

- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- पाठका आधारमा सार बताउन
- परिवेश, पात्र र सन्दर्भ पहिचान गरी तुलना गर्न
- आफ्नो अनुभवसँग पाठका सन्दर्भ मिले नमिलेको दाँज्न

### लेखाइ

- वर्ण, शब्द र वाक्यको अनुलेखन र श्रुतिलेखन गर्न
- अनुच्छेदको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिहनको प्रयोग गरी भन्न र लेख्न
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द, लब्ध र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो रुचि र बानी सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन, शब्दको सुरु, मध्य वा अन्तका मात्रारहित तथा मात्रा एवम् चन्द्रबिन्दुसहितका व्यञ्जन वर्ण (ङ, च, छ, ज, झ, ञ) का वर्णगत ध्वनि पहिचान र उच्चारण, लेख्यचिह्न र क्रियाका कालको प्रयोगको सचेततासहितको भाषिक अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

व्यञ्जन वर्ण : ङ, च, छ, ज, झ, ञ

| | |
|---|---|
| • ङ्याउरो | ङ र च वर्ण |
| • आँप | चन्द्रबिन्दु |
| • चौतारो | मात्रासहितका च वर्ण |
| • छङछङ गर्ने खोला | छ र ज वर्ण |
| • छानामा छाउरो | मात्रासहितका छ वर्ण |
| • जुरेली र जुनार | मात्रासहितका ज वर्ण |
| • झुम्के बुलाकी | झ वर्ण |
| • झिलिमिली | मात्रासहितका झ वर्ण |

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- निर्णय तथा समस्या समाधान सिप (S1.5)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| रुचि र बानी | १७. ङ, च | ड्याउरो | नङ, झाङ, डारङुर, डिङ्मा, ङिच्च, ङोपा, दाँत, आँगन, भँगेरो, हाँगा, टाँगा, चना, चाचा, चुरा, चिउरा | आङ, उङ, आङी | कति धेरै |
| | | आँप | नयाँ, घाँघर, लगाएँ, चाँदनी, देखाएँ, ठाउँ, डुलें, दायाँ, काँडा, बाँया, बगैंचा, भरें, आँप, टिपें, भुइँ, घाँस, बसें, आँसु, खसाएँ, सँगै, हाँसी, हाँसें | आएँ, गएँ, खाएँ, गाएँ, घुँगी, आँखा, अघाएँ,गाउँ | |
| | | चौतारो | चरा, चउर, चकटी, चङ्गा, चकलेट, चमेरो, चर, चल, चलमल, चकचक, चटक, चना, चरी, चरु, चलाख, चटनी, चामल, चारो, चार, चाल, चालक, चिनी, चोलो, चेला, चैत, चोट, चोर, चिउरा, चुलो, चुरा, चौबन्दी, चाना, चाड, चाबी, चाट, चिज, चिठी, चित्र, चिया, चिनी, चुप, चुन, चौंरी, चौतारो, चितुवा, चुचुरो, चुकुल, चुरोट, चौबिस, चिरबिर, चन्द्र, चामे, | चक, चखाए, चाक, चाख, चाङ, चाका, चाचा,चिची, चाखी (क्रियापद), चुक, काँचो, कुचो, चोक, कैंची, चेक, चुचो, चाकु, कोच, चकचक, चकचके, चौकी, चोखो, चाख (क्रियापद), | |
| | १८. छ, ज | छङछङ गर्ने खोला | छहरा, छत, छल, छडी, छमछम, छठ, छर, छरछर, छल्नु, छड, छर, छलफल, छटपट, छहारी, छाता, छाया, छाती, छानो, छिन, छिटो, छुट, छेपारो,<br><br>छोरा, छोरी, छोकडा, छुरा, छाप, छाम, छुन, छोटो, छोड, छोप, छाउरो, छिमेक, छामछुम, छुपुछुपु, छुनुमुनु, जल, जरुवा, जनकपुर | छक, छङछङ, छाक, गाछी, छाऊ, छाई, छाए, छाओ, छेको, छुकछुक, छेउ, छेके, छुचो,छेक, | थोरै, सानो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | छानामा छाउरो | छाना, छाउरो, छाया, छक्क | | |
| | | जुरेली र जुनार | जल, जरायो, जग, जहाज, जनक, जरो, जन, जय, जतन, जममग, जमघट, जमरा, जवाफ, जनावर, जाल, जाडो, जात्रा, जादु, जागा, जामा, जाली, जेरी, जिरा, जानकी, जोकर, , जुरेली, जुनार, जुत्ता, जिप, जीव, जित, जुँगा, जुठो, जुस, जून,, जुट, जुरेली, जेठ, जेठो, जेरी, जेल, जोड, जोर, जोत, जाउलो, जीवन, जिराफ, जुठो, जुलुस, जुरेली | आज, खोज, जग, कागज, काज, गज, चिज,जुँगा, जोगी, जिउ, खाजा, गोजी, काजी, जौ, जाओ, जुका, जोख | |
| | १९. झ, ञ | झुम्के बुलाकी | झर, झमझम, झरना, झन्डा, झरी, झलमल, झलक, झमक, झटपट, झलझल, झगडा, झुम्के, झोला, झालेमाले, झिमझिम ... | झकिझकाउ, झक | ठुलो |
| | | झिलिमिली | झारपात, झिमझिम, झल्याकझुलुक, झारपात, झुम्का, झुत्ता, झरना, झरी, झसङ्ग, झिलिमिली, झिँगा, झुपडी, झुल, झोला, झोल, झाडी, झाडु, झापा, झुट, झिलमिल, झिसमिस, ञकार | झाङ, झिक, झोक, झाँझ, झिकाए, झिके, झुक, झिँगो | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) अगिल्ला एकाइमा गरिएका अभ्यासलाई निरन्तरता दिँदै शब्दको सुरु र अन्त्यमा रहेका वर्णगत ध्वनि पहिचान र उच्चारण गर्न लगाउने ।

(आ) ध्वनिअनुसार शब्दका अक्षर टुक्र्याउने र जोड्ने क्रियाकलाप गराउने, जस्तै :

- **शब्दका अक्षर टुक्र्याउने अभ्यास**

एउटा शब्द उच्चारण गर्ने र त्यसलाई तालीका आधारमा टुक्र्याउने अभ्यास गर्ने, जस्तै : शिक्षकले एउटा "छाता" शब्द उच्चारण गर्ने । त्यसलाई "छा" भन्दै एक ताली र "ता" भन्दै एक ताली बजाउन लगाउने । यसै गरी अरू शब्द भन्दै तालीकै आधारमा शब्दलाई ध्वनिमा टुक्र्याउन सिकाउने । विद्यार्थीहरूलाई जोडी समूहमा राखी केहीबेर यो अभ्यास गराउने ।

- **शब्दका अक्षर जोड्ने अभ्यास**

शब्दका अलग अलग ध्वनि दिएर त्यसलाई जोडी शब्द उच्चारण गर्न लगाउने, जस्तै : शिक्षकले एक एक ताली बजाएर "झा" र "डु" ध्वनि उच्चारण गर्ने र दुवै ध्वनि जोडेर एकै तालीमा "झाडु" शब्द उच्चारण गरेर सुनाउने । यसपछि यस्तै किसिमका ससाना शब्द बन्ने अलग अलग ध्वनि सुनाएर सिङ्गो शब्द उच्चारण गर्न लगाउने । यस क्रममा तालीको सट्टामा खुट्टाले भुइँमा हान्ने जस्ता क्रियाकलाप गराउने ।

- **शब्दलाई ध्वनि र सानो शब्दमा टुक्र्याउने**

  शब्दलाई ध्वनि र सानो शब्दमा जोडेर तथा टुक्र्याएर उच्चारण गर्दै शब्दहरू सुनाउने, जस्तै : "असल" टुक्र्याएर "/अ/ /सल्/" । यसैगरी टुक्र्याउन मिल्ने शब्दहरू सङ्कलन गर्ने, जस्तै : अचार, अनार, पसल, कमल, मकल ... । त्यस्ता शब्दहरूलाई कक्षामा उच्चारण गरेर सुनाउँदै त्यसलाई टुक्र्याउन लगाउने । विद्यार्थीलाई कठिनाइ परेका स्थानमा शिक्षकले सहयोग गरिदिने ।

  द्रष्टव्य : कुनै कुनै शब्दमा शब्दको अगाडिको भाग, जसमा ध्वनि मात्रै हुन्छ र पछाडिको भाग हो, जसमा सानो अर्थपूर्ण शब्द हुन्छ ।

- **शब्दलाई ध्वनि र सानो शब्द जोड्ने**

  शिक्षकले बालबालिकालाई शब्दको अगाडि वर्णगत ध्वनि मात्र हुने र पछाडिको भागमा अर्थपूर्ण शब्द रहने शब्द पहिचान तथा सङ्कलन गरी छुट्टाछुट्टै उच्चारण गरेर सुनाउने र त्यसलाई जोडेर सिङ्गो शब्दको उच्चारण गर्ने, जस्तै : "च" र "लाख्" । यसपछि चुकुल, जतन जस्ता शब्दको सूची तयार पारी त्यसका आधारमा शब्दोच्चारण गर्न लगाउने ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित सन्देशमूलक भिडियो, बालनृत्य, बालगीत सुन्ने वा हेर्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने

(आ) प्रसारित श्रव्यदृश्य सामग्री वा पोस्टर, पत्रपत्रिकाकाका आधारमा दुःख, हर्ष र चिन्तालगायतका संवेगात्मक प्रस्तुति जनाउने विषयवस्तु कक्षामा प्रदर्शन गर्ने । त्यसको प्रस्तुतीकरण शैली जानकारी तथा अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने ।

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने ।

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने ।

## (घ) शब्दभण्डार

(अ) शब्द प्रयोगका आधारमा दिइएका वर्णका उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउने ।

(आ) निम्नानुसारका जस्तै खेल खेलाई शब्द पहिचान वा निर्माण गरी त्यसको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने :

- **मिश्रित अक्षरबाट शब्द बनाउने खेल**

  शब्दका वर्ण छ्यासमिस गरेर पहिले समूहमा र पछि व्यक्तिगत रूपमा शब्दहरूको सेट दिने । त्यसपछि विद्यार्थीहरूलाई त्यसको क्रम मिलाएर देखाउने खेल खेलाउने । यस क्रममा शब्दका अक्षर छ्यासमिस गरेर कार्डमा लेखेर दिई त्यसको क्रम मिलाएर लेख्ने खेल खेलाउने ।

- **शब्द फेला पार्ने खेल**

  विद्यार्थीहरूलाई समूहमा राख्ने । हरेक समूहमा एक एक ओटा सग्ला अक्षरले बनेको शब्द चार्ट र केही वर्णगोटी वितरण गर्ने । चार्टलाई बिचमा ओछ्याई टोकरीमा कुनै तीन ओटा फरक फरक वर्ण भएका गोटीहरू राखी हल्लाएर पल्टाई जोड्ने । गोटी पल्टाएर जुन शब्द बन्यो, त्यो गोटीको समूह त्यही वर्णमाथि राख्न लगाउने । यसरी फेला परेको शब्द कापीमा पनि टिपोट गर्न लगाउने ।

## (ङ) पठन प्रवाह

विसङ्केतन पाठ पठन अभ्यास गराउँदा निम्नानुसारका पक्षलाई विशेष रूपमा ध्यान दिने :

- **सस्वर पढाइ**

  शिक्षकले अक्षर, शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउने । शिक्षकले पढेर सुनाउँदा आरोह, अवरोह, गति, यति र हाउभाउलाई विशेष जोड दिने । पढ्न लागेको समय टिपोट गर्ने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्ने । त्यसपछि गति बढे नबढेको कुरा बताइदिने ।

- **साझा पढाइ**

  शिक्षकले विद्यार्थीहरूलाई पनि पढ्न लगाउने । यसरी पढ्न लगाउँदा क्रमशः पूरा कक्षालाई, समूहलाई र व्यक्तिगत रूपमा पढ्न लगाउने । पढ्न लागेको समय टिपोट गर्ने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्ने ।

- **स्वतन्त्र पढाइ**

  स्तरअनुसारको विभिन्न किसिमका पाठहरू दिने र स्वतन्त्र रूपमा पढ्न लगाउने । विद्यार्थीहरूले आरोह, अवरोह, गति, यति र हाउभाउसहित पढे नपढेको शिक्षकले निरीक्षण गर्ने र आवश्यक ठाउँमा सहयोग गर्ने । पढेको अरूले बुझे नबुझेको सोध्ने र अरूले बुझ्ने गरी पढ्न लगाउने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्न लगाउने ।

## (च) पठन बोध

(अ) कुनै सान्दर्भिक पाठ खोजी कक्षामा सुनाउने पाठ सुनाई पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने, जस्तै :

> हरिमान आज छिटो विद्यालय गयो । छिमेकका साथी पनि हरिमानसँगै गए । सबैले झोला राखे । चउरमा गई चकचक गर्न थाले । पाले दाइले हरिमानलाई देख्नुभयो । पाले सबैलाई बोलाउनुभयो । चकलेट दिनुभयो । अब चकचक नगर है भन्नुभयो । उनीहरू कक्षातिर लागे । कक्षामा मिस पो हुनुहुँदो रहेछ । लौ जा, कक्षामा पुग्दा त पहिलो पिरियड नै सकिएछ !

(आ) शिक्षकले पाठ पढी निम्नानुसारका कार्य गराउने :

- शिक्षकले पाठ्यसामग्रीबाट कुनै एउटा पाठ पढी मौखिक रूपमा प्रश्नोत्तर गर्ने गराउने
- शिक्षकले पाठ पढी त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई उत्तर भन्न लगाउने
- शिक्षकले पाठ पढी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्ने । बाल बालिकासँग सम्भावित उत्तरका बारेमा छलफल गरी छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई पढ्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई सारांश भन्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई प्रश्न सोध्न लगाउने र विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर दिने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई तथ्यतथ्याङ्कमा आधारित वा सोझै उत्तर दिन सकिने प्रश्नको उत्तर भन्न वा लेख्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक कुरा हो, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले पाठ पढी विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरू का उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।

### (छ) लेखाइ

(अ) विसङ्केतन शब्द, लब्ध शब्द तथा वाक्यको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- निर्धारित शब्द पहिचान, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाएर
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई मौखिक तथा लिखित प्रस्तुति गर्न लगाएर
- निर्देशित तथा स्वतन्त्र अभिव्यक्ति गर्न लगाएर
- भाषिक समस्याका बारेमा छलफल र उपयुक्त विकल्प पहिचान गर्न लगाएर
- त्रुटि पहिचान र सुधार गर्ने तथा प्राप्त भाषिक सूचना सङ्कलन तथा प्राथमिकीकरण गर्ने जस्ता अभ्यास गर्न लगाएर

# विषयक्षेत्र : हाम्रो संस्कृति

**विषयगत क्षेत्र : व्यञ्जन वर्ण पहिचान र मात्रा प्रयोग (वर्ण : ट, ठ, ड, ढ, ण, त, थ)** पाठ्यघण्टा : १५

## १. एकाइ परिचय

सांस्कृतिक सचेतता सिकाइको प्रमुख आधार हो । यसले सिकाइलाई एकीकरण गर्न सहयोग गर्छ । यसर्थ सिकाइका क्रममा जन्मदिन, जात्रा, चाड, मेलापर्व, बाजागाजा, बिहे, पूजा, कपडा, नाचगान, पिङ, ताली, माघी जस्ता सांस्कृतिक पक्षको जानकारी र व्यावहारिक अभ्यास गर्न जरुरी हुन्छ । यस्ता पक्षको विषयवस्तुगत अवधारणा र सिपपरक पक्ष सिकाउन बालकथा, गीत, कविता जस्ता विधात्मक स्वरूपलाई प्रभावकारी साधनका रूपमा लिइन्छ । अतः उल्लिखित विषयक्षेत्रगत पक्षको अभिवृद्धिका विविध पक्षमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले मात्रासहितका ट, ठ, ड, ढ, ण, त र थ वर्णको पहिचान र प्रयोग, पठित वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, अनुमान, श्रव्यदृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तुको टिपोट, समस्या पहिचान र समाधानका विकल्पसहित मौखिक प्रस्तुति, दुःख, हर्ष र चिन्ता जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल, सार निर्माण, परिवेशगत, पात्रगत वा घटनागत सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- मात्रा लागेका र नलागेका ट, ठ, ड, ढ, त, थ वर्णको पहिचान गरी उच्चारण र शब्दमा वर्ण विभेदीकरण गर्न
- विसङ्केतन शब्दका सुरु वा अन्त्यका ध्वनि पहिचान र उच्चारण गर्न
- शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, छुट्याएर, झिकेर, थपेर र परिवर्तन गरेर शब्द बनाउन

### श्रव्य/दृश्यबोध

- श्रव्य वा दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- अनुमान र कल्पना गरी मौखिक वर्णन गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- पढेका वर्ण (स्वर र व्यञ्जन) तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न
- 'ण' वर्ण पहिचान गरी ढाँचाको अनुकरण गर्न

### शब्दभण्डार

- सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
- पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको दाँज्न
- दैनिक प्रयोगमा आउने, शीर्ष शब्द, लब्ध शब्द तथा विसङ्केतक शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न
- स्तरअनुसारका पाठ्यसामग्री पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न

### पठन प्रवाह

- हाउभाउ, गति र शुद्धतासहित विसङ्केतक वर्ण, शब्द र सरल वाक्य पढ्न

### पठन बोध

- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- पाठका आधारमा सार बताउन
- परिवेश, पात्र र सन्दर्भ पहिचान गरी तुलना गर्न
- आफ्नो अनुभवसँग पाठको सन्दर्भ मिले नमिलेको दाँज्न

### लेखाइ

- वर्ण, शब्द र वाक्यको अनुलेखन तथा श्रुतिलेखन गर्न
- सरल एवम् छोटा अनुच्छेदको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरणको चिह्नको प्रयोग गरी भन्न र लेख्न
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु/दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द, लब्ध र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो संस्कृति सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन, शब्दको सुरु, मध्य वा अन्तका मात्रारहित तथा मात्रा एवम् चन्द्रबिन्दुसहितका व्यञ्जन वर्ण (ट, ठ, ड, ढ, ण, त, थ) का वर्णगत ध्वनि पहिचान र उच्चारण, लेख्यचिह्न र क्रियाका कालको प्रयोगको सचेततासहितको भाषिक अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

व्यञ्जन वर्ण : ट, ठ, ड, ढ, ण, त, थ

- जन्मदिन मनाऔँ — ट, ठ वर्ण
- टेकनाथ र ठाकुर — ट, ठ वर्ण
- छट्टु स्याल — ट वर्ण (उस्तै सुनिने ध्वनिमा ट वर्ण पर्ने भएकाले)

- डमडम ढमरु — ड, ढ, ण वर्ण
- डिका दिदीको बिहे — ड, ढ, ण वर्ण
- ढेड्डु — ढा-ढः वर्ण
- देश — ढा-ढः वर्ण
- तिहार — त, थ वर्ण
- ताराबाजी लै लै — त, थ वर्ण
- थकालीको भान्सा — (थ वर्ण)

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- सञ्चार सिप (S3.1)
- निर्णय तथा समस्या समाधान (S1.5)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)
- बहुसांस्कृतिक साक्षरता (S4.5)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | २०. ट, ठ | जन्मदिन मनाऔँ | टप, टलक, टपटप, टपरी, टपटप, टर्रो, टहरो, टिङटिङ, टङ्क, टुकी, टोपी, टहरो, ठमठम, टट्टा | टक, कटकट, चटकी, टकटकाए, काट, कीट, किट, घाट, कोट, खाट, टकटक, टाउको | किन |
| | | टेकनाथ र ठाकुर | टेकनाथ, टोपी, टालाटुली, टालो, टोकरी, टिमुर, ठाकुर, ठेलागाढा, ठाउँ, ठेगाना, ठाडो, टपरी, टिमुर, टमाटर, टर्रो, ठिटाठिटा टेबुल, टुपी, टेलिभिजन, टाढा, टाल, टाँस, टिन, टिप, टोल, टेलिफोन ठडेउरो, ठमठम, ठक्कर, ठन्डा, ठकुरी, ठसठस, ठुली, ठेकुवा, ठेल, ठेस, ठेला, ठेउला, ठुसठुस | टीका, टेक, कुटी, टाँक, झाँटे, काटे, केटा, केटी, केटाकेटी, टाटा, घोट, घुटुघुटु, घाटा, टाट, घाँटी, घैँटो, छिटा, झुटो, गोटी, टुकुचा, टाटो, छिटो, टिप, टुकटुक, काटी, टाँगा, टाई, टाटे, टिकी, टुकी, टुटी, टोक, टाउको, टिकट, टुकुटुकु,ठाउँ, ठुटो, ठिटो, ठेकी, ठग, ठोक, ठेट, जुठो, ठिक, ठुटो, कोठा, ठाठा, ठटाए, ठिटाठिटी, ठोके, ठाकठुक, ठुङ, ठकठक, ठग, गोठ, ठगी, ठुलो | |
| | | छट्टु स्याल | टङ्क, टहरा, टपरी | टकटकाए, टङटङ, कोट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २१. ड, ढ, ण | डमडम डमरु | डमडम, डमरु, डाँफे, डाली, ढोलक, अणिमा, गणेश, | ऋण, डोको, ढोका, ढाडे, टाढा, गुणी, डाँडा, गुण, गण, अणु, कण, ऋण, गुणी | |
| | | डिका दिदीको बिहे | ढाकाराम, डिल, डोली, अणिमा<br>डाँफे, डालो, डिल, डेरा, डोरो, डोली, डोले, डोटी, डाँका | डिका, डोटी, गाडी, डाँडा, गुण, डाँडो, डाडु, डाक, डिक, गाडी, जाडो, डाँडाकाँडा, चाँडो, डुकु, गैंडा, झाडु, झाडी, गेडागुडी, डोको, अगाडि, खिचडी, | कुन |
| | | ढेडु | ढाकाराम, बुढी, ढक, ढल, ढकढक, ढकने, ढडिया, ढलीमली<br>ढिलो, ढुसी, ढोलक | ढिकी,ढेडु, ढोका, ढक, चढ,ढाका, ढिको, ढोड, ढुटो, ढोका, ढिकी, ढिका, ढाल, ढेडु, ढिँडो, | |
| | | देश | ढोलक, ढल्कारुर, ढुक्क, ढाकर | ढिकी, ढाका, ढिँडो | |
| | | | | | कसलाई |
| | २२. त, थ | तिहार | तोरीबारी, तिमी, थाल, थापौं, तिहार, तेल, तिरमिर, तारा, साथी, तल, तर, तरल, तपतप, तपाईं, तरखर, तलतल, तनतन, तबला, तराई, तराजु, तकिया, | तट, छत, खेत, गीत, जित, खत, घत, कात, खात, घात, जात, जित, तोत, थुँगो | |
| | | ताराबाजी लै लै | तपन, तराई, तनुजा, ताप्लेजुङ, तातोपानी, थिरनाथ, थापाथली, तारा, थममाया, थर्मस, तबला, ताली, ताराबाजी, तामा, तान, ताल, ताप, तार, तारा, ताला, ताली, तिमी, तिल, तीन, तिस, तुनो, तेल, तोरी, तौल, तुलसी, तालिका, तोरण, तिहार, तौलिया, तरबार, तरकारी, तिरमिर | तिखो, जाँतो, तितो, तेते, तातो, जतातातै, ताक, छाता, गीता, कता, जता, ताजा, गाता, जुतो, तिज, तागत, ओखती, थकाइ, | |
| | | थकालीको भान्सा | थर, थपथप, थरथर, थलथल, थपडी, थलो, थला, थकाली, थल, थाल, थान, थापा, थारु, थाम, थाहा, थुन, थैली, थैलो, थोरै, थोत्रो, थोपो, थोते, थुतुनो, थामथुम, थुरथुर, थुपार | थिचो, थिच, थुक, थुँगा, थेग, थाक, थुथु, थोक, थकाइ | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) अगिल्ला एकाइमा गरिएका अभ्यासलाई निरन्तरता दिँदै शब्दको सुरु र अन्त्यमा रहेका वर्णगत ध्वनि पहिचान र उच्चारण गर्न लगाउने

(आ) ध्वनिअनुसार शब्दका अक्षर टुक्र्याउने र जोड्ने क्रियाकलाप गराउने, जस्तै :

- **शब्दका अक्षर टुक्र्याउने अभ्यास**

एउटा शब्द उच्चारण गर्ने र त्यसलाई तालीका आधारमा टुक्र्याउने अभ्यास गर्ने, जस्तै : शिक्षकले एउटा "डोली" शब्द उच्चारण गर्ने । त्यसलाई "डो" भन्दै एक ताली र "ली" भन्दै एक ताली बजाउन लगाउने । यसै गरी अरू शब्द भन्दै तालीकै आधारमा शब्दलाई ध्वनिमा टुक्र्याउन सिकाउने । विद्यार्थीहरूलाई जोडी समूहमा राखी केहीबेर यो अभ्यास गराउने ।

- **शब्दका अक्षर जोड्ने अभ्यास**

शब्दका अलग अलग ध्वनि दिएर त्यसलाई जोडी शब्द उच्चारण गर्न लगाउने, जस्तै : शिक्षकले एक एक ताली बजाएर "थो" र "पो" ध्वनि उच्चारण गर्ने र दुवै ध्वनि जोडेर एकै तालीमा "थापो" शब्द उच्चारण गरेर सुनाउने । यसपछि यस्तै किसिमका ससाना शब्द बन्ने अलग अलग ध्वनि सुनाएर सिङ्गो शब्द उच्चारण गर्न लगाउने ।

- **शब्दलाई ध्वनि र सानो शब्दमा टुक्र्याउने**

शब्दलाई ध्वनि र सानो शब्दमा जोडेर तथा टुक्र्याएर उच्चारण गर्दै शब्दहरू सुनाउने, जस्तै : "टलक" टुक्र्याएर "/ट/ /लक/" । यसैगरी टुक्र्याउन मिल्ने शब्दहरू सङ्कलन गर्ने, जस्तै : टिमुर, तरल, तागत, टिकट ... । त्यस्ता शब्दहरूलाई कक्षामा उच्चारण गरेर सुनाउँदै त्यसलाई टुक्र्याउन लगाउने । विद्यार्थीलाई कठिनाइ परेका स्थानमा शिक्षकले सहयोग गरिदिने

- **शब्दलाई ध्वनि र सानो शब्दमा जोड्ने**

शिक्षकले बालबालिकालाई शब्द उच्चारण गरेर सुनाउने, जस्तै : "टि" र "मुर्" । यसपछि टलक, तरल, तागत, टिकट जस्ता शब्दको सूची तयार पारी त्यसका आधारमा शब्दोच्चारण गर्न लगाउने ।

### (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित सन्देशमूलक भिडियो, बालनृत्य, बालगीत सुन्ने वा हेर्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने

(आ) प्रसारित श्रव्यदृश्य सामग्री वा पोस्टर, पत्रपत्रिकाकाका आधारमा दुःख, हर्ष र चिन्तालगायतका संवेगात्मक प्रस्तुति जनाउने विषयवस्तु कक्षामा प्रदर्शन गर्ने । त्यसको प्रस्तुतीकरण शैली जानकारी तथा अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने

## (घ) शब्दभण्डार

(अ) शब्द प्रयोगका आधारमा दिइएका वर्णका उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउने ।

(आ) पदसङ्गति मिलाएर वाक्य भन्न लगाउने, जस्तै :

| **नमिलेका** | **मिलेका** |
|---|---|
| ऊ आउनुभयो । | उहाँ आउनुभयो । |
| म काम गर्छ । | म काम गर्छु । |
| तपाईं आयो । | तपाईं आउनुभयो । |

(इ) निम्नानुसारका जस्तै खेल खेलाई शब्द पहिचान वा निर्माण गरी त्यसको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने

- ### मिश्रित अक्षरबाट शब्द बनाउने खेल

शब्दका वर्ण छ्यासमिस गरेर पहिले समूहमा र पछि व्यक्तिगत रूपमा शब्दहरूको सेट दिने । त्यसपछि विद्यार्थीहरूलाई त्यसको क्रम मिलाएर देखाउने खेल खेलाउने । यस क्रममा शब्दका अक्षर छ्यासमिस गरेर कार्डमा लेखेर दिई त्यसको क्रम मिलाएर लेख्ने खेल खेलाउने ।

- ### शब्द फेला पार्ने खेल

विद्यार्थीहरूलाई समूहमा राख्ने । हरेक समूहमा एक एकओटा सग्लो अक्षरले बनेको शब्द चार्ट र केही वर्णगोटी वितरण गर्ने । चार्टलाई बिचमा ओछ्याई टोकरीमा कुनै ३ ओटा फरक फरक वर्ण भएका गोटीहरू राखी हल्लाएर पल्टाई जोड्ने । गोटी पल्टाएर जुन शब्द बन्यो, त्यो गोटीको समूह त्यही वर्णमाथि राख्न लगाउने । यसरी फेला परेको शब्द कापीमा पनि टिपोट गर्न लगाउने ।

## (ङ) पठन प्रवाह

विसङ्केतन पाठ पठन अभ्यास गराउँदा निम्नानुसारका पक्षलाई विशेष रूपमा ध्यान दिने :

- ### सस्वर पढाइ

शिक्षकले अक्षर, शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउने । शिक्षकले पढेर सुनाउँदा आरोह, अवरोह, गति, यति र हाउभाउलाई विशेष जोड दिने । पढ्न लागेको समय टिपोट गर्ने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्ने । त्यसपछि गति बढे नबढेको कुरा बताइदिने ।

- **साझा पढाइ**

शिक्षकले विद्यार्थीहरूलाई पनि पढ्न लगाउने । यसरी पढ्न लगाउँदा क्रमशः पूरा कक्षालाई, समूहलाई र व्यक्तिगत रूपमा पढ्न लगाउने । पढ्न लागेको समय टिपोट गर्ने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्ने ।

- **स्वतन्त्र पढाइ**

स्तरअनुसारको विभिन्न किसिमका पाठहरू दिने र स्वतन्त्र रूपमा पढ्न लगाउने । विद्यार्थीहरूले आरोह, अवरोह, गति, यति र हाउभाउसहित पढे नपढेको शिक्षकले निरीक्षण गर्ने र आवश्यक ठाउँमा सहयोग गर्ने । पढेको अरूले बुझे नबुझेको सोध्ने र अरूले बुझ्ने गरी पढ्न लगाउने । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्ने । पढ्न लागेको समय टिपोट गर्न लगाउने ।

## (च) पठन बोध

(अ) कुनै विसङ्केतन किताब वा सन्दर्भ सामग्री छनोट गरी त्यसबाट सान्दर्भिक पाठ पढेर कक्षामा सुनाउने पाठ सुनाई पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने । यस्ता पाठ छान्दा संस्कृति परक पाठलाई विशेष प्राथमिकता दिने ।

(आ) शिक्षकले पाठ पढी निम्नानुसारका कार्य गराउने :

- शिक्षकले पाठ्यसामग्रीबाट कुनै एउटा पाठ पढी मौखिक रूपमा प्रश्नोत्तर गर्ने गराउने
- शिक्षकले पाठ पढी त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई उत्तर भन्न लगाउने
- शिक्षकले पाठ पढी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्ने । बाल बालिकासँग सम्भावित उत्तरका बारेमा छलफल गरी छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई पढ्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई सारांश भन्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई प्रश्न सोध्न लगाउने र विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर दिने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई तथ्यतथ्याङ्कमा आधारित वा सोझै उत्तर दिन सकिने प्रश्नको उत्तर भन्न वा लेख्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक कुरा हो, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले पाठ पढी विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरू का उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।

## (छ) लेखाइ

(अ) विसङ्केतन शब्द, लब्ध शब्द तथा वाक्यको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- निर्धारित शब्द पहिचान, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाएर
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई मौखिक तथा लिखित प्रस्तुति गर्न लगाएर
- निर्देशित तथा स्वतन्त्र अभिव्यक्ति गर्न लगाएर
- भाषिक समस्याका बारेमा छलफल र उपयुक्त विकल्प पहिचान गर्न लगाएर
- त्रुटि पहिचान र सुधार गर्ने तथा प्राप्त भाषिक सूचना सङ्कलन तथा प्राथमिकीकरण गर्ने जस्ता अभ्यास गर्न लगाएर

# विषयक्षेत्र : सञ्चार, प्रविधि र बजार

## विषयगत क्षेत्र : व्यञ्जन वर्ण पहिचान र मात्रा प्रयोग
## (वर्ण : द, ध, न, प, फ, ब, भ, म, य एवम् र)

पाठ्यघण्टा : १५

## १. एकाइ परिचय

सञ्चार प्रविधि र बजार बहुविषयक विषयक्षेत्रलाई सम्बोधन गर्ने उपयोगी एक शीर्षक हो । यसर्थ सञ्चार प्रविधि र बजार विषयक्षेत्रमा आधारित भई सिकाइ सहजीकरण गर्दा सहर, किनमेल, बजार, पसल, घुमघाम, फलफूल, चिडियाघर, सडक, सामान, टेलिफोन, गाडी, खाजाघर, टेलिभिजन, कुराकानी, समाचार, डुङ्गा जस्ता विषयक्षेत्रको जानकारी र व्यावहारिक अभ्यास गर्न जरुरी हुन्छ । यस्ता विषयक्षेत्रमा आधारित भई भाषिक सिप विकास तथा सञ्चारमा आधारित सामर्थ्य वा कौशलको विकास गर्नु सान्दर्भिक हुने देखिन्छ । अतः उल्लिखित विषयक्षेत्रगत पक्षको अभिवृद्धिका विविध पक्षमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले मात्रासहितका द, ध, न, प, फ, ब, भ, म, य एवम् र वर्णको पहिचान र प्रयोग, पठित वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, अनुमान, हाउभाउ तथा अभिनयसहितको मौखिक प्रस्तुति, समस्या पहिचान र समाधानका विकल्पसहित मौखिक प्रस्तुति, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल, सार निर्माण, परिवेशगत, पात्रगत वा घटनागत सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना, पात्र परिवर्तन गरी कथा निर्माण, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- मात्रा लागेका र नलागेका द, ध, न, प, फ, ब, भ, म, य वर्णको पहिचान गरी उच्चारण र शब्दमा वर्ण विभेदीकरण गर्न
- विसङ्केतन शब्दका सुरु वा अन्त्यका ध्वनि पहिचान र उच्चारण गर्न

### श्रव्य/दृश्यबोध

- हाउभाउ र अभिनयसहित विषयवस्तुको मौखिक प्रस्तुति गर्न
- अनुमान र समस्या समाधानसहित मौखिक वर्णन गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण गर्न
- पढेका वर्ण (स्वर र व्यञ्जन) तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न
- शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, छुट्याएर, फिकेर, थपेर र परिवर्तन गरेर शब्द बनाउन

### शब्दभण्डार

- अनुभव तथा पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको लेखाजोखा गर्न
- दैनिक प्रयोगमा आउने, शीर्ष शब्द, लब्ध शब्द तथा विसङ्केतक शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न
- पाठका अनुच्छेद पढेर नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न

### पठन प्रवाह

- हाउभाउ, गति र शुद्धतासहित विसङ्केतक (वर्ण, शब्द, वाक्य र सरल अनुच्छेद) पाठ पठन गर्न

### पठन बोध

- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- परिवेश, पात्र र सन्दर्भ पहिचान गरी तुलना गर्न
- पात्र परिवर्तनसहित कथा निर्माण गर्न

### लेखाइ

- वर्ण, शब्द र वाक्यको अनुलेखन तथा श्रुतिलेखन गर्न
- बढीमा दश वाक्यसम्मका अनुच्छेदको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी भन्न र लेख्न
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द, लब्ध र विसङ्केतक शब्द प्रयोग गरी सञ्चार प्रविधि र बजारसँग सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन, शब्दको सुरु, मध्य वा अन्तका मात्रारहित तथा मात्रा एवम् चन्द्रबिन्दुसहितका व्यञ्जन वर्ण (द, ध, न, प, फ, ब, भ, म, य एवम् र) का वर्णगत ध्वनि पहिचान र उच्चारण, लेख्यचिह्न र क्रियाका कालको प्रयोगको सचेततासहितको अभिव्यक्ति

## ४. सिकाइ वा खोजको मार्ग

व्यञ्जन वर्ण : द, ध, न, प, फ, ब, भ, म, य, र

- नानी गई गोठमा — द, ध, न वर्ण
- नौलो खाजा — द, ध, न वर्ण
- दिपावली — द, ध, न वर्ण
- बलरामको बसमा — प, फ, ब वर्ण

- पेडा — प, फ, ब वर्ण
- सबै रमाए — ब वर्ण
- राम्रो जीवन — भ, म, य, र वर्ण
- भालु — भ, म, य, र वर्ण

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- सिकाइ सिप (S1.2)
- समय व्यवस्थापन सिप (S2.4)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| सञ्चार, प्रविधि र बजार | २३. द, ध, न | नानी गई गोठमा | दमदम, दमाहा, दिनेश, दियो, दुबो, दिपावली, दाउरा, दनदनी, दाना, धोबी, धारा, धेरै, धुपौरो, धूप, धर्ती, धिमेबाजा, धौलागिरी, नास्पाती, निबुवा, नौनी, नैना, नोट, दमकल, दमाहा, दराज, दनदन, दही, दर, दमक, दरदर, दमन (नाम), दश, दह, दल, दलदल, दरबार | नुन, नाक, नानी, नाच, नाता, नाना, नैना, नैनी, नोट, खाना, निको, नाउँ, नाग, नाडी, नेता, नाटक, नङ, नट, नदी, नगद, कान खान, घान, गान, छान, जान, झान, ठान, तान, थान, दान, धान,दाइ,धजा,धागो, नानी | निलो, रातो |
| | | नौलो खाजा | दामिनी, नौलो, मन, दुइटा, निबुवा, धनियाँ, धुलो, खुर्सानी, नौनी, पनि, दानी, दाना, दाम, दाल, दाह्री, दिन, दियो, दान, दीप, दुनो, दुबो, दुध, दुलो, देव, देवी, देश, दैलो, दौड, दौरा, दोकान, दलिन, दाउरा, दाहिने, दिउँसो, दिमाग, दीपावली, धनुष, धरहरा, धन, धमिरो, धनकुटा, धरान, धस, धरमर, धरधर, धपधप, धनी, धजा, धनु, धनियाँ, धमाधम धान, धार, धाप, धारो, धुन, धुलो, धुवाँ, धूप, धैर्य, धामी, धुन, धुनु, धुजा, धुपी, धुरी, धेर, धिमाल, धुरुधुरु, धिपधिप, निबुवा, नौलो, निधार, निलो, नेपाल, नाम, नाफा, नाप, निधो, निशा, नेवार, नास्पाती, निगालो, नरिवल, नयाँ, नयन, नरम, नसा, नहर, नजर, नगर | दाँत, दाइ, दाउ, इद, दाग, दिदी, दुई, देऊ, देउता, देखाई, दाद, दुदु, दुत, दादा, दाजु, धक, धजा, काँध, दुध, धाक, धोऊ, आँधी, धोती, धोई, धोए, नुन,नाक,कान, देख, धागो, | |
| | | दीपावली | दीपावली, धनबहादुर, दही, दाल, दौरा, दुनो, धनियाँ, धुपौरो | दोकान,दुध, धागो,धजा, | कालो |

| | | | | | |
|---|---|---|---|---|---|
| | २४. प, फ, ब | बलरामको बसमा | परेवा, पचास, पसल, पराल, परी, पहेँलो, पवन, पर, पल, पत्र, पलङ, पहाड, पसिना, पहिलो, परिवार, फलाम, फल, फलफूल, फलाटिन, फनफन, फलैँचा, फराक, फर्सी, फरिया, फतफत, फरक, बदाम, बल, बस, बथान, बगर, बतास, बहर, बयर, बदल, बहिनी, बगैँचा, फैलाएर, पखेटा, पत्कर, फागुन, फुर्सद, फोहोर, बस, बलराम, बतास | पखेटा, कप, पख, कपाकप, छाप, जिप, खिप, पद, पढ, पटक, पठन, धिपधिप, गफ, बढ, बन, पटका, | पहेँलो |
| | | पेडा | पिरो, पुल, पुरी, पुस, पुतली, पातलो, पारिजात, पिपल, पैसा, पोखरी, पाहुना, पुलिस, पैतला, फाली, फापर, फाइल, फूल, फुटबल, फुरफुर, फुली, फोहोर, फाल, फितलो, फिरफिर, फेला, फेटा, फेवा, फौजी, फोन, पवित्रा, पापा, पेडा, पर्छ, पनि, पैसा, पोका, पैताला, फलफूल, फूल, फर्सी, फल्नु, फुल्नु, टिपिन्, बहिनी, बयर, बदाम, बेलुकी, सबै | पापा, पिना, कापी, पाना, पानी, टाप, पाथी, पात, पाखा, काप, पाठ, पाँच, पाटी, पाडो, पाठापाठी, पाठो, पाठी, पोको, खापा, पापी, पिँढी, पिङ, पिता, पिठो, पूजा, पाप, पेट, पीडा, पोते, पौडी, पेज, पेटी, पेडा, पोत, पोथी, पापड, फागुन, फोटो, फेटा, फुपू, फुपाजु, फिका, फेद, फागु, फोका, फोन, फिता | |
| | | सबै रमाए | बादल, बाकस, बारी, बाँदर, बाला, बिहे, बेला, बेसी, बेर, बोली, बिरामी, बोसो, बाँसुरी, बिरालो, बिहान, बेलुकी, बेसार, बोतल, बेल, बेली, बोरा, बिरालो, बाजा, बोक्नु, बजाउनु, बारी, बोतल, सबै | बुबु, बाबा, बाबु, बिना, बोका, बोट, बिटा, बात, बितेका, बाघ, बाजा, बिदा, बचत, बाटो, बाँण, बिच, बिउ, बुटो, बुझ, बोझ, बोढी, बाठो, बुट, बेत,बोको | हरियो |
| | २५. भ, म, य, र | राम्रो जीवन | भवन, भल, भैलो, भोलि, भैरव, भिर, भूमि, भीमसेन, रहर, राल, रुमाल मलम, मधेस, मल, मयल, महल, महिना, मलजल, मरिच, मह, भमरा, भुनुभुन, भेडा, मह, मक्ख, मुसो, युवक, यमराज, रमिला, रिबन, राम्रो | भजन, भटभटे, भतिज, भनभन, भतभत, भकभक, भक, भदौ, भाँडा, भाइ, भात, भाग, भिनाजु, भाका, भिख, भुइँ, भुजा, भुत, भेटी, भेडा, भोक, भोजन, भोटो, भोट, भनाइ, भाउजू, भोगटे, भाटा, नाभि, भुनभुन, रङ, रड, रबर, रथ, रस, रगत, रमझम, राँगो, रारा, रातो, रुख, राधा, रिन, रिस, रेखा, रिबन, रेडियो, रोटी रोडा, रोग, रोप, रायो, राई, रात, रोचक, रुकुम, रसबरी, भँगेरो, मकै, रारा, भिखारी, माकुरो,मौरी, भिर,मन,रातो,योगी, याक, यता | सेतो |
| | | भालु | मझेरी, मित्र, मुला, मुसो, मेला, मेवा, मुरली, माहुरी, मादल, भटमास, भतेर, भरिलो, भलायो, भलिबल, भेल, भालु, भाले, भाषा, भित्र, भुस, भुल, भुवा, भेला, भैँसी, भँगेरो, रुख, मने, मुरली, भैँसी, मुसो, मेवा, यमुना, याडी, युधिर,रुमाल, बोरा, धिमाल, भैँसी, मिल, मेसिन, युवक | मग, मकै, मखन, मगज, मदन, मगमग, ममता, घाम, दाम, काम, खाम, छाम, जाम, डाम, थाम, धाम, नाम, माम, याम, राम, लाम, माटो, माछो, माथि, माना, माफी, माघ, मुगु, मुटु, मुना, मोटो, मोती, मही, मौका, मिठाई, मिनेट, मैदान, कमी, मीना, नामी, गोमा, माछा, मित, मितिनी, यति, यही, यता, याक, योगी, यो, यातायात, यमुना, युवा, चिया, माया, चोया, कोया, खोया, आयो, खायो, गायो, दियो, गयो, भयो, यान, याद, मेच, फेर,याक,भुरा,मोति,फुरौला, यम, यमराज,यजमान, फिरफिरे, भकारी, धाराघरे, भर, भीम,भार, दौरा, मकै, मौरी, माकुरो, भकारी, भारी, भरत, भतेर, भमरा | |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) अगिल्ला एकाइमा गरिएका अभ्यासलाई निरन्तरता दिँदै शब्दको सुरु र अन्त्यमा रहेका वर्णगत ध्वनि पहिचान र उच्चारण गर्न लगाउने, जस्तै :

तलको अनुच्छेद सुनेर नयाँ शब्द भन्नुहोस् :

**अहिले आमासँग इला पनि पसलमा जाँदैछन् । पसलमा ईशान पनि रहेछन् । उनको शिरमा उनीको टोपी थियो । वर्षा ऋतुमा उनीको टोपी लगाएको देखेर आमा हाँस्नु भयो । उनले ऐना हेरे । ओहो ! कत्ति नमिलेको भनेर टोपी झिके । यो देखेर इला औंधी हाँसिन् । ईशानले आइसक्रिम किने । उनले इलालाई थोरै अंश दिए । आइसक्रिम खाएर इला पसलबाट घरतिर गइन् । उनी बिचबाट फर्किइन । उनले कापी किन्न बिर्सिछन् ।**

(आ) ध्वनिअनुसार शब्दका अक्षर टुक्र्याउने र जोड्ने क्रियाकलाप गराउने, जस्तै :

- **शब्दका अक्षर टुक्र्याउने अभ्यास**

एउटा शब्द उच्चारण गर्ने र त्यसलाई तालीका आधारमा टुक्र्याउने अभ्यास गर्ने, जस्तै : शिक्षकले "बोरा" शब्द उच्चारण गर्ने । त्यसलाई "बो" भन्दै एक ताली र "रा" भन्दै एक ताली बजाउन लगाउने । यसै गरी अरू शब्द भन्दै तालीकै आधारमा शब्दलाई ध्वनिमा टुक्र्याउन सिकाउने । विद्यार्थीहरूलाई जोडी समूहमा राखी केहीबेर यो अभ्यास गराउने ।

- **शब्दका अक्षर जोड्ने अभ्यास**

शब्दका अलग अलग ध्वनि दिएर त्यसलाई जोडी शब्द उच्चारण गर्न लगाउने, जस्तै : शिक्षकले एक एक ताली बजाएर "धा" र "गो" ध्वनि उच्चारण गर्ने र दुवै ध्वनि जोडेर एकै तालीमा "धागो" शब्द उच्चारण गरेर सुनाउने । यसपछि यस्तै किसिमका ससाना शब्द बन्ने अलग अलग ध्वनि सुनाएर सिङ्गो शब्द उच्चारण गर्न लगाउने ।

- **शब्दलाई ध्वनि र सानो शब्दमा टुक्र्याउने**

शब्दलाई ध्वनि र सानो शब्द मा जोडेर तथा टुक्र्याएर उच्चारण गर्दै शब्दहरू सुनाउने, जस्तै : "दमन" टुक्र्याएर "/द/ /मन्/" । यसैगरी टुक्र्याउन मिल्ने शब्दहरू सङ्कलन गर्ने, जस्तै : दिमाग, दोकान, दलिन, धिमाल, नहर, पिपल ... । त्यस्ता शब्दहरूलाई कक्षामा उच्चारण गरेर सुनाउँदै त्यसलाई टुक्र्याउन लगाउने । विद्यार्थीलाई कठिनाइ परेका स्थानमा शिक्षकले सहयोग गरिदिने

- **शब्दलाई ध्वनि र सानो शब्द जोड्ने**

शिक्षकले बालबालिकालाई शब्दको उच्चारण गर्न लगाउने, जस्तै : "न" र "हर" । यसपछि दिमाग, दोकान, दलिन, धिमाल जस्ता शब्दको सूची तयार पारी त्यसका आधारमा शब्दोच्चारण गर्न लगाउने ।

### (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट सूचना प्रविधि तथा बजारसँग सम्बन्धित विषयक्षेत्रमा आधारित

भई प्रसारित सन्देशमूलक भिडियो, बालनृत्य, बालगीत सुन्ने वा हेर्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने, जस्तै :

सूचना १ सडेगलेका र बासी खानेकुरा नखाऔँ ।
झाडापखाला रोग लाग्नबाट बचौँ ।

सूचना २ साथीसाथी झगडा नगरौँ ।
एकआपसमा मिलेर अघि बढौँ ।

सूचना ३ ठुलालाई सम्मान गरौँ ।
सानालाई माया गरौँ ॥

(आ) सञ्चारका लागि विविध साधनको उपयोग गर्ने, जस्तै : श्रव्य : टेलिफोन, रेडियो, क्यासेट ..., दृश्य : म्यासेज, चिठी, कार्ड, पोस्टर, .... श्रव्यदृश्य : टेलिफिल्म, टेलिभिजन, कम्प्युटर, ल्यापटप ..... । सञ्चारका साधनमा लक्ष्य वा रणनीतिक विषयवस्तुको छनोट गरी सन्देश प्रवाह तथा चिन्तन सिप विकासका लागि उत्प्रेरित गर्ने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने

## (घ) शब्दभण्डार

(अ) शब्द प्रयोगका आधारमा दिइएका वर्णका उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउने ।

(आ) चन्द्रबिन्दु र शिरबिन्दु लागेर बनेका शब्दसहितका अनुच्छेद शुद्धसँग सस्वर पढ्न लगाउने । यस क्रममा शिक्षकले निम्नानुसार शिरबिन्दु र चन्द्रबिन्दु लागेर बनेका शब्दहरू शब्दपत्तीमा देखाएर प्रदर्शन गर्दै 'म गर्छु, हामी गर्छौं र तिमी गर' का क्रियाकलापबाट पठन अभ्यास गराउने, जस्तै : शब्दहरू : संसार, वंश, हंस, अंश, आँखा, आँप, दाँत, घाँटी, बाँस, टाँक, घाँस, साँझ, घुँडा, बाँदर, सिँढी, अँगार, औँला, अँजुली, आंशिक, आँगन, गाउँ, ठाउँ, कंस, खँदिलो, गउँत, छाँगो, बँदेल, बाँकी, बाँझो, साँचो, साँघुरो, साँढे, साँध, संवाद, संज्ञान, औँठी, उँट, ऐँठन, इँटा, इँजार, सारांश, संरक्षण ।

उल्लिखित शब्दमध्ये विसङ्केतन नभएका शब्द परेमा विद्यार्थीलाई मौखिक अभ्यास मात्र गराउने ।

(इ) निम्नानुसारका जस्तै तालिकाबाट उदाहरणमा दिइएअनुसार वाक्य बनाउने अभ्यास गराउने (काल, वचन, पुरुष)

जस्तै :

| | | |
|---|---|---|
| म | | गए । |
| रामलखन | घर | जान्छु । |
| सीता | | गइन् । |
| पेम्बाहरू | | जाने छ । |

जस्तै : म घर जान्छु ।

## (ङ) पठन प्रवाह

(अ) निर्धारित वर्ण (द, ध, न, प, फ र ब) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णगत ध्वनि भएका वर्णको ध्वनिविभेद पनि गर्न लगाउने, जस्तै :

**रमन कक्षा एकमा पढ्छन् । एक दिन उनी गृहकार्य गर्दै थिए । आमा भान्सामा खाना पकाउँदै हुनुहुन्थ्यो । भान्सामा नुन सकिएको रहेछ । रमनले नुन किन्न जान्छु भने । नुनको मूल्य रु. २२ पर्छ । आमाले ब्यागबाट पैसा लैजाऊ भन्नुभयो । रमनले आमाको ब्यागमा हेरे । त्यहाँ रु. १० का केही नोट थिए । केही सिक्काहरू पनि थिए । २२ रूपैँयाका लागि २० को एउटा नोट चाहिन्छ । रु. २ को सिक्का पनि चाहिन्छ । रु. २ को सिक्का उनले लिए । २० को नोट देखेनन् । १० का नोटबाट पनि रु. २० बनाउन सकिन्छ । उनले दुई ओटा १० का नोट लिए । रु.२ को एक सिक्का पनि लिए । उनी पसल गए । पसलमा भिड रहेछ । उनी पालो पर्खेर बसे । एकजना दिदीको झोला खस्यो । रमनले झोला टिपेर दिदीलाई दिए । दिदीले धन्यवाद दिनुभयो । रमनको पालो आयो । उनले नुन किनेर ल्याए । आमालाई दिए । रमनले काम सघाए । आमाले रमनलाई धन्यवाद दिनुभयो ।**

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द तथा लब्ध शब्द प्रयोग गरी निर्माण पाठको गति, यति र शुद्धतासँग अनुपठन, सहपठन र स्वतन्त्र पठन गर्ने अभ्यास गराउने र उक्त पाठ पठन गर्दा सस्वर, युगल जोडी, समूह पठन तथा द्रुत पठन गर्न लगाउने ।

(इ) उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा पठनमा समस्या भएका विद्यार्थीलाई लक्षित गर्दा शिक्षकले नमुना शब्दसूची तयार पारी त्यसका आधारमा शब्द उच्चारण गरी ध्यानपूर्वक सुन्न लगाउने । शब्दहरूको उच्चारणका क्रममा शब्दपत्ती वा शब्दचित्रपत्ती देखाउने । त्यसपछि सूचीमा रहेका शब्दमध्ये तपाईं आफैँले कुनै शब्द भन्ने, जस्तै : काई । यसैगरी शब्दपत्ती देखाउँदै सुधार आवश्यक भएका विद्यार्थी, युगल वा ससाना समूह शब्द पठन गर्न लगाउने ।

उल्लिखित क्रियाकलापलाई विद्यार्थी गरेको अवस्थामा हातको बुढीऔँला तलमाथि गर्ने तथा ताली बजाउने जस्ता क्रियाकलाप पनि गरी विद्यार्थीलाई सक्रिय बनाउने ।

## (च) पठन बोध

(अ) कुनै विसङ्केतन किताब वा सन्दर्भ सामग्री छनोट गरी त्यसबाट सान्दर्भिक पाठ पढेर कक्षामा सुनाउने पाठ सुनाई पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने । यस्ता पाठ छान्दा संस्कृति परक पाठलाई विशेष प्राथमिकता दिने ।

(आ) शिक्षकले तलको जस्तै पाठ पढी निम्नानुसारका कार्य गराउने :

### थरीथरीका पसल

**सीमा आमासँग बजार गइन् । पहिला उनीहरू कपडा पसलमा पुगे । आमाले सीमालाई जामा र कोट किनिदिनुभयो । उनीहरू औषधी पसलमा पुगे । हजुरआमाका लागि औषधी किने । उनीहरू पुस्तक पसलमा पुगे । आमाले कथा, कविता र चित्रका किताब किनिदिनुभयो । आमाछोरी खेलौना पसलमा पुगे । त्यहाँ पुतली र भकुन्डो किने । उनीहरू तरकारी पसलमा पुगे । आलु, काउली, प्याज र साग किने । सीमाले आज धेरै पसल देखिन् ।**

- शिक्षकले पाठ्यसामग्रीबाट कुनै एउटा पाठ पढी मौखिक रूपमा प्रश्नोत्तर गर्ने गराउने
- शिक्षकले पाठ पढी त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई उत्तर भन्न लगाउने
- शिक्षकले पाठ पढी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्ने । बालबालिकासँग सम्भावित उत्तरका बारेमा छलफल गरी छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई पढ्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई सारांश भन्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई प्रश्न सोध्न लगाउने र विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर दिने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई तथ्यतथ्याङ्कमा आधारित वा सोझै उत्तर दिन सकिने प्रश्नको उत्तर भन्न वा लेख्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक कुरा हो, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले पाठ पढी विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।
- पाठमा प्रस्तुत भएका पात्र परिवर्तन गरी अर्को पाठ निर्माण गर्ने, जस्तै :
- लखन दाजुसँग बजार गए । पहिला उनीहरू कपडा पसलमा पुगे । दाजुले लखनलाई कुर्ता र सुरुवाल किनिदिनुभयो । उनीहरू औषधी पसलमा पुगे । बहिनीका लागि ज्वरोको औषधी किने । उनीहरू पुस्तक पसलमा पुगे । दाजुले कथा, कविता र चित्रका किताब किनिदिनुभयो । दाजुभाइ खेलौना पसलमा पुगे । त्यहाँ पुतली र भकुन्डो किने । उनीहरू तरकारी पसलमा पुगे । आलु, काउली, प्याज र साग किने । लखनले आज धेरै पसल देखे ।

### (छ) लेखाइ

(अ) विसङ्केतन शब्द, लब्ध शब्द तथा वाक्यको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- श्रुतिलेखन, अनुलेखन तथा मौखिक प्रस्तुतीकरण (समूहको प्रतिनिधित्व गरी प्रस्तुतीकरण) गर्न लगाएर
- स्वतन्त्रतापूर्वक बोल्न लगाएर
- स्वतन्त्र रूपमा लेख्न लगाएर
- आफ्नो घर परिवार, विद्यालय आदिका बारेमा बताउन लगाएर
- हाउभाउपूर्ण अभिव्यक्ति दिन लगाएर

# विषयक्षेत्र : हाम्रो क्रियाकलाप

## विषयगत क्षेत्र : व्यञ्जन वर्ण पहिचान र मात्रा प्रयोग
## (वर्ण : ल, व, श, स, ष, ह, क्ष, त्र, ज्ञ)

पाठ्यघण्टा : १५

## १. एकाइ परिचय

क्रियाकलापका क्रममा सहजताका साथ भाषिक प्रयोग हुन्छ अर्थात् अधिकांश क्रियाकलापलाई सहजतापूर्वक सञ्चालन गर्ने आधार भनेकै भाषाको उपयोग हो । अतः यस विषयक्षेत्रले खाना, हिँड्डुल, खेलकुद, नाचगान, उडाइ, रमाइलो, मित्रता, असल व्यवहार, नाटक, आवाज, आराम, छलफल जस्ता क्रियाकलाप तथा त्यसका आधारमा भाषिक सञ्चार तथा अभिव्यक्तिलाई समेट्छ । अतः यी विषयक्षेत्रको जानकारी र व्यावहारिक रूपमा प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । देश सबैको एकताको आधार पनि हो । अतः देश विषयक्षेत्रमा विद्यार्थीले मात्रासहितका ल, व, श, स, ष, ह, क्ष, त्र र ज्ञ वर्णको पहिचान र प्रयोग, समान तथा असमान संरचनायुक्त शब्दको प्रयोग, पठित वर्णको वर्णगत ध्वनि पहिचान, सङ्केतन, विसङ्केतन तथा लेखन, अनुमान, दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान, हाउभाउ तथा अभिनयसहितको मौखिक प्रस्तुति, समस्या पहिचान र समाधानका विकल्पसहित मौखिक प्रस्तुति, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल, सार निर्माण, परिवेशगत, पात्रगत वा घटनागत सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना, पात्र परिवर्तन गरी कथा निर्माण, विसङ्केतन तथा लब्ध शब्द पठन तथा लेखन, थोप्ला जोडी आकृति वा चित्र निर्माणलगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- मात्रा लागेका र नलागेका र, ल, व, स, ह वर्णको पहिचान गरी उच्चारण र वर्ण विभेदीकरण गर्न
- समान तथा असमान संरचना भएका शब्दका सुरुका ध्वनि पहिचान र उच्चारण गर्न
- विसङ्केतन शब्दका मध्य वा अन्त्यका ध्वनि पहिचान र उच्चारण गर्न
- शब्दका वर्ण विभाजन गर्न र वर्ण जोडेर, छुट्याएर, झिकेर, थपेर र परिवर्तन गरेर शब्द बनाउन

### श्रव्य/दृश्यबोध

- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- उमङ्ग, उत्सुकता र आश्चर्य जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न

### लेख्यवर्ण सचेतीकरण

- सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ वर्णको ढाँचा अनुकरण गर्न
- पढेका वर्ण (स्वर र व्यञ्जन) तथा मात्राको सङ्केतन र विसङ्केतन गरी ढाँचाको अनुकरण गर्न

- चन्द्रबिन्दु ( ँ), शिरबिन्दु ( ं ) र विसर्ग ( : ) को प्रयोग गर्न
- समान असमान संरचना भएका शब्दको सूची निर्माण गर्न

### शब्दभण्डार

- दैनिक प्रयोगमा आउने, शीर्ष शब्द, लब्ध शब्द तथा विसङ्केतक शब्द अर्थबोधसहित वाक्यमा प्रयोग गन

### पठन प्रवाह

- हाउभाउ, गति र शुद्धतासहित विसङ्केतक (वर्ण, शब्द, वाक्य र सरल अनुच्छेद) पाठ पठन गर्न
- अनुच्छेदको सस्वर  र द्रुत वाचन गर्न
- शब्दमा भएका वर्णगत ढाँचा र अर्थका बारेमा सचेततासहित पढ्न

### पठन बोध

- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- परिवेशगत, पात्रगत र घटनागत सन्दर्भ पहिचान र तुलना गर्न
- पात्र परिवर्तनसहित कथा निर्माण गर्न

### लेखाइ

- वर्ण, शब्द र वाक्यको अनुलेखन तथा श्रुतिलेखन गर्न
- बढीमा दश वाक्यसम्मका अनुच्छेदको अनुलेखन गर्न

### कार्यमूलक व्याकरण

- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग अवस्था ख्याल गरी भन्न र लेख्न
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ३. मुख्य विषयवस्तु/दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द, लब्ध र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो संस्कृति सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन, शब्दको सुरु, मध्य वा अन्तका मात्रारहित तथा मात्रा एवम् चन्द्रबिन्दुसहितका व्यञ्जन वर्ण (ल, व, श, स, ष, ह, क्ष, त्र, ज्ञ) का वर्णगत ध्वनि पहिचान र उच्चारण, समान तथा असरमान संरचना भएका शब्दको सान्दर्भिक प्रयोग, लेख्यचिह्न र क्रियाका कालको प्रयोगको सचेततासहितको अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु

## ४. सिकाइ वा खोजको मार्ग

व्यञ्जन वर्ण : ल, व, श, स, ष, ह, क्ष, त्र, ज्ञ, समान तथा असरमान संरचना भएका शब्द

- लामो लुगा लाएर — ल, व, श, ष वर्ण
- विशेषका बुबा — ल, व, श, ष वर्ण
- हुँदैन गर्नु हतार — स, ह, क्ष, त्र, ज्ञ वर्ण
- साथी साथी — स, ह, क्ष, त्र, ज्ञ वर्ण

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- निर्णय तथा समस्या समाधान (S1.5)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्राज्ञिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द | लब्ध शब्द |
|---|---|---|---|---|---|
| हाम्रो क्रियाकलाप | २६. ल, व, श, ष | लामो लुगा लाएर | लहरो, लाहुरे, लोहोरो, लसुन, साथ, बस्यो, | लखन, चामल, थाल, काउली, जुरेली, पुतली, फलफूल, किला, कालो, खेल, मेला, भेल, मूल, बेला, बेल, बिरालो, कोइला, चोइला, बेली, चमेली, लहर, लतपत, लगलग लाख, लात, लामो, लाल, लागि, लाग, लिची, लिटो, लिप, लीला, लुक, लुट, लुगा, लुतो, लुलो, लोला, लोभ, लौका, लौरो, लाइन, लुटपुट, लाइटर, लुगलुग, लुकामारी, लामो, लुगा, लगाउनु,लालुपाते, फूल, लहरा, बोलायो, लौरो, लौका, बिरालो, वीणा, मादल, शशी, उषा, ऋषभ,लामो, लगाएर, वकिल, वास | छन् |
| | | विशेषका बुबा | लसुन | वकिल, वीणा, वेदना, वीर, वायु, विकास, शरीर, शनि, शेखर, शाखा, शोभा, शुभ, शशि, शैशव, शारीरिक, शिशु, शेखर, उषा, षट्कोण, विष, भाषा, दोषी, विषय, गणेश, कंश, वंश, अंशुमाला, अंशु, विशेष, वकिल, शोभा, उषा, लौका, लिची,शेखर, शिव, शेषकान्त, शिरोमणि, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २७. स, ह, क्ष, त्र, ज्ञ | हुँदैन गर्नु हतार | | सरल, सडक, समय, सकसक, समथर, साँझ, सबै, साग, साडी, सात, साथी, साना, सिक, सिँढी, सिङ, सिटी, सीता, सूर्य, सुगा, सुख, सुन, सेती, सेतो, सेल, सोध, साउन, सुसेली, सलाम, सपना, सलाई, सुकुल, साइकल, सिमसिम, सुपारी, सोली, सेल, सामान, सिसौ, सिसी, सैसला, अंसियार, सूत्र, सहर, हेर, सेतो, हिमाल, हाँसेछ, हाम्रो, पहाड, सम्म, मधेस, सुन्दर, हात, साथ, हजार, हतार, हरियो, हेरेर, सगर, प्रेक्षा, रक्षा, नेत्र, ज्ञान, अज्ञान, चित्र, विज्ञान, संज्ञान, मात्र | |
| | | साथी साथी | | हक, हर, हटहट, हतपत, हरहर, हलो, हलेदो, हवाईजहाज, हली, हाँस, हाट, हाड, हामी, हात, हावा, हाँगा, हिउँ, हिजो, हिलो, हेला, होली, हैजा, होचो, हरिण, हरियो, हिमाल, हिसाब, हाजिर, हजुर, हंस, क्षमा, कक्षा, भिक्षा, क्षितिज, चक्षु, क्षेत्र, साक्षी, त्रिभुज, भित्री, पात्रो, मात्र, त्रुटि, नेत्र, चित्र, मित्र, यज्ञ, ज्ञानी, आज्ञा, सिमसिम, सीमा, सौगात, हरीश, रक्षा, यज्ञ, सुकुल, बसे, सानिमा, सेल, त्रैलोक्य, सागबारी, सुगा, हरियो, हरिण, हात्ती, अक्षर, मुसुक्क, हाँस्यो | छैनन् |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) अगिल्ला एकाइमा गरिएका अभ्यासलाई निरन्तरता दिँदै शब्दको सुरु र अन्त्यमा रहेका वर्णगत ध्वनि पहिचान र उच्चारण गर्न लगाउने, जस्तै :

**आज म हवाईजहाज चढेँ । हवाईजहाजबाट हिमाल देखियो । हिमालमा हिउँ रहेछ । हिउँ देखेर म रमाएँ । मैले पहाड पनि देखेँ । पहाडमा धेरै जङ्गल रहेछन् । त्यहाँ बाघ, भालु र बाँदर बस्छन् रे । स्याल पनि जङ्गलमा नै बस्छ रे । नेपालमा तराई पनि छ । त्यहाँ धेरै गर्मी हुन्छ । तराईमा हात्ती र जरायो बस्छन् ।**

(आ) ध्वनिअनुसार शब्दका अक्षर टुक्र्याउने र जोड्ने क्रियाकलाप गराउने, जस्तै :

- **शब्दका अक्षर टुक्र्याउने अभ्यास**

एउटा शब्द उच्चारण गर्ने र त्यसलाई तालीका आधारमा टुक्र्याउने अभ्यास गर्ने, जस्तै : शिक्षकले एउटा "मौरी" शब्द उच्चारण गर्ने । त्यसलाई "मौ" भन्दै एक ताली र "री" भन्दै एक ताली बजाउन लगाउने । यसै गरी अरू शब्द भन्दै तालीकै आधारमा शब्दलाई ध्वनिमा टुक्र्याउन सिकाउने । विद्यार्थीहरूलाई जोडी समूहमा राखी केहीबेर यो अभ्यास गराउने ।

- **शब्दका अक्षर जोड्ने अभ्यास**

शब्दका अलग अलग ध्वनि दिएर त्यसलाई जोडी शब्द उच्चारण गर्न लगाउने, जस्तै : शिक्षकले एक एक ताली बजाएर "मे" र "ला" ध्वनि उच्चारण गर्ने र दुवै ध्वनि जोडेर एकै तालीमा "मेला" शब्द उच्चारण गरेर सुनाउने । यसपछि यस्तै किसिमका ससाना शब्द बन्ने अलग अलग ध्वनि सुनाएर सिङ्गो शब्द उच्चारण गर्न लगाउने ।

- **शब्दलाई ध्वनि र सानो शब्दमा टुक्र्याउने**

शब्दलाई ध्वनि र सानो शब्द मा जोडेर तथा टुक्र्याएर उच्चारण गर्दै शब्दहरू सुनाउने, जस्तै : "भवन" टुक्र्याएर "/भ/ /बन्/" । यसैगरी टुक्र्याउन मिल्ने शब्दहरू सङ्कलन गर्ने, जस्तै : महल, सहर ... । त्यस्ता शब्दहरूलाई कक्षामा उच्चारण गरेर सुनाउँदै त्यसलाई टुक्र्याउन लगाउने । विद्यार्थीलाई कठिनाइ परेका स्थानमा शिक्षकले सहयोग गरिदिने

- **शब्दलाई ध्वनि र सानो शब्द जोड्ने**

शिक्षकले बालबालिकालाई शब्दको उच्चारण , जस्तै : "स" र "हर्" । यसपछि पवन, भवन, गगन जस्ता शब्दको सूची तयार पारी त्यसका आधारमा शब्दोच्चारण गर्न लगाउने ।

(इ) तल दिइए जस्तै गरी शब्दका समान तथा असमान अक्षर संरचना पहिचान गरी उच्चारण गर्ने अभ्यास गराउने, जस्तै :

- एकाक्षरी : घाम, जुन, राम, चार, कार
- द्वयक्षरी : घर, कुवा, पानी, अचार, इनार, अचेत, असल
- तीन अक्षरी : गमला, अक्षता, तराई, पोखरा

(ई) उल्लिखित शब्दहरू जस्तै अन्य शब्दहरू पनि उच्चारण गर्ने र विद्यार्थीहरूलाई आफूँसँगै अनुवाचन गर्न लगाउने । उच्चारणका क्रममा अक्षर संरचनालाई जोड दिँदै उच्चारण अभ्यासबाट अक्षर संरचनाको बोध गराउने, जस्तै :

एकाक्षरी : /घाम्/, /जुन्/, /राम्/, /चार्/, /कार्/

द्वयक्षरी : घर /घ//र/, कुवा /कु//वा/, पानी /पा//नी/, अचार /अ//चार्/, इनार /इ//नार्/, अचेत /अ//चेत्/, असल /अ//सल्/

तीन अक्षरी : गमला /ग//म//ला/, अक्षता /अ//छे//ता/, तराई /त//रा//इ/, पोखरा /पो//ख//रा/

(उ) सङ्कलित शब्द प्रस्तुत गर्न लगाई शब्दहरूमा रहेका ध्वनि जोड्ने र छुट्याउने प्रशस्त अभ्यास गराउने । यी क्रियाकलाप गराउँदा बालबालिकालाई ध्यानपूर्वक अवलोकन गर्न लगाउने । अक्षर ध्वनि जोड्दा हात हल्लाउने, छुट्याउँदा ताली बजाउने वा अन्य कुनै सङ्केत प्रयोग गर्ने, जस्तै :

एकाक्षरी : /घाम्/, /जुन्/, /राम्/, /चार्/, /कार्/

द्वयक्षरी : घर /घ//र/, कुवा /कु//वा/, पानी /पा//नी/, अचार /अ//चार्/, इनार /इ//नार्/, अचेत /अ//चेत्/, असल /अ//सल्/

तीन अक्षरी : गमला /ग//म//ला/, अक्षता /अ//छे//ता/, तराई /त//रा//इ/, पोखरा /पो//ख//रा/

(ऊ) माथिको तरिकाबाट अन्य शब्दहरू छानी अभ्यासलाई निरन्तरता दिने । प्रश्न वा खोजको बाटोमा उल्लेख भएका शब्दहरूलाई आवश्यकतानुसार अक्षर पहिचान गरी ध्वनि जोड्ने र छुट्याउने अभ्यास गराउने ।

जस्तै : आऊ, जाऊ, खाऊ, गाऊ ।

: खाना, गाना, दाना, माना, पाना, छाना, चाना, साना ।

: परेवा, फोहोर, बिरालो, भुनभुन, मोती

: बाघ, बिरालो, बेत, बोली, काका

: नाक, निबुवा, नुन, नौलो, बारी

: कप, काका, किरा, कीट, कुकुर, कूप, केरा, कैलाश, कोट, कौवा, पानी ।

द्रष्टव्य : सबै सग्ला वर्ण र मात्राको सङ्केतीकरण तथा विसङ्केतीकरण गर्ने कार्य पूरा भएकाले शब्द प्रयोगका आधार समावेश नगरिएको ।

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट हाम्रो क्रियाकलापसँग सम्बन्धित विषयक्षेत्रमा आधारित भई प्रसारित सन्देशमूलक भिडियो, बालनृत्य, बालगीत सुन्ने वा हेर्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने

(आ) सञ्चारका लागि विविध साधनको उपयोग गर्ने, जस्तै : श्रव्य : टेलिफोन, रेडियो, क्यासेट..., दृश्य : म्यासेज, चिठी, कार्ड, पोस्टर, .... श्रव्यदृश्य : टेलिफिल्म, टेलिभिजन, कम्प्युटर, ल्यापटप... । सञ्चारका साधनमा लक्ष्य वा रणनीतिक विषयवस्तुको छनोट गरी सन्देश प्रवाहका लागि उत्प्रेरित गर्ने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने

(इ) थोप्ला जोडी निर्धारित वर्णको आकृति निर्माण, सङ्केतन तथा विसङ्केतनको पटक पटक अभ्यास गराउने

(ई) शब्दमा ध्वनि थप्ने र झिक्ने अभ्यास गराउने, जस्तै : रायो शब्दको सुरुमा क, ख, ग, च, ज, ड, भ....

पवन, भवन, जीवन, शब्दबाट प, भ, जी ध्वनिगत वर्ण झिक्ने

## (घ) शब्दभण्डार

(अ) शब्द प्रयोगका आधारमा दिइएका वर्णका उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउने ।

(आ) विभिन्न वर्ण प्रयोग भएका शब्दसहितका अनुच्छेद शुद्धसँग सस्वर पढ्न लगाउने । यस क्रममा शिक्षकले निम्नानुसारका जस्तै शब्दहरू शब्दपत्तीमा देखाएर प्रदर्शन गर्दै 'म गर्छु, हामी गर्छौं र तिमी गर' का क्रियाकलापबाट पठन अभ्यास गराउने,

जस्तै : अनार, अचार, अचेल, अचेत, अनाथ, कलह ।

: आकार, आवाज, आवास, आराम, आरती, सुवास ।

: इनार, इलाम, इनाम, इकार, घर ।

: उपहार, उपचार, उपकार, उपदेश, आमा ।

: ओखर, ओखल, ओदान, ओकार, बुबा ।

: कमल, कलम, करुवा, कछुवा, कचौरा, कविता, मलम ।

: चिउरा, चित्र, चिनी, चिम्टा, चमेरो, परेवा ।

: डर, डमरु, डन्डी, डल्लो, मन ।

: दाजु, दाना, दाउरा, दाद, दानव, दामोदर, किताब ।

: पोखरी, पोखरा, पोथी, पोसाक, पिर्का, रुख ।

: साग, साङ्लो, साथी, सात, साठी, दस ।

उल्लिखित शब्दमध्ये विसङ्केतन नभएका शब्द परेमा विद्यार्थीलाई मौखिक अभ्यास मात्र गराउने ।

(इ) निम्नानुसारका जस्तै तालिकाबाट उदाहरणमा दिइएअनुसार वाक्य बनाउने अभ्यास गराउने (काल, वचन, पुरुष)

| | | |
|---|---|---|
| शिक्षक | | जानुभयो । |
| साथी | चिडियाघर | गयो । |
| दिदी | | जानुभएन । |
| बहिनी | | गइन । |

जस्तै : शिक्षक चिडियाघर जानुभएन ।

(ई) पदक्रम मिलाई वाक्य बनाउने अभ्यास गराउने, जस्तै :

(अ) बस्छु म घरमा ।

(आ) गुँडमा बस्छ चरो ।

(इ) खन्नुहुन्छ बा खेत ।

(उ) तालिकाबाट अक्षरको तथा मात्रासहितका अक्षरहरूको संयोजनबाट शब्द निर्माण गर्न लगाउने, जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| का | खु | से | डा | जा | क | ज |
| हो | ची | नी | ती | ली | ट | प |
| रा | रा | ऋ | ग | ली | ह | कु |
| का | हैं | कि | ला | मो | र | थ |
| दि | ली | खो | भ | टी | ना | प |
| ता | र | सा | प | सा | नी | ध |
| की | री | र | गो | रु | नु | रा |

(ऊ) पाठगत सन्दर्भसँग मिल्ने गरी आफूले तयार पारेर ल्याएका वाक्यपत्ती प्रदर्शन गर्ने र त्यसमा छलफल गराउने । विद्यार्थी यसमा समर्थ देखिएमा नयाँ शब्द दिएर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने । यसरी अभ्यास गराउँदा पाठ्यसामग्री प्रयोग भएका, विद्यार्थीको सन्दर्भ र परिवेशअनुसारका शब्द छनोट गर्ने ।

(ऋ) विभिन्न बालगीत तथा कविताहरू सुनाई ती पाठमा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ छलफल गराउने र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने

(ए) विभिन्न सान्दर्भिक सन्दर्भ सामग्री पढेर सुनाउने र विद्यार्थीले सुनेका नयाँ शब्द भए भन्न लगाउने । विद्यार्थी नयाँ शब्द पहिचान गरेमा त्यसका आधारमा ती शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने ।

(ऐ) शब्द र चित्र, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी शब्दको जोडा मिलाई वाक्य भन्न लगाउने, जस्तै :

चरा - जरा ठाडे - ढाडे गुन - गुण

टप - ठप फल - भल

## (ङ) पठन प्रवाह

(अ) निर्धारित वर्ण (ल, व, श, स, ष, ह, क्ष, त्र, ज्ञ) वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णगत ध्वनि भएका वर्णको ध्वनिविभेद पनि गर्न लगाउने ।

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द तथा लब्ध शब्द प्रयोग गरी निर्माण पाठको गति, यति र शुद्धतासँग अनुपठन, सहपठन र स्वतन्त्र पठन गर्ने अभ्यास गराउने र उक्त पाठ पठन गर्दा सस्वर, युगल जोडी, समूह पठन तथा द्रुत पठन गर्न लगाउने ।

(इ) उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा पठनमा समस्या भएका विद्यार्थीलाई लक्षित गर्दा शिक्षकले नमुना शब्दसूची तयार पारी त्यसका आधारमा शब्द उच्चारण गरी ध्यानपूर्वक सुन्न लगाउने । शब्दहरूको उच्चारणका क्रममा शब्दपत्ती वा शब्दचित्रपत्ती देखाउने । त्यसपछि सूचीमा रहेका शब्दमध्ये शिक्षक आफैँले कुनै शब्द भन्ने, जस्तै :

| आधार | उदाहरण |
|---|---|
| दुई वर्ण प्रयोग भएर बनेका सग्ला शब्द | खन, गन, धन, भन, वन |
| तीन वर्ण प्रयोग भएर बनेका सग्ला शब्द | कलम, मलम, सलल, रबर, फरर |
| दुई वर्ण प्रयोग भएर बनेका तथा आकार मात्रा लागेका शब्द | काका, दाना, चाना, चाचा, दादा |
| तीन वर्ण प्रयोग भएर बनेका तथा सुरुमा इकार लागेका शब्द | किताब, गिलास, हिसाब, शिक्षक |
| शब्दको सुरुमा इकार र अन्त्यमा ईकार लागेका शब्द | ढिकी, सिमी, तिमी, चिठी, टिकी |
| शब्दको सुरुमा उकार लोगका शब्द | मुसो, दुलो, दुबो, ठुलो, कुनो, जुको |
| शब्दको सुरुमा एकार लोगका शब्द | खेत, पेट, भेट, छेक, तेल, हेर |
| शब्दको सुरुमा ऐकार लोगका शब्द | थैली, ऐना, मैना, पैसा, कैला |
| शब्दको सुरुमा ओकार लोगका शब्द | टोपी, गोही, खोला, बोका, ढोका, घोडा |
| शब्दको सुरुमा औकार लोगका शब्द | कौवा, लौका, पौडी, दौड, मौरी |
| शब्दको सुरुमा शिरबिन्दु लागेका शब्द | सिंह, कंस, हंस, वंश, अंश, संसार |
| चन्द्रबिन्दु प्रयोग भएका शब्द | औँला, भँगेरो, काँचो, दिउँसो, उदाउँदो |
| आधार ञकार प्रयोग भएका शब्द | पञ्चम, पञ्चरत्ने, पञ्चैबाजा, सञ्जय, रञ्जना |
| पञ्चम वर्ण प्रयोग भएका वर्ण | नङ, माम, पिङ, गणेश, ज्ञान |
| वर्णक्रम मिलेका शब्द | अनार, आमा, इनार, ईश, उखु, ऊन, एकतारे, ऐना, ओखल, औजार, अंश.... |
| | कुवा, खेल, गाला, घाट, चुचुरो |

यसैगरी शब्दपत्ती देखाउँदै सुधार आवश्यक भएका विद्यार्थी, युगल वा ससाना समूह शब्द पठन गर्न लगाउने ।

उल्लिखित क्रियाकलापलाई विद्यार्थी गरेको अवस्थामा हातको बुढीऔँला तलमाथि गर्ने तथा ताली बजाउने जस्ता क्रियाकलाप पनि गरी विद्यार्थीलाई सक्रिय बनाउने ।

## (च) पठन बोध

(अ) कुनै विसङ्केतन किताब वा सन्दर्भ सामग्री छनोट गरी त्यसबाट सान्दर्भिक पाठ पढेर कक्षामा सुनाउने पाठ सुनाई पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने । यस्ता पाठ छान्दा संस्कृति परक पाठलाई विशेष प्राथमिकता दिने ।

(आ) शिक्षकले विभिन्न सन्दर्भ सामग्रीबाट पाठ छानेर पढी निम्नानुसारका कार्य गराउने :

- शिक्षकले पाठ्यसामग्रीबाट कुनै एउटा पाठ पढी मौखिक रूपमा प्रश्नोत्तर गर्ने गराउने
- शिक्षकले पाठ पढी त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई उत्तर भन्न लगाउने
- शिक्षकले पाठ पढी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्ने । बालबालिकासँग सम्भावित उत्तरका बारेमा छलफल गरी छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई पढ्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई सारांश भन्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई प्रश्न सोध्न लगाउने र विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर दिने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई तथ्यतथ्याङ्कमा आधारित वा सोझै उत्तर दिन सकिने प्रश्नको उत्तर भन्न वा लेख्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक कुरा हो, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले पाठ पढी विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरू का उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।
- पाठका पात्र परिवर्तन गरी अर्को पाठ निर्माण गर्ने अभ्यास गराउने ।

## (छ) लेखाइ

(अ) विसङ्केतन शब्द, लब्ध शब्द तथा वाक्यको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- निर्धारित शब्द पहिचान, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाएर
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई मौखिक तथा लिखित प्रस्तुति गर्न लगाएर
- निर्देशित तथा स्वतन्त्र अभिव्यक्ति गर्न लगाएर
- भाषिक समस्याका बारेमा छलफल र उपयुक्त विकल्प पहिचान गर्न लगाएर
- त्रुटि पहिचान र सुधार गर्ने तथा प्राप्त भाषिक सूचना सङ्कलन तथा प्राथमिकीकरण गर्ने जस्ता अभ्यास गर्न लगाएर

# विषयक्षेत्र : हाम्रो वरपरको संसार

**विषयगत क्षेत्र : हलन्त व्यञ्जन वर्णको पहिचान र प्रयोग (क् देखि ज्ञ्)** पाठ्यघण्टा : १५

## १. एकाइ परिचय

बालबालिकाहरूले आफ्नो वरपरको संसारलाई परिचित विषयक्षेत्रका रूपमा उपयोग गर्ने गर्छन् । यस्ता विषयक्षेत्रमा वनपाखा, पहाड, करेसाबारी, मेलापर्व, साथीभाइ, खेतीपाती, चउर, हात्ती, नदीनाला, हिमाल, तराई, उकालो ओरालो, सर्प, कुकुर, बाघ, मृग, स्याल, स्याउ, माछा, अन्नबाली जस्ता विषयक्षेत्र पर्दछन् । यस्ता विषयक्षेत्रमा आधारित विधागत विषयवस्तुबाट सूचना लिन र दिन, पाठ सुनी आनन्द लिन, विभिन्न सन्दर्भमा सूचना लिँदा वा दिँदा सञ्चारका साधनको प्रयोग गर्न जरुरी हुन्छ । यस्ता सन्दर्भमा विद्यार्थीको भाषिक प्रयोगको आधार सान्दर्भिक र प्रयोगपरक बन्ने देखिन्छ । अतः निर्दिष्ट विषयक्षेत्रमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले शब्दमा प्रयुक्त हलन्त वर्ण पहिचान र प्रयोग, पठित वर्णको वर्णगत ध्वनि पहिचान तथा लेखन, हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति, उमङ्ग, उत्सुकता र आश्चर्य जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल, सार निर्माण, परिवेशगत, पात्रगत वा घटनागत सन्दर्भ परिवर्तन, पाठको पुनर्कथन तथा लेखन, स्वतन्त्र रचनालगायतका कार्य गर्ने छन् ।

## २. भाषिक तत्त्वगत आधारमा सिकाइ उपलब्धिको विस्तृतीकरण

### ध्वनि सचेतीकरण

- शब्दका सुरुका क् देखि क्ष् सम्मका हलन्त वर्ण प्रयोग भएका संयुक्त व्यञ्जन वर्णका ध्वनि पहिचान र उच्चारण गर्न
- विसङ्केतक शब्दमा प्रयुक्त हलन्त/संयुक्त वर्णको ध्वनि पहिचान र उच्चारण

### श्रव्य/दृश्यबोध

- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- उमङ्ग, उत्सुकता र आश्चर्य जस्ता संवेगात्मक अभिव्यक्ति बुझेर प्रतिक्रिया व्यक्त गर्न

### लेख्यवर्ण सचेतीकरण

- हलन्त तथा संयुक्त व्यञ्जन वर्णको उच्चारण र लेख्य सङ्केत पहिचान गरी लेख्न
- अनुनासिकताको उच्चारण र लेख्य सङ्केत पहिचान गरी लेख्न
- लेख्य वर्णको विविधता ख्याल गरी शब्दको सङ्केतन र विसङ्केतन गर्न

### शब्दभण्डार

- आफ्नो परम्परागत मूल्यमान्यताका बारेमा छलफल गर्न
- दैनिक प्रयोगमा आउने, शीर्ष शब्द, लब्ध शब्द तथा विसङ्केतक शब्द अर्थबोधसहित वाक्यमा प्रयोग गर्न

### पठन प्रवाह

- हाउभाउ, गति, यति, लय र शुद्धतासहित पाठ (गीत, कविता) पठन (सस्वर, युगल, समूह र द्रुत) गर्न
- गति, यति र हाउभाउसहित अनुच्छेद (सस्वर र द्रुत) पढ्न

### पठन बोध

- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- पाठको सामान्य साङ्गठनिक ढाँचाको बोध (प्रारम्भ, मध्य र अन्त्य) गर्न
- पाठको सार प्रस्तुत गर्न

### लेखाइ

- वर्ण, शब्द र वाक्यको अनुलेखन तथा श्रुतिलेखन गर्न
- निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित र स्वतन्त्र रचना गर्न

### कार्यमूलक व्याकरण

- लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति दिन
- क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन
- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग अवस्था ख्याल गरी भन्न र लेख्न

## ३. मुख्य विषयवस्तु /दृष्टिकोण

दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द तथा लयबद्ध शब्द प्रयोग गरी आफ्नो वरपरको परिवेश सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन, शब्दमा हलन्त व्यञ्जन वर्ण (क् देखि ज्ञ् सम्म) को पहिचान र प्रयोग, लेख्यचिह्न र क्रियाका कालको प्रयोगको सचेततासहितको अभिव्यक्ति

## ४. सिकाइ वा खोजको मार्ग

हलन्त व्यञ्जन वर्ण

| | |
|---|---|
| • ख्याउटे लङ्गुर | क् देखि ण् |
| • ख्यामको क्यामेरा | क् देखि ण् |
| • ट्याक्टर | क् देखि ण् |
| • डब्बा चढेर | क् देखि ण् |
| • न्याउली र न्याउरी | त् देखि न् |
| • दुम्सी र फ्याउरो | प् देखि म् |
| • चल्ला | य्, र्, ल्, व्, श्, ष्, स्, ह्, क्ष्, त्र् |
| • स्याउ | य्, र्, ल्, व्, श्, ष्, स्, ह्, क्ष्, त्र् |
| • स्यालको बिहे | य्, र्, ल्, व्, श्, ष्, स्, ह्, क्ष्, त्र् |
| • हर्क र आर्या | |

## ५. अपेक्षित व्यवहारकुशल सिपहरू

- प्रयोग सिप (S1.1)
- निर्णय तथा समस्या समाधान (S1.5)
- सञ्चार सिप (S3.1)
- सहकार्य सिप (S3.2)
- दृश्य साक्षरता सिप (S4.3)

## ६. शब्द प्रयोगको आधार

| शीर्ष शब्द | पाठ | विषयवस्तुगत वा प्रासङ्गिक शब्द | दैनिक प्रयोगमा आउने शब्द | विसङ्केतक शब्द (Decodable Word) |
|---|---|---|---|---|
| हाम्रो वरपरको संसार | २८. क् देखि ण् | ख्याउटे लङ्गुर | | खिच्न, अङ्कुर, ख्वाक्कखुक्क, ख्याउटे, डङ्गुर, बच्चाबच्ची, ज्यामी, झ्याल, झ्याप्ले, नाच्छ, चञ्चल, च्याखुरो, झ्याउ, ठ्यौको, ट्याम्के, लट्ठ, डिट्ठा |
| | | ख्यामको क्यामेरा | | क्यामरा, ख्याक, ख्याम, सक्छ, ग्याँस, घ्याङ, अङ्गुर, भक्त, लङ्गुर, ख्यालख्याल, अग्लो, सुँघ्न, शक्ति, डुङ्गा, विघ्न, बच्चो, च्याउ, छ्वाली, ज्यामिर, भ्याल, चञ्चल, छ्याङ्ग, ज्यान, भ्याङ, मञ्च, च्याखुरो, मञ्जन, च्याखुरो, लज्जा, सज्जन, मज्जा, उज्ज्वल, एक्लै, ठुँग्यो, छक्क, |
| | | ट्याक्टर | | गट्टा, बट्टा, लट्टा, भट्टा, ट्वाक्क, ठ्यौको, ट्याक्टर, छुटटी, ढ्वाङ, खण्ड, पढ्न, ड्याङ, चढ्नु, |
| | २९. त् देखि म् | डब्बा चढेर | | रोप्दा, उत्तर, उत्तम, थ्याच्च, कुद्यो, ध्यान, दन्न, अन्न, प्यास, फ्याँ फ्याँ, जब्बर, गब्बर, डब्बा, भ्यान, भ्याइनभ्याई, गम्छा |
| | | न्याउली र न्याउरी | | न्याउली, न्याउरी, ध्यान, बस्थ्यो, टुप्पो, जान्थ्यो, बोलेनन्, कुद्दै, हात्ती, आत्था, थ्याच्च, ध्यान, बुद्ध, न्याउरी, शान्ति, न्याउली, हात्ती, त्यहाँ, च्यात्तचुत्त त्यो, त्यस, झन्डा, ध्वजा,थ्वात्त |
| | | दुम्सी र फ्याउरो | | प्याज, प्यारो, च्याप्प, फ्याउरो, ब्याग, भ्याकुर, म्याउँ, ताप्के, फ्याँक्नु, ब्वाँसो, म्याँम्याँ, कम्प्युटर, दुम्सी, खन्न, झम्टे, भेटेनन् |

| | | | | |
|---|---|---|---|---|
| | ३०. य् देखि त्र् | चल्ला | | चल्ला, डल्ला, हल्ला, ल्वाङ, तल्लो, व्यक्ति, व्यञ्जन, चल्ला, गर्छन्, चुर्चुर्, गर्छन्, भुर्भुर्, गाह्रो, छऱ्यो, विष्णु, बस्छ, श्याम, ह्वेल, लक्ष्मी, त्र्यम्बक्, सैय्या, व्यापारी, व्यञ्जन, ऱ्याल, ऱ्याक, ऱ्याख, पऱ्यो, गऱ्यो |
| | | स्याउ | | नमस्ते, कस्तो, विष्णु, श्याम, नमस्कार, गाईबस्तु, स्याल, स्याउ |
| | | स्यालको बिहे | | स्याल, लक्ष्य, भित्र्याउन, |
| | | हर्क र आर्या | | कर्मा, पिर्का, सर्प, कर्म, बिर्ख, पूर्व, मूर्ख, धर्म, कर्ता, फिर्ता, फर्कोफर्को, खुर्, बार्दली, फुर्ति, घुर्की, गर्दिन, हुर्रे .. |

## ७. क्रियाकलाप

### (क) ध्वनि सचेतीकरण

(अ) हलन्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दहरूको सूची बनाई प्रस्तुत गर्ने, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| क्यामरा | ख्याउटे | ग्याँस | झ्याल | झन्डा |
| सर्प | सोध्यो | फाल्यो | चम्चा | विष्णु |
| मऱ्यो | बल्ल | जङ्गल | अम्बा | ध्वनि |
| अर्को | राज्य | हात्ती | स्याल | गट्टा |
| ड्याङ | टन्न | म्याइँ | जिब्रो | कम्प्युटर |

(आ) सूचीमा भएका शब्दलाई उच्चारणअनुसार टुक्र्याएर देखाउने र उच्चारण गरेर सुनाउने, जस्तै :

| | |
|---|---|
| झन् | डा |
| अर् | को |
| बल् | ल |
| सर् | प |

त्यसपछि हलन्त वर्ण प्रयोग भएका शब्दलाई नमुना उच्चारण गरे जस्तै गरी सँगसँगै गर्न लगाउने । अन्त्यमा विद्यार्थीलाई सामूहिक वा एकल रूपमा उच्चारण गर्न लगाउने । यदि कुनै विद्यार्थीको उच्चारणगत समस्या भए उनीलाई केन्द्रित गरी सुधारात्मक शिक्षण गर्ने । यदि सबै विद्यार्थीले सही उच्चारण गर्न सकेमा यस प्रकारको उच्चारण अभ्यास शब्दका तहमा मात्र नभएर वाक्यका तहमा पनि गराउने ।

(इ) तल दिइए जस्तै गरी हलन्त व्यञ्जन वर्ण वा संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको ध्वनि उच्चारण गर्न लगाउने, जस्तै :

- हलन्त वा संयुक्त व्यञ्जन वर्ण प्रयोग भएको कथा वा सान्दर्भिक पाठ सुनाउने ।
- हलन्त वर्ण प्रयोग भएका शब्दपत्ती, चित्रपत्ती, वाक्यपत्ती र अभ्यास पुस्तिका प्रयोगमा ल्याई सिकाइ सहजीकरण गर्ने । यस्तो अवस्थामा सिकारुले कठिनाइ महसुर गरेका पाइएका पिनह्विल चार्ट निर्माण गरी शब्दको अक्षर संरचनागत उच्चारण गर्न उत्प्रेरित गर्ने ।

- अभ्यास पुस्तिका वा पठन प्रवाहका लागि विकसित पाठहरू पढेर सुनाउने र पाठमा घटना परिवेश पूर्वअनुभव अनुमानका आधारमा क्रिया प्रतिक्रिया गराउने
- हलन्त वा संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दहरूलाई विशेष जोड दिई पटक पटक अभ्यास गराउने, जस्तै : डाक्टर, ट्याक्टर, छक्क आदि ।

(ई) माथिको तरिकाबाट अन्य शब्दहरू छानी अभ्यासलाई निरन्तरता दिने । प्रश्न वा खोजको बाटोमा उल्लेख भएका शब्दहरूलाई आवश्यकतानुसार अक्षर पहिचान गरी ध्वनि जोड्ने र छुट्याउने अभ्यास गराउने ।

जस्तै : प्याज, प्याकेट, च्याप्प, फ्याउरो, ब्याट, ब्याग, अम्बा, शब्द, म्याऊँ, भ्याकुर

## (ख) श्रव्य/दृश्यबोध

(अ) विद्युतीय सञ्चारका साधनबाट प्रसारित सान्दर्भिक सूचना तथा सन्देश सुन्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउने । यस्ता अभ्यास गराउँदा युगल जोडी, सानो समूह वा समूहमा भाषिक समस्याप्रति सचेतनासहित सोच्ने र सोचेका कुराको मौखिक एवम् लिखित प्रस्तुति गर्न लगाउने

(आ) प्रसारित श्रव्यदृश्य सामग्री वा पोस्टर, पत्रपत्रिकाका आधारमा दुःख, हर्ष र चिन्तालगायतका संवेगात्मक प्रस्तुति जनाउने विषयवस्तु कक्षामा प्रदर्शन गर्ने । त्यसको प्रस्तुतीकरण शैली जानकारी तथा अभ्यास गराउने ।

(इ) उल्लिखित सन्दर्भ र विषयवस्तुका आधारमा शिक्षकले हाउभाउ र अभिनयसहितको प्रस्तुतिको नमुना प्रदर्शन गर्ने, त्यसैमा विद्यार्थीसँग सहअभ्यास पनि गर्ने र अन्त्यमा विद्यार्थीलाई स्वतन्त्र प्रस्तुतिका लागि उत्प्रेरित गर्ने ।

## (ग) लेख्यवर्ण सचेतीकरण

(अ) पठित स्वर वर्णका गोटी वा अक्षरपत्तीहरूको सेट छ्यासमिस गरी वितरण गर्ने र मिलाउन लगाउने

(आ) चित्र देखाउँदै चित्रमा तोकिएको वर्णबाट नाम आउने कुन शब्द छ ? भनी सोध्ने र विद्यार्थीलाई पालैपालो यसको यस्ता प्रश्नको उत्तर भन्ने अवसर प्रदान गर्ने

(इ) हलन्त वा संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्द र चित्रको सम्बन्ध गराउन डाक्टर, ट्याक्टर, च्याउ, घ्याम्पो जस्ता शब्द र तिनका चित्रबिच जोडा मिलाउने अभ्यास गराउने

## (घ) शब्दभण्डार

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्ने र कोठेपद बनाई त्यसबाट हलन्त वर्ण प्रयोग भएका शब्द बनाउने अभ्यास गराउने, जस्तै :

| | | | | |
|---|---|---|---|---|
| ग | न्या | च्या | अम् | बा |
| ण्ड | ल | प्प | ग्याँ | च्या |
| की | चो | स्वा | स | उ |
| च | न्यो | ट्ट | ङि | च्च |

(आ) पाठगत सन्दर्भ (मेरो वरपरको संसार) सँग मिल्ने गरी आफूले तयार पारेर ल्याएका वाक्यपत्ती प्रदर्शन गर्ने र त्यसमा छलफल गराउने । विद्यार्थी यसमा समर्थ देखिएमा नयाँ शब्द दिएर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने । यसरी अभ्यास गराउँदा पाठ्यसामग्री प्रयोग भएका, विद्यार्थीको सन्दर्भ र परिवेशअनुसारका शब्द छनोट गर्ने ।

(इ) विभिन्न बालगीत तथा कविताहरू सुनाई ती पाठमा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ छलफल गराउने र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने

(ई) विभिन्न सान्दर्भिक सन्दर्भ सामग्री पढेर सुनाउने र विद्यार्थीले सुनेका नयाँ शब्द भए भन्न लगाउने । विद्यार्थी नयाँ शब्द पहिचान गरेमा त्यसका आधारमा ती शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न लगाउने ।

(उ) शब्द र चित्र, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी शब्दको जोडा मिलाई वाक्य भन्न लगाउने ।

## (ङ) पठन प्रवाह

(अ) सूचना प्रविधिसँग सम्बद्ध शब्दका वर्णपत्ती प्रदर्शन गर्दै नमुना पठन गरी देखाउने । नमुना पठन गर्दा वर्णगत ध्वनि भएका वर्णको ध्वनिविभेद पनि गर्न लगाउने

(आ) वर्ण पठन गर्दा विसङ्केतन शब्द प्रयोग गरी निर्माण गरिएको पाठको गति, यति र शुद्धतासँग अनुपठन, सहपठन र स्वतन्त्र पठन गर्ने अभ्यास गराउने । उल्लिलिखित खालका पठन गर्दा सस्वर, युगल जोडी, समूह पठन तथा द्रुत पठन गर्न लगाउने

(इ) उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा पठनमा समस्या भएका विद्यार्थीलाई लक्षित गर्दा शिक्षकले नमुना कथा वाचन गरी सुनाउने, जस्तै :

> गौरीगाउँमा एउटा छट्टु स्याल थियो । त्यो स्याल बाघ आयो बाघ आयो भनी कराउँथ्यो । सबै गाउँले बाघ धपाउन भनी बलवीरे जङ्गलतिर जान्थे । त्यसै बेला स्याल कुखरा चोर्ने गर्थ्यो । दिनदिनै यसरी कुखुरा हराउन थालेपछि गाउँलेलाई शङ्का हुन थाल्यो । अर्को दिन सबै मिलेर स्याललाई समाते । उनीहरूले स्याललाई पिट्न थाले । स्यालले आहा ! जिउ दुखेको थियो, कति मज्जा भयो भन्यो । गाउँले झनै रिसाए । उनीहरूले स्याललाई बाँधेर ढुङ्गैढुङ्गा भएको चउर घिसारे । उसले जिउ चिलाएकाले कत्ति मजा भयो भन्यो । मलाई दुबो भएको चउरमा चाहिँ नघिसार है भन्यो । गाउँलेले दुबो भएको चउरमा घिसार्दा भने ऐया ऐया भन्दै करायो । गाउँलेले थाकुन्जेल छिसारे । स्याललाई खुबै मज्जा भयो तर उसले दुःखित भए जस्तो देखायो । गाउँलेले स्याललाई भिरबाट लडाउने सल्लाह गरे । यो थाहा पाएर छट्टु स्यालले मलाई बाँधेर फ्याँक है, भकुन्डो जस्तै गुड्न र उफ्रन सजिलो हुन्छ भन्यो । गाउँलेले यसलाई फ्याँक्नुपूर्व फुकाए । यही मौका छोपी छट्टु स्याल भाग्यो ।

## (च) पठन बोध

(अ) कुनै सान्दर्भिक पाठ खोजी कक्षामा सुनाउने पाठ सुनाई पाठगत सन्दर्भका बारेमा छलफल तथा प्रश्नोत्तर गराउने ।

(आ) शिक्षकले विभिन्न सन्दर्भ सामग्रीबाट पाठ छानेर पढी निम्नानुसारका कार्य गराउने :

- शिक्षकले पाठ्यसामग्रीबाट कुनै एउटा पाठ पढी मौखिक रूपमा प्रश्नोत्तर गर्ने गराउने
- शिक्षकले पाठ पढी त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई उत्तर भन्न लगाउने
- शिक्षकले पाठ पढी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्ने । बालबालिकासँग सम्भावित उत्तरका बारेमा छलफल गरी छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई पढ्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई सारांश भन्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई प्रश्न सोध्न लगाउने र विद्यार्थीले सोधेका प्रश्नहरूको उत्तर दिने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई तथ्यतथ्याङ्कमा आधारित वा सोझै उत्तर दिन सकिने प्रश्नको उत्तर भन्न वा लेख्न लगाउने
- शिक्षकले पाठ पढी विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक कुरा हो, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले पाठ पढी विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरूका उत्तर भन्न वा लेख्न लगाउने, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।
- प्रश्नोत्तरकै माध्यमले पठित कथाको पात्र, कार्य, घटना र चरित्र पहिचान तथा वर्णन गर्न र प्राप्त ज्ञानसिपको स्वमूल्याङ्कन गर्न लगाउने । यसका साथै प्रश्नोत्तर तथा छलफलका माध्यमबाट सिकेका कुराको वर्गीकरण र प्राथमिकीकरण गर्ने तथा अनुमान, परिकल्पना र स्वपरीक्षण गर्ने अभ्यास गराउने । अन्त्यमा कथाका पात्र परिवर्तन गरी पुनकर्थन गर्न लगाउने ।

### (छ) लेखाइ

(अ) वाक्य अनुच्छेदको अनुलेखन गराउने

(आ) पठित वर्णको श्रुतिलेखन गर्न लगाउने

(इ) विसङ्केतन पाठको अनुलेखन गर्न लगाउने

## ८. मूल्याङ्कन

- निर्धारित शब्द पहिचान, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाएर
- सिकेका शब्द तथा कार्यमूलक व्याकरणका पक्षलाई मौखिक तथा लिखित प्रस्तुति गर्न लगाएर
- निर्देशित तथा स्वतन्त्र अभिव्यक्ति गर्न लगाएर
- भाषिक समस्याका बारेमा छलफल र उपयुक्त विकल्प पहिचान गर्न लगाएर
- त्रुटि पहिचान र सुधार गर्ने तथा प्राप्त भाषिक सूचना सङ्कलन तथा प्राथमिकीकरण गर्ने जस्ता अभ्यास गर्न लगाएर

# ५. सिकाइ सहजीकरण प्रक्रिया

भाषाका सिपको विकासका लागि भाषिक सिपगत सिकाइ क्षेत्र र पठन तफवको सन्तुलन गर्दै विद्यार्थीको वैयक्तिक क्षमतालाई सम्बोधन गर्ने खालका कक्षा क्रियाकलाप गर्नुपर्छ । विद्यालयभित्र र बाहिरको भाषिक सञ्चारले विद्यार्थीको सिकाइ क्षमता विस्तारित हुने हुँदा सिकाइ सामग्रीका नमुना कार्यकलापलाई आधार बनाई शिक्षकले थप कार्यकलाप गराई विद्यार्थीलाई भाषिक क्षमतामा अभ्यस्त गराउनुपर्छ । यसका लागि भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षण गरिन्छ । सिकाइ सहजीकरण प्रक्रिया व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित, विद्यार्थी केन्द्रित तथा सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । शिक्षकले विद्यार्थीलाई प्रर्याप्त सिकाइ अवसर उपलब्ध गराई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गरी सिकाइमा सहजीकरण गर्नुपर्छ ।

उपयुक्त सिकाइ सहजीकरण गर्दा विद्यार्थीको सिकाइ गति, स्तर र भाषिक अभ्यासमा सहजताका लागि विभिन्न सान्दर्भिक विधिको छनोट तथा उपयोग गर्नुपर्छ । शिक्षकले आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न, विद्यार्थीमा अपेक्षित सिप विकास गर्न र पाठ्य क्रमको सही कार्यान्वयन गर्न निम्नानुसारका सहजीकरण प्रक्रियाहरू पनि उपयोग गर्न सक्छन् :

(क) उदाहरण र प्रयोग : यसअन्तर्गत पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसमा मानक भाषाको प्रयोगमा आधारित भई नमुना प्रस्तुति, विद्यार्थीद्वारा सहअभ्यास, भाषाको स्वतन्त्र तथा सिर्जनशील प्रयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि यसको प्रयोग गर्नुपर्छ । चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

(ख) भाषिक सम्प्रेषण र प्रकार्यको उपयोग  : यस सहजीकरण प्रक्रियालाई भाषिक सम्प्रेषण र प्रकार्य शिक्षणका लागि उपयोग गर्नुपर्छ । घरपरिवार, भ्रमण, खेलकुद, यातायात, चालचलन, अपरिचित परिवेश आदिमा भाषा प्रयोगको क्षमता विकास गर्न यसको प्रयोग गर्नुपर्छ । यस क्रममा विद्यार्थीको परिवेश, पाठगत तथा स्थानीय सन्दर्भ र विद्यार्थीको अनुभवलाई आधार बनाई विद्यार्थी प्रत्यक्ष संलग्न हुन सक्ने गरी भाषिक क्रियाकलाप गराउनुपर्छ । यसका लागि शिक्षकले पूर्ण तथा आंशिक सहयोग गरी दौँतरी सिकाइ र वैयक्तिक सिकाइको अवसर प्रदान गर्नुपर्छ ।

(ग) प्रदर्शनसहितको शिक्षण : यस सहजीकरण प्रक्रियामा विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन, उच्चारणगत शैली अनुकरण, नयाँ शब्दको पहिचान र प्रयोग, विभिन्न सन्दर्भ र परिवेशमा आधारित भई विचार आदानप्रदान तथा प्रस्तुति, विषयवस्तुको वर्णन जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ  ।

(घ) सोधपुछ तथा प्रश्नोत्तर : यस सहजीकरण प्रक्रियामा शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान, कथ्य भाषाको उपयोग, श्रव्यदृश्य सामग्रीको प्रयोग, कुराकानी, छलफल र निष्कर्ष जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यस विधिलाई सुनाइ तथा बोलाइ सिप सिकाइमा प्रयोग गर्नुपर्छ  । यसमा नमुना प्रदर्शन र

सहअभ्यास, तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायतका विषयक्षेत्रमा आधारित प्रश्न र उत्तर निर्माण तथा प्रयोग, व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ङ) अभिनय तथा नाटकीकरण : यस सहजीकरण प्रक्रियामा योजना निर्माण (उद्घोषण, भूमिका अभिनय वा नाटकीकरण), विषयक्षेत्र, शीर्षक, नाटक, पात्र, घटनाको छनोट, व्यक्तिगत वा सामूहिक प्रस्तुति, भाषाशैलीको छनोट तथा उपयोग, छलफल, मूल्याङ्कन र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ ।  यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(च) स्वाध्ययन र छलफल : यसअन्तर्गत सामग्री छनोट, अध्ययन, धारणा वा विचार निर्माण, सन्दर्भगत उपयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई पढाइ, लेखाइ, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसलाई स्वपठन, युगल पठन र समूह पठन गरी छलफल गर्नुपर्छ । यसका क्रममा कथा सुन्ने, भन्ने तथा पात्र, घटना, कार्यको बोध, सार निर्माण, पुनर्कथन, पात्र परिवर्तनबाट नयाँ पाठ निर्माणको अभ्यास गर्ने जस्ता भाषिक क्रियाकलाप गनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(छ) खोज तथा परियोजना : यसअन्तर्गत भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति, खोजकार्य वा तरिकाबारे छलफल, निर्देशित वा स्वतन्त्र रूपमा विद्यार्थीद्वारा खोज, स्थलगत अवलोकन र प्रस्तुति, छलफल र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ज) श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण, जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

भाषा शिक्षणको मूल अभिप्राय भाषिक व्यवहार सिकाउनु हो । सिकाइ क्रियाकलापमा शिक्षक सिकारु अन्तरक्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक समुदाय सहकार्य जस्ता प्रक्रियामा जोड दिनुपर्छ । भाषिक संरचनालाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउनुपर्दछ । व्याकरण, शब्दभण्डार, वर्णविन्यास, लेख्य चिह्न प्रयोगको सिकाइ सहजीकरणलाई रचना र प्रयोगका माध्यमबाट शिक्षण गर्नु उपयुक्त हुन्छ ।

# ६. नेपाली विषयमा प्रयोग हुने केही शैक्षणिक सामग्रीहरूको सूची

| क्र.स. | सामग्री | उपयोगका क्षेत्र |
|---|---|---|
| १ | वर्णपत्ती | • वर्ण चिनारीका क्रममा ध्वनि र सङ्केतको सम्बन्ध गराउन<br>• वर्ण र मात्रा सिकाउन<br>• शब्द बनाउने खेल खेलाउन<br>• लेख्यवर्णको सङ्केतीकरण तथा विसङ्केतीकरण गराउन |
| २ | झ्यालेपत्ती | • व्यञ्जन वर्णमा मात्रा जोड्ने र छुट्याउने अवधारणाका साथ अभ्यास गर्न<br>• वर्ण र ध्वनिको सङ्केत रूप चिनारी गर्न<br>• बारखरी वर्ण परिचय गराउन |
| ३. | चित्रपत्ती, शब्दचित्रपत्ती वा ठोस वस्तु | • चित्रका आधारमा नाम बताउन<br>• नयाँ शब्दको अवधारणा दिन<br>• दोस्रो भाषा भएका सिकारुलाई सहयोग गर्न<br>• शब्द र चित्रको तालमेल कामय गर्न<br>• शब्दभण्डारको वृद्धिका साथै पढिसकेका शब्दहरूको पुनरावृत्तिका क्रममा विभिन्न अभ्यास गराउन<br>• सन्दर्भ र परिवेश बोध, अनुमान जस्ता क्रियाकलाप गराउन |
| ४ | पहिलो स्तरका शब्दपत्तीहरू | • ध्वनि, अक्षर र मात्रा विहीन तीन/चार वर्ण मिलेर बनेका शब्दहरू उच्चारण, चिनारी र लेखन गर्न |
|  | दोस्रो स्तरका शब्दपत्तीहरू | • अक्षर चिनारी भइसकेपछि मात्रा लागेका शब्द पठन, बारखरी मात्र चिनारी, सरल शब्द तथा वाक्य पठन गर्न |
|  | तेस्रो स्तरका पत्तीहरू | • आधा अक्षरको पहिचान र तिनको प्रयोगबाट बन्ने शब्दहरू, अक्षर आधा बनाउने तरिका, जस्तै : अक्षरको केही भाग हटाएर, धर्का हटाएर, हलन्त गरेर, खुट्टा काटेर, र 'र' वर्णका विविध आधा रूप प्रयोग, पढ्ने वा सिकाइ सहजीकरण गर्न |
|  | चौथो र सोभन्दा माथिका पत्ती | • अनुच्छेद, संवाद, स्वतन्त्र पठन, पुस्तकालयका प्रयोग जस्ता क्रियाकलापमा उपयोग गर्न |
| ५ | शब्द र वाक्य पिनह्विल कार्ड | • वर्णहरूलाई जोडेर शब्दको निर्माण गर्न<br>• शब्दहरूलाई जोडेर वाक्यको निर्माण गर्न |

| | | |
|---|---|---|
| ६ | बालगीत चार्ट | • सुनाइ र बोलाइ जस्ता भाषिक सिपको विकास गर्न<br>• गति, यति र लय तथा हाउभाउसहित पढ्ने बानी बसाल्न<br>• ध्वनि सचेतना र शब्दभण्डार वृद्धि गरी मनोरञ्जनपूर्वक गतियुक्त पढाइ गर्न |
| ७ | विसङ्केतन किताब | • पढिसकेका वर्ण तथा मात्रामा आधारित पाठ पढ्न<br>• पठन प्रवाह तथा पठन बोध अभ्यासमा सहयोग गर्न |
| ८ | ठुलो किताब | • नमुना पठन तथा सँगै पढ्ने/सहपठन (Share Reading) गर्न<br>• लय, यति, गति र हाउभाउका साथ पढ्न |
| ९ | बाह्रखरी चार्ट | • वर्ण चिनारी, शब्द निर्माण तथा नेपाली भाषाको क्रमबद्ध वर्ण सिकाइका लागि उपयोग<br>• वर्ण र मात्रा शिक्षणमा सघाउन |
| १० | कथाका किताब | • कथा वाचन, बोध, नमुना पठन, पठन वेगको विकास तथा शब्दज्ञानलगायतका सिप विकास गर्न |
| ११ | पोस्टर | • सूचनामूलक पाठको उपयोग गर्न |
| १२ | अभ्यास पुस्तिका | • शिक्षण सिकाइको क्षेत्र र क्रममा तय गरेअनुरूप हरेक दिन चरणअनुसारका सिकाइ सहजीकरण क्रियाकलापलाई मार्गनिर्देश गर्न |
| १३ | शब्दविहीन चित्रकथा | • विद्यार्थीको प्रवेश व्यवहारको लेखाजोखा गर्न र भाषिक अवस्था पहिचान गर्न |
| १४ | श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्री | • शब्द, सन्दर्भ, परिवेश लगायतका पक्षका आधारमा भाषा र शैलीको बोध तथा उपयोग गर्न |
| १५ | अन्य सामग्री (अक्षर गोटी, गोजितालिका, शब्दार्थपत्ती लगायत) | • भाषिक खेल खेलाउन र सन्दर्भ तथा आवश्यकतानुसार उपयोग गर्न |

# ७. शिक्षणका लागि समय विभाजन (साप्ताहिक)
## कक्षा : १

| क्र.सं. | विषयक्षेत्र/विषयक क्षेत्र | कक्षा १ |
|---|---|---|
| १ | म र मेरो परिवार (Me and my family) | १५ (३ हप्ता) |
| २ | मेरो दैनिक जीवन (My daily life) | ११ (२ हप्ता) |
| ३ | हाम्रो समुदाय (Our community) | १२ (२ हप्ता) |
| ४ | हाम्रो विद्यालय (Our school) | १२ (३ हप्ता) |
| ५ | हाम्रो वातावरण (Our environment) | २0 (४ हप्ता) |
| ६ | मेरो सिर्जना (My creation) | १५ (३ हप्ता) |
| ७ | रुचि र बानी | १५ (३ हप्ता) |
| ८ | हाम्रो संस्कृति (Our culture) | १५ (३ हप्ता) |
| ९ | सञ्चार प्रविधि र बजार (Communication technology and market) | १५ (३ हप्ता) |
| १0 | हाम्रो क्रियाकलाप | १५ (३ हप्ता) |
| ११ | हाम्रो वरपरको संसार (Our immediate world) | १५ (३ हप्ता) |
| | जम्मा | १६0 |